सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२६ साउन २०८२, सोमबार (11 Aug 2025, Monday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १२० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

कैलाली कारागार घटना

४० घण्टापछि बन्दीगृह प्रहरीको नियन्त्रणमा

■ झडपपछि कारागारमा पुगेका कैदीबन्दीका आफन्त





शुक्रबार रातिको घटनापछि कैदीबन्दीहरूको नियन्त्रणमा रहेको कैलाली जिल्ला कारागारमा आइतबार अपराह्नपछि सामान्य अवस्थामा फर्किएको छ।

■ सामान्य बन्दै कारागारको अवस्था

■ तीन दिनपछि कैदीको गणना

धनगढीमा **तेजराज भट्ट**

कैदीबन्दीबिच सांघातिक आक्रमणपछि शुक्रबार रातिदेखि अशान्त बनेको कैलाली जिल्ला कारागारको बन्दीगृहमा आइतबार सुरक्षाकर्मी प्रवेश गरेका छन्।

नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीसँगै कारागारका कर्मचारीले आइतबार दिउँसो बन्दीगृहमा गएर कैदी गणना गरेका हुन्। शुक्रबार राति कैदीबन्दीको एउटा समूहले अर्को समूहमाथि आक्रमण गरेपछि कैदीबन्दीले बन्दीगृहभित्र सुरक्षाकर्मी र कारागारका कर्मचारीलाई प्रवेश निषेध गरेका थिए।

आइतबार दिउँसो कैदीबन्दीको छलफलपछि भित्र जान दिन सहमत भएपछि सुरक्षाकर्मी गएको शनिबार मात्र सरुवा भएर आएका जेलर जलान्धर भुसालले बताए। 'मैले एक्लै कैदीबन्दीसँग छलफल गरेँ, उनीहरूले जथाभावी स्थानान्तरण भयो, स्थानान्तरण गर्दा सोधपुछ हुनुपर्‍यो, भित्रको वातावरण त्रसित भयो भन्ने कुरा गरे,' भुसालले भने, 'आगामी दिनमा यी विषय सुधार गरेर जाने प्रतिबद्धता जनाएपछि उहाँहरू

» पृष्ठ २ मा क्रमशः

■ बाँकेको नौबस्ता क्षेत्रीय कारागारबाट शनिबार मात्र सरुवा भएर आएका जेलर जलान्धर भुसालले भने–

मैले एक्लै कैदीबन्दीसँग छलफल गरेँ, उनीहरूले जथाभावी स्थानान्तरण भयो, स्थानान्तरण गर्दा सोधपुछ हुनुपर्‍यो, भित्रको वातावरण त्रसित भयो भन्ने कुरा गरे। आगामी दिनमा यी विषय सुधार गरेर जाने प्रतिबद्धता जनाएपछि उनीहरू बन्दीगृहभित्र जान दिन सहमत भए।

■ कारागार झडपमा ज्यान गुमाएका भरत चौधरीका आफन्तले शव बुझ्न मानेनन्

■ घाइते २४ वर्षीय कर्ण सलामीमगरलाई थप उपचारका लागि काठमाडौं लगियो

कर्णको बायाँ हात भाँचिएको र हातको नशासमेत चुँडिएको उपचारमा संलग्न सेती प्रादेशिक अस्पतालका एक चिकित्सकले बताए

■ कैदीबन्दीबिच किन भयो झडप ?

(विस्तृत समाचार पृष्ठ २)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ थुनाबाहिरै रहेर मुद्दा लड्न अदालतमा रविको निवेदन

आफ्नो रिहाइ मात्र होइन, पीडितको रकम सुनिश्चित गर्ने कानुनी बाटोको पनि खोजी

■ थुनामुक्त गर्न रविले देखाएका आधार

१ भदौ ०७५ देखि लागू भएको मुलुकी फौजदारी कार्यविधि संहिताले यस विषयमा दुई महत्त्वपूर्ण प्रावधान राखेको छ–

दफा ६८ **गम्भीर प्रकृतिका अपराधबाहेकका अभियुक्तलाई, आरोप प्रमाणित हुने आधार भए पनि, बिगो बराबरको रकम वा जमानत राखेर बाहिर बस्न दिन सकिन्छ।**

दफा ७१ **कुनै अभियुक्त दोषी होइन भन्ने आधार देखिएमा, मुद्दा जुनसुकै अवस्थामा पुगेको भए पनि, अदालतले थुनामुक्त गर्ने आदेश दिन सक्छ।**

दफा ७१ मा प्रयोग गरिएको 'मुद्दाको कारबाही जुनसुकै अवस्थामा' भन्ने स्पष्ट वाक्यांशले प्रारम्भिक, मध्य वा अन्तिम जुनसुकै चरणमा पनि थुनामुक्त गर्न सकिने सम्भावना खोल्छ। विगतमा पनि पुर्पक्षको बिचमै धरौटी वा जमानतमा छाडिएका उदाहरण छन्।

'थप प्रमाण नभएकाले दफा ७१ लागू हुँदैन' भन्ने तर्कबारे रविका वकिलहरूको भनाइ छ– दफा ७१(२) ले 'कसुरदार होइन भन्ने प्रमाणित हुन सक्ने कुनै मनासिब आधार प्राप्त भएमा' भन्ने उल्लेख गरेको छ। र, यो 'थप प्रमाण' मात्र नभई नयाँ परिस्थिति पनि हुन सक्छ।

● **सहकारी ऐन, २०७४ को दफा १३१(क) मा बचत रकम वा हिनामिना भएको रकम फिर्ता गरे मिलापत्र गर्न सकिने र यस्तो मिलापत्र फैसला कार्यान्वयनको चरणमा समेत गर्न सकिने व्यवस्था छ। कानुनविद्हरूको भनाइमा यसको उद्देश्य पीडितको रकम सुरक्षित गर्नु हो, प्रतिशोधस्वरूप कठोर सजाय दिनु होइन। सर्वोच्चको यस्तो नजिर पनि छ।**

कमलराज भट्ट/नयाँ पत्रिका

सहकारीको पदाधिकारी वा कर्मचारी नभए पनि सहकारी ऐनअनुसार चलाइएको मुद्दामा विगत चार महिनादेखि राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति तथा पूर्वगृहमन्त्री रवि लामिछाने पुर्पक्ष (मुद्दाको अन्तिम टुंगो नलाग्दासम्म थुनामा राख्ने प्रक्रिया)अन्तर्गत रूपन्देही जिल्ला कारागारमा छन्।

» पृष्ठ २ मा क्रमशः

■ कानुनविद् भन्छन्- रविलाई थुनामा राख्ने आधार छैन

रवि मात्र होइन, न्याय पनि थुनामा परेको छ



● **विपिन अधिकारी**, संविधानविद्

रवि लामिछानेलाई थुनामा राखेर कारबाही गर्नुपर्ने मुद्दा नै होइन। सहकारीसँग सम्बन्धित पैसाको लेनदेन नितान्त देवानी मुद्दा हो। देवानी मात्र होइन, मिलापत्र पनि हुन सक्ने अवस्था हो। यसबारे सर्वोच्चले पनि भनिरहेकै हो। त्यसैले, रविको मुद्दामा अन्तिम फैसलाअनुसार जे हुन्छ त्यो कारबाही गर्न सकिन्छ, अहिलेदेखि थुनेर राख्नुपर्ने मुद्दा होइन। त्यसैले थुनामा राखेर उहाँको स्वतन्त्रता अवरुद्ध गर्न जरुरी छैन। देवानी प्रकृतिको मुद्दामा कसुरदारलाई कानुनअन्तर्गत जस्तो 'ट्रिटमेन्ट' दिनुपर्छ, त्यो रविले पाएको अवस्था छैन। १२ बाई ३२ को कोठामा, जसमा घाम पनि छिर्दैन, पर्याप्त रूपमा बाहिर निस्किन पनि जान दिइँदैन, त्यसमाथि एकल थुनामा राखिएको छ। त्यस्तै, पत्रपत्रिका पढ्न पनि नपाएको अवस्था छ। यस्तो गर्नका लागि त राज्यद्रोहको मुद्दा लागेको हुनुपर्छ। रविको मुद्दामा मानव अधिकारको सामान्य मान्यताले पनि यस्तो गर्न मिल्दैन।



रविको जस्तो मुद्दामा कतिजनालाई थुनामा राखेर कारबाही भएको छ, अदालतले हेर्नुपर्‍यो। हिजो सर्वोच्चले जुन हस्तक्षेप गर्‍यो, त्यसवेला आधारहरू थिए होलान्। तर, आज त्यस्तो आधार छैन। कसैलाई पनि अनावश्यक दण्ड सजाय गर्न मिल्दैन। कसैको पनि स्वतन्तत्रालाई अवरुद्ध गर्नुहुँदैन। थुनामा नराख्नुपर्ने मुद्दामा थुनेर राखिदिएपछि न्यायमाथि उनको पहुँचको ग्यारेन्टी कसले गर्ने ? दर्जनौं मुद्दा लगाए पनि त्यसको खुलेर प्रतिरोध गर्न सक्ने अवस्था उनलाई हुनुपर्‍यो। अन्तिम न्यायिक निरूपण अदालतले गर्छ, तर उनले प्रतिरक्षा गर्न पाउनुपर्छ।

आफूविरुद्ध मुद्दाको जालो सिर्जना गरिँदै छ भन्ने रविको गुनासो छ। कुनै पनि मुद्दा टुंगो लाग्ने गरी अघि बढेको पनि छैन। उनले थुनामा बसेर न्यायको खोजी गर्नुपर्ने परिस्थिति छ। यस्तो अवस्थामा रविले कसरी अदालतहरूमा आफ्नो प्रतिरक्षा गर्न सक्छन् ? यो न्यायपूर्ण देखिँदैन। अन्तिम निर्णय नहुन्जेल उनी थुनामुक्त हुनु प्रतिरक्षाको अधिकार हो। रविको पार्टी वा उनको राजनीतिसँग सहमत नहुन सकिएला, तर नागरिकका रूपमा उनले पनि न्यायप्रति आश्वस्त हुन पाउनुपर्छ। न्यायको सुनिश्चितता व्यक्तिविशेषका लागि मात्र होइन, हाम्रो न्याय प्रणालीप्रतिको विश्वास, कानुनको शासन र संस्थाहरूको वैधताका लागि पनि हो। न्याय गर्ने-गराउने दायित्व भएकाहरूले रविको मुद्दामा जिम्मेवारी वहन गर्न सकेका छैनन्, जसलाई प्रमाणको मूल्यांकन भनिन्छ। त्यसैले अहिले रवि लामिछाने मात्र होइन, न्याय पनि थुनामा परेको भन्न सकिन्छ।

● **बलराम केसी**, पूर्वन्यायाधीश, सर्वोच्च

रविले २०-२५ दिन कारागारबाहिर हुँदा भाग्ने, प्रमाण नष्ट गर्ने केही गरेको देखिएन। यस्तो अवस्थामा उनको निवेदनले थुनामुक्तको आधार दिन्छ। यी सबै विषय उठाएर उनी अब सर्वोच्च जानुपर्छ। मिसन ८४ को डरले पनि रविमाथि राज्यआतंक भइरहेको छ।

● **रमन श्रेष्ठ**, वरिष्ठ अधिवक्ता

धेरै लामो समयसम्म थुनामा बस्नुपर्ने स्थिति भयो भने पहिल्यै थुनामा राखेको आदेश छ भने पनि छुट्नका लागि निवेदन दिन सकिन्छ। अदालतले पनि आदेश गर्न सक्छ। कानुनमा थुनेको मान्छेलाई छाड्न सकिने प्रावधानहरू छन्।

● **प्राडा गान्धी पण्डित**, वरिष्ठ अधिवक्ता

मेरो कुल बिगो तीन करोड हो, त्यो धरौटीमा राख्छु, बाहिर आउन पाऊँ भनेर रवि लामिछानेले अदालतमा निवेदन दिएका छन्। उनको मुद्दामा मिलापत्र पनि गर्न सकिने अवस्था भएको हुनाले धरौटी राखेपछि त अदालतले तारेखमा छाड्न सक्छ।

● **सुशील पन्त**, वरिष्ठ अधिवक्ता

रविले दिएको निवेदनमा थुनामुक्त हुनका लागि पर्याप्त आधार छ। यसअघि नै अदालतले दिइसकेको अड्डासारको पत्रमा सरकारले 'नो' भन्ने ठाउँ थिएन। तर, त्यसलाई कार्यान्वयन नगर्नु भनेको रविको मुद्दा कानुनी लडाइँभन्दा राजनीतिक लडाइँ बनेको ठुलो प्रमाण हो।

● **दीपेन्द्र झा**, पूर्वमुख्य न्यायाधिवक्ता

फौजदारी संहिताको दफा ७१ मा मुद्दाको जुनसुकै अवस्थामा पनि थुना मुक्त गर्न सक्छ भन्ने प्रावधान छ। 'पहिला थुनछेक भइसकेको भए पनि' भन्ने शब्द प्रयोग गरिएको छ। सहकारीसम्बन्धी ऐनमा जुनसुकै अवस्थामा पनि यो मुद्दा मिलापत्र हुन सक्छ भनेको छ। भनेपछि दुवै प्रावधानलाई एकै ठाउँमा मिसाएर हेर्दा क्लियर हुन्छ।

पुनर्जन्मको डिलमा नेपाली वाम आन्दोलन



अग्रलेख

● दामोदर अर्याल

(पृष्ठ ४)

मुद्दा फर्स्योटमा विशेषको फड्को



०६८/६९ यता कुनै पनि वर्ष मुद्दा फर्स्योट दर ५०% पुग्न नसकेकोमा ०८० मंसिरमा न्यायाधीश टेकनारायण कुँवरले नेतृत्व सम्हालेपछि विशेष अदालतमा मुद्दा फर्स्योटको दरले एकाएक फड्को मार्‍यो। उनी आएकै वर्ष ०८०/८१ मा ८८% मुद्दा फर्स्योट भयो। त्यस्तै ०८१/८२ मा ६१.३२% मुद्दा फर्स्योट भएको विशेष अदालतको तथ्यांक छ।

(विस्तृत पृष्ठ ३)

■ नियमावली संशोधनको प्रयासमा सेबोन

आफूसहित बोर्डका कर्मचारीको तलबभत्ता बढाउने अध्यक्षको योजना

सरकारी लगानी भएका प्रतिष्ठान, बोर्ड, समिति तथा सार्वजनिक संस्थानलगायत निकायका पदाधिकारी र कर्मचारीको पारिश्रमिक तथा सेवा-सुविधामा एकरूपता कायम गर्ने सम्बन्धमा सुझाव दिन गत १२ साउनमा मन्त्रिपरिषद्ले गठन गरेको कार्यदल काम गर्दै, तर अध्यक्ष सन्तोषनारायण श्रेष्ठ भने प्रतिवेदन आउनुअघि नै द्रुत गतिमा नियमावली संशोधन गर्न प्रयासरत

● **सुरेश प्रधान**, पूर्वसचिव



नियामक निकायहरूले कर्मचारीको सेवा-सुविधा बढाउँदा स्रोत व्यवस्थापनको पनि ख्याल गर्नुपर्ने हुन्छ। भविष्यमा कर्मचारीलाई तलबभत्ता खुवाउन नसक्ने परिस्थिति सिर्जना भएमा त्यसको दायित्व सरकारले नै लिनुपर्ने हुन्छ। त्यसैले अर्थ मन्त्रालयले पनि यसमा यत्तिकै स्वीकृति दिइहाल्नु हुँदैन। नियामक निकाय अरू नाफामुखी संस्थानजस्तो फुर्मासी गर्न गठन भएका होइनन्।

■ अर्थ मन्त्रालयका **सहसचिव सेवन्तक पोखरेल** भन्छन्-



मन्त्रिपरिषद् बैठकले यस विषयमा अध्ययन गर्न कार्यदल नै गठन गरेको अवस्थामा नियमावली संशोधनका लागि सहमति दिइहाल्दैनौं।

पवन तिमिल्सिना/नयाँ पत्रिका

नेपाल धितोपत्र बोर्ड (सेबोन)का अध्यक्ष सन्तोषनारायण श्रेष्ठले आफूसहित बोर्डका बहालवालादेखि अवकाशमा जाने कर्मचारीको तलबभत्ता बढाउन नियमावली नै संशोधनको प्रक्रिया अघि बढाएका छन्। जबकि सरकारले राज्यकोषबाट

» पृष्ठ २ मा क्रमशः

■ अध्यक्षको हालको सुविधा र प्रस्तावित व्यवस्था



सेबोन अध्यक्ष श्रेष्ठ

	हाल	प्रस्तावित
पारिश्रमिक (मासिक)	रु. ८९,२४४	बोर्डले तलब र भत्ता मन्त्रिपरिषद्को स्वीकृतिमा बढाउने
भत्ता (मासिक)	रु. ४४,६२२ (तलबको ५०%)	

हाल नियमावलीमै अध्यक्षको सेवा-सुविधाको व्यवस्था छ। जसअनुसार उनलाई तलब र भत्ताबाहेक सञ्चय कोषको सुविधा पनि छ। प्रत्येक महिना औषधि उपचार खर्च, पाँच महिनाको तलबबराबर सावधिक जीवन बिमा, चालकसहितको एउटा गाडी (इन्धन, मोबिलसहित), मोबाइल सेटसहित एक लाइन टेलिफोन, विद्युत् महसुल खर्च र पत्रपत्रिका सुविधा दिइएको छ।

■ योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा जाने सरकारको नीतिविपरीत अवकाश गएपछि पाउने उपदानलाई बढाउने प्रस्ताव

सेवा अवधि	हाल	प्रस्तावित
५-१० वर्ष	प्रत्येक वर्षको अन्तिम एक महिनाको तलबका दरले	प्रत्येक वर्षको अन्तिम डेढ महिनाको तलबका दरले
१०-१५ वर्ष	प्रत्येक वर्षको अन्तिम डेढ महिनाको तलबका दरले	प्रत्येक वर्षको अन्तिम दुई महिनाको तलबका दरले
१५-२० वर्ष	प्रत्येक वर्षको अन्तिम दुई महिनाको तलबका दरले	प्रत्येक वर्षको अन्तिम अढाई महिनाको तलबका दरले
२०-२५ वर्ष	प्रत्येक वर्षको अन्तिम अढाई महिनाको तलबका दरले	प्रत्येक वर्षको अन्तिम तीन महिनाको तलबका दरले
२५ वर्षभन्दा बढी	प्रत्येक वर्षको अन्तिम तीन महिनाको तलबका दरले	प्रत्येक वर्षको अन्तिम साढे तीन महिनाको तलबका दरले



४० घण्टापछि...

पृष्ठ १ बाट क्रमशः

बन्दीगृहभित्र जान दिन सहमत हुनुभयो ।' कारागारभित्र रहेका कैदीबन्दीको अवस्था सामान्य रहेको उनले बताए । यसअघि कैदीबन्दीले बन्दीगृहको मूलगेटमा ग्यास सिलिन्डर राख्दै प्रहरीले जबर्जस्ती भित्र पस्न खोजे ग्यास सिलिन्डरमा आगो लगाएर विस्फोट गरिदिने धम्की दिएका थिए । घटनापछि शनिबार बिहान प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमालसहित सुरक्षा निकायको टोली थुनुवा कक्षमा जान खोजे पनि कैदीबन्दीले भित्र जान दिएनन् । मानव अधिकार आयोगको टोलीलाई समेत कैदीबन्दीले बन्दीगृह प्रवेश गर्न दिएका थिएनन् । कारागार प्रशासनका अनुसार बन्दीगृहको ब्लक 'ए' मा ३९६, 'बी'मा १९८ र ब्लक 'सी'मा ५७ जना कैदीबन्दी छन् । ब्लक 'सी'मा महिला कैदीबन्दी हुन् ।

जिल्ला कारागारको ब्लक 'ए'मा रहेका कैदीबन्दीले ब्लक 'बी'मा रहेका कैदीबन्दीमाथि शुक्रबार राति आक्रमण गर्दा एकजनाको मृत्यु भएको थियो भने ४८ जना घाइते छन् । प्रमुख जिल्ला अधिकारी हमालले कारागारभित्रको अवस्था अहिले सामान्य बनेको बताए । उनले दुई ब्लकबिच कैदीबन्दीले भत्काएको वाल पुनर्निर्माण गर्ने, वालमाथि काँडेतार लगाउने, सिसिक्यामेरा जडान गर्ने तयारी रहेको बताए । 'कारागारबाहिर अस्तिदेखि नै सुरक्षा बढाएका थियौँ, बन्दीगृहमाथि बस्ने सुरक्षाकर्मीको संख्या पनि अहिले बढाएका छौँ', उनले भने, 'कारागारभित्रको अवस्था सामान्य बनिसकेको छ । यस्ता घटनाहरू दोहोरिन नदिन सतर्कता अपनाएका छौँ ।' जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक बालनरसिंह राणाले कारागारको अवस्था सामान्य बनिसकेको बताए ।

कैलाली कारागारमा यसअघि २२ साउनमा पनि कैदीबन्दीबिच झडप हुँदा पाँचजना घाइते भएका थिए । घाइते एकजना अझै उपचाररत छन् । सोही दिनदेखि कारागारमा कैदीबन्दीको गणना हुन सकेको थिएन । कारागारमा हरेक दिन कैदीबन्दीको गणना हुन्छ ।

कारागार झडपमा ज्यान गुमाएका भरत चौधरीको शव बुझ्न मानेनन् आफन्तले

जिल्ला कारागार कैलालीमा शुक्रबार राति भएको घटनामा मारिएका भरत चौधरीको शव आफन्तले बुझ्न मानेका छैनन् । शव सेती प्रादेशिक अस्पतालको शवगृहमा राखिएको छ । कारागारको ब्लक 'ए'मा रहेका कैदीबन्दीले ब्लक 'बी'मा रहेका कैदीबन्दीमाथि आक्रमण गर्दा धनगढी उपमहानगरपालिका-४, का ३६ वर्षीय चौधरीको मृत्यु भएको थियो । घटनामा ४८ जना कैदीबन्दी घाइते भएका छन् ।

मृतकका भाइ विजय चौधरीले आफूहरूले न्याय नपाउँदासम्म शव नउठाउने बताए । उनले कारागारभित्र घटना हुनुमा प्रशासनको गम्भीर सुरक्षा कमजोरी रहेको भन्दै यसबारे छानबिन हुनुपर्ने माग गरे । 'मैले आफ्नो दाइ गुमाएको छु । कारागारभित्रकै मान्छे मारिनुपर्ने अवस्था कसरी आयो यसको छानबिन हुनुपर्छ,' उनले भने, 'कारागारभित्र धारिलो हतियार कहाँबाट गयो, यो योजनाबद्ध हत्या हो, हामीले न्याय पाउनुपर्‍यो, अरु केही चाहिँदैन ।'

पटकपटक झडप हुँदा पनि प्रशासनले सजगता नपनाउँदा घटना भएको आफन्तको भनाइ छ । मृतकका आमा, छोरी, भाइ र बुहारी छन् । मृतकका भाइ विजयले आफूले दाइ गुमाए पनि अरूलाई यस्तो नहोस् भनेर आफूहरूले छानबिनको माग गरेको बताए । 'दाइको १४ वर्षकी छोरी छ, आमा छैन, बुबालाई मारिदिए उसले नागरिकता पनि कसरी बनाउँछ,' चौधरीले भने । उनले घटनापछि लास देखाउनेबाहेक प्रशासनले आफूहरूसँग कुनै छलफल नगरेको बताए । शवको पोस्टमार्टम हुन सकेको छैन । प्रमुख जिल्ला अधिकारी हमालले मृतकका आफन्तसँग छलफल भइरहेको बताए ।

■ कैदीबन्दीबिच किन भयो झडप ?

कारागारमा हरेक आर्थिक वर्षको सुरुमा कैदीबन्दीमध्येबाटै चौकीदार र नाइके चयन हुन्छ । चौकीदारले कैदीबन्दीको नेताको रूपमा आन्तरिक व्यवस्थापनको काम गर्छन् । जिल्ला कारागारमा कैदीबन्दीकै दुई समूह छन् । दुई समूहबिचको विवादका कारण कैलाली कारागारमा चौकीदार चयन हुन सकेको छैन । २३ कात्तिक ०७८ मा कैलालीको टीकापुरमा २३ वर्षीय भूपेन्द्र बडुवाललाई एक समूहले लखेटीलखेटी धारिलो हतियार प्रहार गरी हत्या गर्‍यो । उक्त हत्या काण्डमा नवीन रावलसहित १९ जना पक्राउ परे र अदालतले उनीहरूलाई पुर्पक्षका लागि कारागार चलान गर्‍यो । यो समूहले कैलालीको पूर्वी क्षेत्रमा आपराधिक गतिविधि चलाउँदै आएको थियो ।

कारागार पुगेपछि उनीहरूले पनि भित्रै समूह बनाएर हैकम जमाउन थाले । कारागारमा कैदीबन्दीको आन्तरिक प्रशासन उनीहरूले नियन्त्रण गर्न थाले । कारागारभित्रैबाट उनीहरू बाहिरसमेत गुन्डागर्दी चलाउन थालेपछि समूहको नेतृत्व गर्दै आएका नवीन रावलसहित १४ जनालाई कारागार प्रशासनले गत ३ असारमा दाङ, भैरहवा र बर्दिया कारागारमा स्थानान्तरण गर्‍यो ।

जिल्लाका विभिन्न ठाउँमा भएका आपराधिक घटनामा पक्राउ परी कारागार चलान भएकाहरू पनि यो समूहमा आबद्ध भए । बडुवाल हत्या प्रकरणका थप तीनजनालाई गत साता सरुवा गरिएपछि कैदीबन्दीबिच बिहीबार कुटाकुट भएको थियो । कारागारभित्र बडुवाल हत्याकाण्डकै कपिल श्रेष्ठको छुट्टै समूह थियो । तुलनात्मक रूपमा उनको समूह बलियो भने थिएन । रावल पक्षले आफूहरूलाई पक्राउ गर्न श्रेष्ठले भूमिका खेलेको आरोप लगाएका थिए ।

बडुवाल हत्याका थप तीनजनालाई गत बिहीबार कारागार प्रशासनले थाहै नदिई सरुवा गरेपछि कारागारभित्रै कैदीबन्दीबिच कुटाकुट भएको थियो । पाँचजना घाइते भएका भए । यसअघि कैदीबन्दी सरुवाकै विषयमा गत २८ असारमा नाइके खगेन्द्र बोगटी कुटिएका थिए ।

सुरक्षा स्रोतका अनुसार रावल समूहका अधिकांश कारागारको ब्लक 'ए'मा बस्थे । उनीहरूले ब्लक 'बी' मा पनि बर्चस्व जमाएका थिए । यही समूहमा आबद्ध बडुवाल हत्याकाण्डका दुईजना ब्लक 'बी'मा बस्थे । उनीहरूले ब्लक 'बी' समूहको वर्चस्व कायम राखेका थिए, तर दुवैजनाको गत बिहीबार सरुवा भयो । 'कारागारमा चौकीदार पक्षले हैकम जमाएको हुन्छ । अर्को दबिएर रहेको पक्ष हुन्छ । दुईजनाको सरुवा भएसँगै रावल समूह कमजोर बनेपछि ब्लक 'बी'मा दबिएर रहेका कैदीहरू जुर्मुराउन थाले,' सुरक्षा स्रोतले भन्यो, 'ब्लक 'ए'मा रहेको रावल समूहले ब्लक 'बी'मा आफ्नो वर्चश्व रहन्न कि भनेर शुक्रबार राति सुतेका वेला आक्रमण गरेको हो ।' घाइते सबैजसो ब्लक 'बी'कै कैदीबन्दी छन् ।

रावल र श्रेष्ठ समूहबिचको विवादको टकरावले यस वर्षका लागि कारागारको चौकीदार चयन हुन सकेको छैन । 'चौकीदारको सजाय पनि कटौती हुन्छ, चौकीदारले भनेपछि चित्त नबुझे पनि कैदीबन्दीले मान्नुपर्ने हुन्छ, त्यसैले चौकीदार बन्नका लागि को हुने भन्ने लडाइँ छ,' कारागारका एक अधिकारीले भने, 'कारागारमा वर्चश्व देखाएर कसले नेतृत्व गर्ने भन्ने लडाइँका कारण पटकपटक झडपका घटना भइरहेका हुन् ।' प्रशासनको सिफारिसमा कारागार व्यवस्था विभागले एक वर्षका लागि चौकीदार नियुक्त गर्छ । स्रोतका अनुसार कैदीबन्दीबिचको विवादका कारण अप्रिय अवस्था आउन सक्ने भन्दै प्रशासनले चौकीदार सिफारिस गरेको थिएन ।

कारागार स्रोतका अनुसार आफ्नो समूहका कैदीको सरुवा गरिएको विरोधमा गत २२ साउनमा ब्लक 'ए'का कैदीबन्दीले ब्लक 'बी'का कैदीबन्दीको रासन र ग्यास आफ्नो नियन्त्रणमा राखेका थिए । त्यस दिन बिहान ब्लक 'बी'का कैदीबन्दी भोकै बसे । 'त्यो दिन बेलुकीका लागि ब्लक 'सी'बाट सापटी लिएर १० कट्ठा चामल, दाल, नुन, तेल र दुई सिलिन्डर ग्यास दियौँ,' कारागार स्रोतले भन्यो, 'तरकारी बाहिरबाट मगाइदिएका थियौँ ।' ब्लक 'सी'मा महिला कैदीबन्दी बस्छन् ।

बेलुकी खाना खाइसकेपछि भने कैदीबन्दीबिच झडप भएको थियो । २३ साउनको बिहानैदेखि ब्लक 'बी'का कैदीबन्दी आन्दोलनमा उत्रिएका थिए । विवादका कारण २२ साउनपछि कारागारभित्र कैदीबन्दीको दैनिक हुने गणनासमेत रोकिएको थियो । कैदीबन्दी आन्दोलनमा उत्रिएपछि प्रजिअ हमालसहितको सुरक्षा टोली कारागारभित्र गएर दुवै ब्लकका कैदीबन्दीसँग छलफल गरेको थियो । 'सुरक्षा टोलीसँग दिउँसो मिलेर बस्ने सहमति भएको थियो, तर त्यही राति ब्लक ' ए'का कैदीबन्दीले अर्को ब्लकका कैदीबन्दी सुतेका वेला आक्रमण गरे,' एक सुरक्षा अधिकारीले भने, 'सम्भावित जोखिमको आकलन गर्न नसक्दा ठुलो घटना भयो ।'

आफ्नो रिहाइ मात्र...

पृष्ठ १ बाट क्रमशः

अर्थात् यतिवेलासम्म उनी दोषी हुन् वा होइनन् भन्ने निर्क्योल अदालतले गरिसकेको छैन ।

लामिछानेले हालै रूपन्देही जिल्ला अदालतमा एउटा निवेदन दर्ता गराउँदै थुनाबाहिरै बसेर मुद्दा लड्न पाउने अनुमति मागेका छन् । उक्त निवेदनमा उनले आफू थुनाबाहिर निस्किन मात्रै होइन, सहकारीबाट अपचलन भएको भनी बिगो दाबी गरिएको रकम पछि ठहर भएमा बचतकर्तालाई फिर्ता हुने गरी सुनिश्चित गर्ने कानुनी नयाँ मार्ग पनि सुझाएका छन् । सहकारीसम्बन्धी मुद्दाको उद्देश्य नै बचतकर्ताको रकम फिर्ता गराउने रहेको भन्दै लामिछानेले यस्ता मुद्दामा अभियोग लागेका व्यक्तिलाई थुनामै राखिरहन नपर्ने जिकिरसमेत गरेका छन् ।

निवेदनमा लामिछानेले आफूलाई दाबी गरिएको भनिएको बिगोबराबरको रकमका लागि बैंक जमानत रहने र पछि मुद्दाको किनारा लाग्दाका बखत अदालतबाट ठहर भएबमोजिम हुने उल्लेख गरेका छन् । अर्थात्, मुद्दाको फैसला हुँदा दाबी गरिएअनुरूपको बिगो लामिछानेले तिर्नुपर्ने ठहर भए सोही बैंक जमानतबाट प्राप्त गर्न सकिनेछ, निर्दोष साबित भए उक्त बैंक जमानत फिर्ता हुनेछ । उनले निवेदनमार्फत गरेको यो प्रस्तावलाई सहकारीका पीडित बचतकर्ताको रकम सुनिश्चितताको उच्चतम उपाय पनि भनेका छन् ।

१ भदौ ०७५ देखि लागू भएको मुलुकी फौजदारी कार्यविधि संहिताले यस विषयमा दुई महत्त्वपूर्ण प्रावधान राखेको छ । दफा ६८ मा गम्भीर प्रकृतिका अपराधबाहेकका अभियुक्तलाई, आरोप प्रमाणित हुने आधार भए पनि, बिगोबराबरको रकम वा जमानत राखेर बाहिर बस्न दिन सकिने प्रावधान राखिएको छ । त्यस्तै, दफा ७१ मा कुनै अभियुक्त दोषी होइन भन्ने आधार देखिएमा, मुद्दा जुनसुकै अवस्थामा पुगेको भए पनि अदालतले थुनामुक्त गर्ने आदेश दिन सक्ने भनिएको छ ।

दफा ७१ मा प्रयोग गरिएको 'मुद्दाको कारबाही जुनसुकै अवस्थामा' भन्ने स्पष्ट वाक्यांशले प्रारम्भिक, मध्य वा अन्तिम जुनसुकै चरणमा पनि थुनामुक्त गर्न सकिने सम्भावना खोल्छ । विगतमा अदालतले पुर्पक्षको बिचमै धरौटी वा जमानतमा छोडेका उदाहरणहरू पनि छन् ।

'थप प्रमाण नभएकाले दफा ७१ लागू हुँदैन' भन्ने तर्कबारे लामिछाने पक्षका वकिलहरूको भनाइ छ– दफा ७१(२) ले 'कसुरदार होइन भन्ने प्रमाणित हुन सक्ने कुनै मनासिब आधार प्राप्त भएमा' भन्ने उल्लेख गरेको छ, र यो 'थप प्रमाण' मात्र नभई नयाँ परिस्थिति पनि हुन सक्छ । पहिले अदालतले तोकेको धरौटी मात्र बुझाइएको थियो, तर अहिले बिगो रकमबराबरको बैंक जमानत धरौटीस्वरूप बुझाउनु आफैँमा नयाँ परिस्थिति हो, जसले पीडितको क्षतिपूर्ति सुनिश्चित गर्छ, पुनः अपराधको सम्भावना घटाउँछ र साक्ष्यमा असर गर्ने जोखिम न्यून बनाउँछ ।

'बिगोबराबरको बैंक जमानत धरौटीस्वरूप बुझाउनु दोष स्वीकार हो' भन्ने आरोपलाई लामिछाने पक्षले अस्वीकार गरेको छ । उनीहरूका अनुसार बिगोबराबरको रकम बैंक जमानत धरौटीस्वरूप बुझाउनु दोष स्वीकार गर्नु होइन, यो पीडितको क्षति तत्काल पूर्तिको ग्यारेन्टी गर्न र कानुनी प्रक्रिया सहज बनाउन गरिएको कदम हो । सर्वोच्च अदालतकै केही अघिल्ला फैसलामा बिगो बुझाउनु स्वतः दोष स्वीकार होइन भनेर स्पष्ट व्याख्या भइसकेको उनीहरूको दाबी छ ।

लामिछाने पक्षले उच्च र सर्वोच्च अदालतको अघिल्लो आदेश अहिलेको नयाँ परिस्थितिमा बाधा नबन्ने तर्क गरेको छ । 'अघिल्लो आदेश त्यतिवेलाको तथ्यमा आधारित थियो, अहिलेको नयाँ तथ्यका आधारमा जिल्ला अदालतले पुनः विचार गर्न सक्छ,' उनीहरूको भनाइ छ ।

सहकारी ऐन, २०७४ को दफा १३१(क) मा बचत रकम वा हिनामिना भएको रकम फिर्ता गरे मिलापत्र गर्न सकिने र यस्तो मिलापत्र अदालतको फैसला कार्यान्वयनको चरणमा समेत गर्न सकिने व्यवस्था छ । यसले कैद, जरिवाना र बिगो स्वतः कट्टा हुने बाटोसमेत खुला गर्छ । कानुनविज्ञहरूको भनाइमा यसको उद्देश्य पीडितको रकम सुरक्षित गर्नु हो, प्रतिशोधस्वरूप कठोर सजाय दिनु होइन । सर्वोच्च अदालतको अघिल्ला नजिरले पनि सहकारी ठगीसम्बन्धी फौजदारी मुद्दामा मेलमिलाप सम्भव हुने देखाइसकेको छ ।

लामिछाने पक्षको दाबी छ- उनी कुनै सहकारीका सञ्चालक, सेयरधनी, बचतकर्ता वा निर्णयात्मक भूमिकामा रहेनन्, सहकारीको रकम उपभोग गरेनन् र सहकारीका पीडितहरू उनीसँग प्रत्यक्ष पीडित छैनन् । यस्तो अवस्थामा थुनामा राख्ने औचित्य देखाउन अभियोजन पक्षसँग प्रत्यक्ष प्रमाण छैन । 'जसको केसमा न प्रत्यक्ष प्रमाण छ, न पुनः अपराधको खतरा, त्यस्तो व्यक्तिलाई लामो समय थुनामा राख्नु न्यायको सिद्धान्तसँग मेल खाँदैन,' उनका वकिलहरूको भनाइ छ ।

संगठित अपराधको आरोपबारे उनीहरूको तर्क छ– केवल चिनेजानेका केही व्यक्ति एउटै प्रकरणमा संलग्न देखिनु मात्र संगठित अपराधको कानुनी परिभाषामा पर्न पर्याप्त आधार होइन । यस केसमा आपराधिक संरचना, साझा उद्देश्यका लागि समन्वय, हिंसा वा मुनाफा बाँडफाँटको प्रमाण छैन ।

नयाँ कानुनले 'खुला कारागार'को समेत अवधारणा ल्याउँदै आर्थिक अपराधमा थुना होइन, क्षतिपूर्तिलाई प्रमुख मानेको वेला लामिछानेजस्ता आरोपितलाई मुद्दाको टुंगोसमेत नलागी निरन्तर कारागारमा राख्नु कानुनी मर्मविपरीत भएको तर्क कानुनी वृत्तमै उठ्न थालेको छ ।

रविलाई थुनामा राख्ने आधार छैन : कानुनविद्

बुटवलको सुप्रिम सहकारीको रकम हिनामिनामा प्रतिवादी बनाइएका पूर्वउपप्रधानमन्त्री तथा गृहमन्त्री एवं रास्वपा सभापति रवि लामिछाने चार महिना (२२ चैत) देखि पुर्पक्षका लागि रुपन्देही कारागारमा थुनामा छन् । जिल्ला अदालतले लामिछानेको मन्जुरी भए काठमाडौं उपत्यकाका कारागारमा स्थानान्तरण गर्न दुई महिना (१६ जेठ) अघि नै दिएको अनुमतिलाई पनि लत्याउँदै गृहमन्त्री रमेश लेखकको दबाबमा रुपन्देही कारागारमै राखिएको छ । पछिल्लोपटक १३ साउनमा उनले सहकारी हिनामिना रकमको आफ्नो भागको बिगो बुझाएर रिहाइ गरियोस् भनी बैंक जमानतसहित जिल्ला अदालतमा निवेदन दिएका छन् । योबिचमा विभिन्न दलका सांसददेखि पूर्वप्रधानमन्त्रीसम्मले भेटेपछि कारागारमा लामिछानेमाथि राज्यले मानव अधिकारका न्यूनतम मापदण्ड पनि पालना नगरेको सार्वजनिक भएसँगै सार्वजनिक मुद्दा बनेको छ ।

पूर्वमहान्यायाधिवक्ता रमन श्रेष्ठ लामिछानेको मुद्दा आर्थिक अपराधसम्बन्धी भएकाले मिलापत्र हुन सक्ने र थुनाबाहिरै राखेर मुद्दा लड्न पाउनुपर्ने भए पनि सरकारका कारण प्रभावित बनेको बताउँछन् । 'ठगीको केस भएकाले रविको मुद्दा आर्थिक अपराधसम्बन्धी सरकारवादी मुद्दा हो । यस्तो मुद्दामा मिलापत्र हुन सक्छ । तीन वर्षभन्दा बढी कैद सजाय हुनेमा थुन्न सकिने व्यवस्था त छ, तर आर्थिक अपराधमा थुनिँदैन । १०-१२ वर्ष कैद हुने भ्रष्टाचारको मुद्दामा त धरौटीमा छोड्या छ । त्यसैले, रविको मुद्दामा सरकारमाथि शंका गर्ने र प्रश्न उठ्ने ठाउँहरू प्रशस्त छन् । यो सबै सरकारको हस्तक्षेपको परिणाम हो,' उनले भने, 'सबै ठाउँमा सरकारको इन्फ्लुएन्स (प्रभाव) छ । न्यायालयमा पनि छ । दलको भागबन्डामा बनेका न्यायाधीशहरू छन् । त्यसको असर रविजीलाई पनि परेको छ ।'

सहकारी ठगीसम्बन्धी फौजदारी कसुरमा मेलमिलाप हुन सक्छ भन्ने सर्वोच्च अदालतकै स्थापित नजिर छ । सहकारी ऐनले पनि मिलापत्रलाई स्पष्ट प्राथमिकतामा राखेको छ । सहकारी ऐन, २०७४ को दफा १३१(क)मा 'बचतकर्ताको बचत रकम भुक्तानी दिन नसकेको वा बचत रकम हिनामिना गरिएको वा सहकारी ठगी गरिएको भनी दफा १३० बमोजिम मुद्दा दायर भई अदालतमा विचाराधीन रहेको मुद्दा वा प्रचलित कानुनबमोजिम मिलापत्र गर्न सकिने अन्य फौजदारी मुद्दामा सदस्यको बचत रकम वा हिनामिना भएको बचत रकम फिर्ता गरिएकाले मिलापत्र गराइपाऊँ भनी निवेदन दिएमा मिलापत्र हुन सक्नेछ,' भन्ने व्यवस्था गरिएको छ । सोही दफाको उपदफा (३) मा लेखिएको छ, 'त्यस्तो मिलापत्र फैसला कार्यान्वयनको चरणमा समेत गर्न सकिने र त्यस्तै गरी मिलापत्र भएको खण्डमा प्रतिवादीलाई लागेको दण्ड, जरिवाना र बिगो तिर्नु, बुझाउनुपर्ने तथा कैद भइसकेको खण्डमा कैदको लगतसमेत कट्टा हुनेछ ।'

ऐनले नै बचतकर्ताको रकम सुनिश्चिततालाई प्राथमिकतामा राखे पनि सरकारले पीडितको रकम फिर्ताभन्दा अभियुक्तलाई थुन्ने उद्देश्य राखेको देखिन्छ । यसमा राजनीतिक प्रतिशोधले काम गरेको श्रेष्ठ बताउँछन् । रविले रिहाइका लागि दिएको निवेदनका आधारमा पनि अदालतले छाड्न सक्ने उनको भनाइ छ । 'धेरै लामो समयसम्म थुनामा बस्नुपर्ने स्थिति भयो भने पहिल्यै थुनामा राखेको आदेश छ भने पनि छुट्नका लागि निवेदन दिन सकिन्छ । अदालतले पनि आदेश गर्न सक्छ । कानुनमा थुनेको मान्छेलाई छाड्न सकिने प्रावधानहरू छन्,' उनले भने ।

संविधानविद् विपिन अधिकारी पनि लामिछानेलाई थुनामा राख्नुपर्ने कुनै आधार नरहेको बताउँछन् । 'रविलाई थुनामा राखेर कारबाही गर्नुपर्ने मुद्दा नै होइन । सहकारीसँग सम्बन्धित पैसाको लेनदेन नितान्त देवानी मुद्दा हो । देवानी मात्र होइन, मिलापत्र पनि हुन सक्ने अवस्था हो । यसबारे सर्वोच्च अदालतले पनि भनिरहेकै हो,' उनले भने, 'त्यसैले, रविको मुद्दामा अन्तिम फैसलाअनुसार जे हुन्छ त्यो कारबाही गर्न सकिन्छ, अहिलेदेखि थुनेर राख्नुपर्ने केस होइन । एकदमै स्पष्ट भएकाले थुनामा राखेर उहाँको स्वतन्त्रता अवरुद्ध गर्न जरुरी छैन ।'

कारागारमा लामिछानेलाई भटेपछि सांसददेखि पूर्वप्रधानमन्त्रीसम्मले हावा र घाम नछिर्ने गरी अँध्यारो कोठामा राखिएको, पर्याप्त रूपमा खुला ठाउँमा निस्किन नदिएको, पत्रपत्रिका अध्ययन गर्नबाट वञ्चित गरेकोजस्ता सूचना सार्वजनिक गरिसकेका छन् । लामिछानेको न्यूनतम मानव अधिकार पनि हनन गरिएको भन्दै उनीहरूले सार्वजनिक रूपमै सरकारको आलोचना गरेका छन् । संविधानविद् अधिकारी पनि रविको केसमा मानव अधिकारको सामान्य मान्यता पनि पालना नभएको बताउँछन् । 'देवानी प्रकृतिको मुद्दामा कसुरदारलाई कानुनअन्तर्गतजस्तो ट्रिटमेन्ट दिनुपर्छ, त्यो रविले पाएको अवस्था छैन । १२ बाई ३२ कोठामा, जसमा घाम पनि छिर्दैन, पर्याप्त रूपमा बाहिर निस्किन पनि जान दिइँदैन, त्यसमाथि एकल थुनामा राखिएको छ । त्यस्तै, पत्रपत्रिका पढ्न पनि नपाएको अवस्था छ । यस्तो गर्नका लागि त राज्यद्रोहको मुद्दा लागेको हुनुपर्छ,' उनले भने, 'रविको केसमा मानव अधिकारको सामान्य मान्यताले पनि यस्तो कारबाही गर्न मिल्दैन । अहिले सामान्य अवस्थामा राखेर अदालतको सजाय पर्खिने हो ।'

थुनेर राख्नुपर्ने केसमा थुनेर राखिदिएपछि न्यायमाथि रविको पहुँचको ग्यारेन्टी कसले गर्ने ? भन्ने गम्भीर प्रश्न पनि अधिकारीले उठाएका छन् । 'रविको जस्तो केसमा कतिजनालाई थुनामा राखेर कारबाही भएको छ, अदालतले हेर्नुपर्‍यो । हिजो सर्वोच्चले जुन हस्तक्षेप गर्‍यो, त्यसवेलाका आधारहरू थिए होलान् । तर, आज त्यस्तो आधार छैन । कसैलाई पनि अनावश्यक दण्ड सजाय गर्न मिल्दैन । कसैको पनि स्वतन्त्रतालाई अवरुद्ध गर्नुहुँदैन,' उनले अगाडि भने, 'थुनेर राख्नुनपर्ने केसमा थुनेर राखिदिएपछि न्यायमाथि उहाँको पहुँचको ग्यारेन्टी कसले गर्ने ? दर्जनौँ केस लगाए पनि त्यसको खुलेर प्रतिरोध गर्न सक्ने अवस्था उहाँलाई हुनुपर्‍यो । अन्तिम न्यायिक निरूपण अदालतले गर्छ, तर उहाँले प्रतिरक्षा गर्न पाउनुपर्छ । काठमाडौंबाट वकिल ल्याएर कति दिन थाम्नुहुन्छ ?'

कारागारमा लामिछानेले सामान्य मानव अधिकार पनि प्राप्त नगरेको विषयमा सर्वोच्च अदालतका पूर्वन्यायाधीश बलराम केसीले साइबेरियाको कन्सन्ट्रेसन क्याम्प र नेपालकै राणा शासनको उदाहरण दिँदै गणतान्त्रिक राज्यमाथि प्रश्न उठाएका छन् । मानव अधिकार उल्लंघन भयो भनेर न्यायका लागि राष्ट्रसंघमा जान उनको सुझाव छ । 'संयुक्त सोभियत संघ हुँदा सरकारविरोधीलाई साइबेरियाको कन्सन्ट्रेसन क्याम्पमा थुन्ने गरिन्थ्यो । हाम्रेमा राणा शासनमा गोल घरमा राखिन्थ्यो । अहिले रविको हकमा त्यस्तै व्यवहार भइरहेको छ । संयुक्त राष्ट्रसंघले नै कैदीबन्दीको मानव अधिकारबारे स्पष्ट भनेको छ- बन्दीलाई एक्लो कोठामा एक्लै छाड्न पाइँदैन, पत्रिका र सूचनाबाट बन्देज गर्न पाइँदैन । तर, अरू कैदीबन्दी र रविमा भेदभाव गरिएको छ,' उनले भने, 'हाम्रो राष्ट्रिय मानव अधिकार आयोगको पनि भर नपर्‍यौं, केही कामै गर्न सकेको छैन । त्यसैले, रास्वपाका मान्छेहरू संयुक्त राष्ट्रसंघको अफिसमा गएर मानव अधिकार उल्लंघन भयो भनेर कम्प्लेन (गुनासो) गर्नुपर्छ ।'

पूर्वन्यायाधीश केसीले अड्डासार नगरेर मानसिक यातना दिएको पनि बताए । लामिछानेले १४ जेठमै स्थानान्तरणको अनुमति पाऊँ भनेर कारागारमा निवेदन दिएका थिए । उक्त निवेदन कारागारले जिल्ला अदालत रूपन्देहीमा पठाएको थियो । १६ जेठमा न्यायाधीश अशोककुमार बस्नेतको इजलासले लामिछानेको मन्जुरी भएमा उनलाई काठमाडौं उपत्यकाका कारागारमा स्थानान्तरण गर्न अनुमति प्रदान गरेको थियो । तर, अदालतको अनुमति उल्लंघन गर्दै गृहमन्त्री लेखकको दबाबमा कारागार विभागले लामिछानेलाई स्थानान्तरण गरेको छैन ।

'अड्डासार नगरेर मानसिक यातना दिइएको छ । कानुन व्यवसायीसँग परामर्श गर्न समस्या भएको छ । मुद्दाको तयारी गर्न समस्या भएको छ । रवि २०-२५ दिन कारागारबाहिर हुँदा भाग्ने, प्रमाण नष्ट गर्ने केही गरेनन् । यस्तो अवस्थामा दिइएको निवेदनले थुनामुक्तको आधार दिन्छ । यी सबै विषय उठाएर रवि अब सर्वोच्च जानुपर्छ । मिसन ८४ को डरले पनि रविमाथि राज्यआतंक भइरहेको छ,' केसीले भने ।

लामिछानेले सुप्रिम सहकारीबाट आफूले कुनै रकम नलिएको तथा सहकारीको सञ्चालक, सेयरधनी, बचतकर्ता, कर्मचारी वा निर्णायक भूमिकामा पनि नरहेको दाबी गर्दै आएका छन् । संसदीय छानबिन समितिले पनि सहकारीको रकम अपचलनमा उनको संलग्नता नभेटिएको बताइसकेको छ । उक्त सहकारीबाट गोर्खा मिडियामा रकम आएको र उक्त रकम परिचालनमा उक्त मिडियाको प्रबन्ध निर्देशकको हैसियतमा लामिछाने पनि जिम्मेवार हुनुपर्ने संसदीय समितिको ठहर छ । तर, लामिछानेलाई गोर्खा मिडियाको आर्थिक हिसाबकितामा आधारित भएर भन्दा पनि सरकारले सहकारी ठगीमै प्रतिवादी बनाएको छ ।

वरिष्ठ अधिवक्ता सुशील पन्त पनि रवि थुनामुक्त हुने आधार देखाउँछन् । 'रवि थुनामुक्त हुने आधार छन् । सरकारीमा उनको न खाता छ, न खाता खुलेको छ, न खातामा पैसा आएको छ, केवल सही गरेर पैसा बुझेको छ । उनको नाममा कसैले खाता खोलिदियो, त्यो खातामा त्यो नामबाट कसैले निवेदन दियो, निवेदनले लोन अप्रुभ गर्‍यो । त्यो लोन अप्रुभ गरेर पैसा कतै पठायो भन्ने कुराबाट मान्छे जिम्मेवार हुन्छ भने नेपालमा तीन करोड नेपाली नै निर्दोष रहँदैनन् । उनको हस्ताक्षर छैन, उनलाई जानकारी छैन, केही पनि छैन, तर उनको नाममा ऋण खडा गरेको देखिन आउँछ । घरमा बसिरहेको तपाईंको नाममा सहकारीले लोन खडा गरिदिए के हुन्छ ?' उनले प्रश्न गरे ।

यसकारण रविको तर्फबाट थुनामुक्तिका लागि हालै दिएको निवेदन पर्याप्त भएको अधिवक्ता पन्तको बुझाइ छ । 'रविको तर्फबाट हालै जुन निवेदन दिएको भनेको छ, थुनामुक्त हुनका लागि पर्याप्त आधार भयो । यसअघि नै अदालतले दिइसकेको अड्डासारको पत्रमा सरकारले 'नो' भन्ने ठाउँ छैन । तर, त्यसलाई कार्यान्वयन नगर्नु भनेको रविको मुद्दा कानुनी लडाइँभन्दा राजनीतिक लडाइँ बनेको ठुलो प्रमाण हो । कारागारमा न्यूनतम मानव अधिकार नहुनु राजनीतिक प्रतिशोध हो । सांसददेखि पूर्वप्रधानमन्त्रीसम्मले रविलाई भेटेपछि अमानवीय भयो भनिरहँदा सरकारले नसुन्नु प्रतिशोध पुष्टि गर्ने थप आधार हो,' उनले भने ।

अर्का वरिष्ठ अधिवक्ता शम्भु थापा व्यावसायिकताको हिसाबले यस विषयमा बोल्न नमिल्ने बताउँछन् । उनी अर्को प्रतिवादी छविलाल जोशीका वकिल हुन् । 'म छवि (छविलाल जोशी)को वकिल हो । आइरहेका कुरा वाच गरिरहेको छु । व्यावसायिकताले बोल्न मिल्दैन,' उनले भने ।

आफूसहित बोर्डका...

पृष्ठ १ बाट क्रमशः

लगानी भएका प्रतिष्ठान, बोर्ड, समिति तथा सार्वजनिक संस्थानलगायत निकायका पदाधिकारी र कर्मचारीको पारिश्रमिक तथा सेवा-सुविधामा एकरूपता कायम गर्ने सम्बन्धमा सुझावसहितको प्रतिवेदन तयार गर्न दुई साताअघि मात्रै समिति गठन गरेको छ । अध्यक्ष श्रेष्ठ भने समितिको प्रतिवेदन आउनुअघि नै नेपाल धितोपत्र कर्मचारी सेवा सर्त नियमावली द्रुत गतिमा संशोधन गर्न प्रयासरत छन् ।

बोर्डले नियमावली संशोधनका लागि मस्यौदा अर्थ मन्त्रालयमा पठाइसकेको छ । जसमा, बोर्ड अध्यक्ष श्रेष्ठले आफ्नो तलबभत्ता आफैँ बढाउन मिल्ने व्यवस्था प्रस्ताव गरिएको छ । अध्यक्षले पाउने मासिक पारिश्रमिक, भत्ता र अन्य सुविधा मन्त्रिपरिषद्को स्वीकृतिमा बोर्डले निर्धारण गर्ने उल्लेख छ । 'अध्यक्षले पाउने मासिक पारिश्रमिक भत्ता तथा अन्य सुविधा नेपाल सरकारको स्वीकृतिमा बोर्डले निर्धारण गरे बमोजिम हुनेछ,' मस्यौदाको नियम १४७ मा भनिएको छ ।

अहिलेको नियमावलीमा बोर्ड अध्यक्षको मासिक तलब ८९ हजार २४४ रुपैयाँ छ । त्यस्तै, कार्यकारी भत्ताबापत तलबको ५० प्रतिशत पाउने व्यवस्था छ । जसअनुसार अध्यक्षको तलबभत्ता मासिक एक लाख ३३ हजार ८६६ रुपैयाँ हुन्छ ।

त्यस्तै, अध्यक्षलाई अरू कर्मचारीसरहको सञ्चय कोषको सुविधा छ । प्रत्येक महिना औषधि उपचार खर्च, पाँच महिनाको तलबबराबर सावधिक जीवन बिमा, चालकसहित गाडी (इन्धन, मोबिलसहित), मोबाइल सेटसहित एक लाइन टेलिफोन र विद्युत् महसुल खर्च र पत्रपत्रिका सुविधा दिइएको छ । धितोपत्रसम्बन्धी अनुमति तथा नवीकरण मात्रै प्रमुख आयस्रोत रहेको बोर्ड

मुद्दा फर्स्योटमा विशेषको फड्को

०८०/८१ मा ५७५ मुद्दामध्ये ५०६ मा फैसला, ०८१/८२ मा २१२ मध्ये १३० मुद्दाको किनारा

शिल्पा कर्ण/नयाँ पत्रिका

पछिल्लो केही समययता विशेष अदालतले मुद्दा फर्स्योटमा फड्को मारेको छ। एकै आर्थिक वर्षमा ८८ प्रतिशतसम्म मुद्दाको किनारा लाग्ने गरेको छ। आव ०८०/८१ मा कुल ५७५ मुद्दा विचाराधीन रहेकोमा ५०६ मुद्दामा फैसला भएको थियो। यसरी फर्स्योट दर ८८ प्रतिशत हुन आउँछ। आव ०८१/८२ मा २१२ थान मुद्दा रहेकोमा ६१.३२ प्रतिशत किनारा लागेका छन्, अर्थात् १३० मुद्दामा फैसला भएको छ। झट्ट हेर्दा केही घटेको देखिए पनि वर्षान्तको अन्तिम महिनामा धेरै मुद्दा दर्ता भएकाले यस्तो देखिएको अदालतले जनाएको छ।

चैतदेखि असारसम्म चार महिनामा मात्र विशेषमा ८० वटा मुद्दा दायर भएका छन्। जुन गत आवमा दर्ता भएका कुल मुद्दाको लगभग ५६ प्रतिशत हुन आउँछ। विशेषमा गत आवमा १४३ मुद्दा दर्ता भएको थियो। यसैकारण फर्स्योट दर घटेजस्तो देखिएको विशेषका सूचना अधिकारी यज्ञराज रेग्मीको भनाइ छ। विशेषको अभिलेख हेर्दा पछिल्ला वर्षमा औसतमा फर्स्योट दर ५० प्रतिशत पनि थिएन। तर दुई आर्थिक वर्षमा राम्रो संख्यामा मुद्दा किनारा लागेका छन्।

विशेष अदालत बार एसोसिएसनका अध्यक्ष अधिवक्ता टीकाबहादुर कुँवरले पछिल्लो समय मुद्दा फर्स्योटमा विशेषले उल्लेखनीय प्रगति गरेको बताए। 'पहिले र अहिलेको विशेष अदालतमा सेवाग्राही, कानुन व्यवसायी, कर्मचारी सबैले फरक अनुभूति गर्छौं। अदालत प्रवेश गर्नेबित्तिकैदेखि नागरिक वडापत्र, व्यवस्थापन, भौतिक संरचना, प्रविधि प्रयोगको विषय सबैमा फरक देखिन्छ,' उनले भने।

विशेषगरी साक्षी बकपत्र गर्न, बयान दिन, थुनछेक प्रयोजनका लागि पनि अदालत आइरहनुपर्ने अवस्था छैन। बाहिरै बसेर पनि नजिकको अदालतमा प्रतिवादीको सुनुवाइपछि धरौटी खुल्ने हुन्छ। कानुन व्यवसायीले पनि मुलुकबाहिरैबाट समेत बहस गर्न सक्ने भएका छन्। 'विशेषको नेतृत्व, कर्मचारी, बार, सरकारी वकिल सबै पक्षको इच्छाशक्ति र समन्वयले सम्भव भएको हो। यो गौरव गर्नलायक परिवर्तन र परिणामबाट हामी पनि उत्साहित छौं,' कुँवरले भने।

विशेषका अनुसार हाल पायक पर्ने जिल्लाबाट थुनछेक बयान गर्न, तारेख लिन, साक्षी र विशेषज्ञको संवादबाट बकपत्र गर्न सकिन्छ। यसका लागि विशेषका कर्मचारी पनि पक्षसँग संवादमा रहन्छन्। विशेषका अनुसार आव ०८१/८२ को अन्तिममा ६ महिना नाघेका मुद्दा ११ थान मात्र थिए भने ६ महिनाभित्रका ७१ मुद्दा विचाराधीन थिए। विशेष अदालत ऐनको दफा १६ मा मुद्दा दायर भएको मितिले सामान्यतया ६ महिनाभित्र मुद्दाको किनारा गर्नुपर्ने प्रावधान छ। पछिल्लो समय अंग पुगेका मुद्दामा छिटोछिटो पेसी तोक्ने, प्रमाण एकैपटक बुझ्ने, पक्षसँग सम्पर्कमा रहनेजस्ता कार्यले मुद्दा फर्स्योटमा यो लक्ष्य हासिल भएको अदालतले जनाएको छ। 'मुख्यतः नेतृत्वको इच्छाशक्तिमा भर पर्ने कुरा हो। बाँकी अन्य पक्ष र सरोकारवालाले साथ दिन्छन्,' विशेषका सूचना अधिकारी यज्ञराज रेग्मीले भने, 'मुद्दा, बहस, कर्मचारीलगायत सबै पक्षमा व्यवस्थापन राम्रो भएको छ। यो नतिजा प्राप्त गर्न अदालतले केही फरक ढंगले काम गरेको छ।'



● **मोहनसागर बस्याल**, सहन्यायाधिवक्ता, विशेष सरकारी वकिलको कार्यालय



अनलाइन बकपत्र प्रभावकारी छ। प्रायः प्रतिवादीका साक्षीलाई भौतिक रूपमै लिएरै आइएको हुन्छ, अनलाइन हुँदैन। सरकारी साक्षीको प्रतिवादीका कानुन व्यवसायीले जिरह गर्ने हो। कतिपय गम्भीर मुद्दामा प्रत्यक्षजतिको प्रभावकारी नहुने गरेको अनुभव छ। साक्षीले मलाई थाहै छैन भनिदिन्छ, हामीलाई जिरह गर्न गाह्रो हुन्छ, हाम्रो कुरा पुष्टि गर्न केही कठिनाइ हुन्छ। कतिपय अवस्थामा प्रतिवादीलाई फाइदा पुग्ने गरी बोलिदिन्छन्। कागज देखाएर सनाखत गराउन सकिँदैन। त्यो मौका हुँदैन।

● **टीकाबहादुर कुँवर**, अध्यक्ष, विशेष अदालत बार एसोसिएसन



पहिले र अहिलेको विशेष अदालतमा सेवाग्राही, कानुन व्यवसायी, कर्मचारी सबैले फरक अनुभूति गरेका छौं। अदालत प्रवेश गर्नेबित्तिकै नागरिक बडापत्र, व्यवस्थापन, भौतिक संरचना, प्रविधि प्रयोगको विषय सबैमा फरक देखिन्छ। विशेषगरी अहिले साक्षी बकपत्र गर्न, बयान दिन, थुनछेक प्रयोजनका लागि पनि अदालत आइरहनुपर्ने अवस्था छैन। बाहिरै बसेर पनि नजिकको अदालतमा धरौटी खुल्ने हुन्छ। मुलुकबाहिरैबाट समेत बहस गर्न सक्ने भएका छौं।

■ विदेशबाटै बहस, अनलाइनबाटै साक्षीको बकपत्र

अधिवक्ता अपूर्व खतिवडाले गत कात्तिकमा अन्तःशुल्क स्टिकर छपाइमा अनियमितता भएको मुद्दामा पहिलोपटक विदेशबाट बहस गरेका थिए। त्यसयता पनि भर्चुअल बहस भइरहेका छन्। विशेषका सूचना अधिकारी रेग्मीका अनुसार गत वर्ष नौ सयभन्दा बढीले अनलाइनबाटै साक्षी बकपत्र गरेका छन्। १२ कात्तिकमा खतिवडाले अमेरिकाको कान्सस राज्यबाट मध्यरातमा (नेपालमा बिहानको साढे १० बजे) प्रतिवादी सफल श्रेष्ठ र विष्णुप्रसाद गौतमका तर्फबाट भर्चुअल माध्यमले बहस गरेका थिए। यसरी कुनै कठिन अवस्थामा इजलासमै आउन नसके पनि सुनुवाइ स्थगित गर्नेभन्दा बाहिरबाटै बहस गर्ने सुविधा दिइएको विशेषले जनाएको छ।

अदालतले मुद्दाको सुनुवाइ विशेष परिस्थितिमा मात्र सार्न पाउने गरी कार्यविधि कानुनको पालनामा कडाइ गरेको छ। अदालतका अनुसार यसअघि पटक-पटक पक्षले मुद्दाको पेसी स्थगित गर्ने गरेकोमा सामान्य कारण र गम्भीर अवस्थामा बाहेक पेसी स्थगितको सुविधा दिने गरिएको छैन। 'बुझ्नुपर्ने प्रमाण एकैपटक बुझ्ने गरिएको छ। यहाँबाट कर्मचारीले नै पक्षसँग अबको पेसी यति गते छ, यी यस्ता कुरामा आफैं नै सक्रिय भई सम्पर्क र समन्वय गर्ने गरेका छौं,' सूचना अधिकारी रेग्मीले भने। उनका अनुसार यसअघि म्याद तामेलीका लागि जिल्ला अदालत काठमाडौंका तामेलदार पठाइने गरिन्थ्यो। अहिले भने दुईजना तामेलदार छन्। विशेष अदालत ऐनको दफा १० मा म्याद तामेलसम्बन्धी कार्यविधि छ। यसको उपदफा(६) मा म्याद विशेषका कर्मचारी वा जिल्ला अदालत वा नजिकका अरू कुनै सरकारी कार्यालयमार्फत तामेल गराउनुपर्ने उल्लेख छ। त्यसअनुसार नै म्याद तामेल गराउने गरिएको थियो।

तर, यसबाट ६ महिनाभित्रै मुद्दा छिन्नुपर्ने विशेष अदालत ऐनको परिकल्पनाअनुसार नतिजा आउन नसकेपछि अहिले प्रतिवादी आफैंले अदालतमा उपस्थित भई म्याद बुझ्ने गरेका छन्। ऐनको दफा १०(८)को व्यवस्थाअनुसार विशेषबाट आफ्नो नाममा म्याद जारी भएको थाहा पाई कसैले विशेष अदालत वा म्याद तामेल गर्न पठाइएको अदालत वा कार्यालयमा आफ्नो नाममा जारी भएको म्याद बुझ्न पाऊँ भनी निवेदन दिन सक्छ। यसरी निःशुल्क निवेदन दिई बुझेमा रीतपूर्वक तामेल भएको मानिन्छ। ०८० मंसिरमा न्यायपरिषद्ले टेकनारायण कुँवरलाई विशेषको अध्यक्षतामा सिफारिस गरेको थियो। अन्य सदस्यहरू तेजनारायणसिंह राई, रामबहादुर थापा, मुरारीबाबु श्रेष्ठ र रितेन्द्र थापालाई पनि सोही समय ल्याइएकोमा अर्का सदस्य विदुर कोइराला भने गत पुसमा तोकिएका हुन्।

नियमित तीन तहका अदालतबाहेक खास किसिम र प्रकृतिका मुद्दा हेर्न गठन गरिएको विशेष अदालत एक विशिष्टीकृत अदालत हो। ६ भदौ ०५९ मा अदालतको स्थापना भएकोमा जिम्मेवारी सरी आएका २१८ र नयाँ दर्ता २ ९१ गरी कुल ५०९ मुद्दा रहेको अभिलेख छ। यसमध्ये ५० प्रतिशत मुद्दा फर्स्योट भएका थिए। विशेषले राज्यविरुद्धको अपराध र सजाय ऐनअनुसारका मुद्दा, भ्रष्टाचार र सम्पत्ति शुद्धीकरण निवारण ऐनअनुसारका मुद्दा सुरु कारबाही तथा किनाराका लागि विशेषमा दर्ता हुने गरेका छन्। साथै, अख्तियारको विभागीय कारबाहीको सिफारिसविरुद्ध समेत विशेषमा मुद्दा दर्ता हुन्छ।

मुद्दा वेलैमा टुंगिँदा पक्ष मात्र नभई राज्यलाई पनि फाइदा हुने गरेको विशेष बारका अध्यक्ष कुँवर बताउँछन्। केही समयअघिसम्म मुद्दा दर्ता हुनेबित्तिकै दुई-तीन वर्ष गयो भन्ने कर्मचारीहरूमा भाव देखिने गरेकोमा हाल भने जे फैसला आए पनि प्रमाण मुकरर भएको केही महिनामै आउनेमा प्रतिवादीहरू विश्वस्त देखिन्छन्। 'पहिले निलम्बन भइयो, वृत्ति विकास रोकिन्छ, सेवा-सुविधामा प्रत्यक्ष असर पर्ने भयो भन्थे। अहिले मुद्दा परिहाल्यो भने पनि त्यति लामो समय व्यतीत गर्नुपर्दैन भन्ने प्रतिवादीहरूमा छ,' उनले थपे, 'डिले जस्टिस इज डिनाइड जस्टिस भन्ने छ। शीघ्र मुद्दा फर्स्योट हुनुले राज्य कोषमाथि पनि भर पार्छ।' अनलाइन सुनुवाइ र बकपत्रले छिटो मुद्दा किनारा लगाउन मद्दत गरे पनि यसका केही कठिनाइसमेत रहेको विशेष सरकारी वकिल कार्यालयका प्रमुख मोहनसागर बस्याल बताउँछन्।

दुर्गाभगवती गाउँपालिका-४ का वडाध्यक्षसँग नेपाल र भारतको नागरिकता

जिल्ला प्रशासन कार्यालय रौतहटले थाल्यो छानबिन


नयाँ पत्रिका

रौतहटको दुर्गाभगवती गाउँपालिका-४ का वडाध्यक्ष रामानन्द प्रसादसँग नेपाल र भारतको नागरिकता भएको खुलेको छ। जनप्रतिनिधि नै दुवै देशको नागरिक रहेको उजुरीपछि जिल्ला प्रशासन कार्यालय रौतहटले छानबिन सुरु गरेको छ।

जिल्ला प्रशासन कार्यालय रौतहटले रामानन्दसँग गत ७ साउनमा सदरमुकाम गौरस्थित कार्यालयमै बोलाएर बयानसमेत लिएको छ। प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काका अनुसार वडाध्यक्ष रामानन्दसँग नेपालसहित भारतस्थित बिहार पूर्वी चम्परानको पनि नागरिकता छ। खड्काले दोहोरो नागरिकताका सम्बन्धमा रामानन्दसँग बयान लिएको बताए। 'दुर्गाभगवती गाउँपालिका- ४ का वडाध्यक्ष रामानन्द प्रसादलाई मातहतको मुद्दा फाँटमा बोलाएको जस्तो लाग्छ। उनको फाँटमै बयान लिने काम भयो होला। डिटेलमा मैले पनि बुझ्न सकेको छैन,' उनले भने।

नयाँ पत्रिकालाई प्राप्त विवरणअनुसार रामानन्दले भारत बिहारको पूर्वी चम्परानबाट पप्पु यादवका नाममा नागरिकता लिएका छन्। सोही नागरिकताबाट उनले भारत निर्वाचन आयोगले मतदाता परिचयपत्रसमेत लिएका छन्। परिचयपत्रमा उनले बुवाको नाम सियारामप्रसाद यादव उल्लेख गरेका छन्। २३ मार्च ००९ मा जारी भएको मतदाता परिचयपत्रमा जन्ममिति भने सन् १९८२ उल्लेख छ। परिचयपत्रमा उल्लेख भएअनुसार उनको ठेगाना 'परेवा सहर/गाँव-परेई, अञ्चल-चिरैया, जिल्ला- पूर्वी चम्पारन-८४५४१८' उल्लेख छ। मतदाता परिचयपत्र नम्बर भने वाइडब्लुएक्स ०११५०३१ लेखिएको छ। परिचयपत्रको सिरानमा उनको फोटो टाँसिएको छ।

नेपालमा भने उनले रौतहटबाट नागरिकता लिएका छन्। जसमा उनको पिताको नाम रामचन्द्र कापड यादव उल्लेख छ। २३ जेठ ०४७ मा जिल्ला प्रशासन कार्यालय रौतहटबाट जारी उनको नागरिकता नम्बर ३२० हो। ठेगाना पञ्चरुखी गाविस- ३ हो। सोही नागरिकताबाट उनको नाममा निर्वाचन आयोगबाट मतदाता परिचयपत्र पनि जारी भएको छ। जसमा उनको नाम रामानन्द प्रसाद लेखिएको छ भने पिताको नाम रामचन्द्र कापड र आमाको नाम कान्तीदेवी लेखिएको छ। नागरिकता र परिचयपत्रको सिरानमा फोटो टाँसिएको छ। जसमध्ये नागरिकतामा टाँसिएको फोटो भारतीय



नेपाली नागरिकताको प्रतिलिपि भारतीय नागरिकता

मतदाता परिचयपत्रमा टाँसिएको फोटोसँग मेल खान्छ।

जिल्ला प्रशासन कार्यालय रौतहटका अनुसार रामानन्दविरुद्ध दुई महिनाअघि नै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको थियो। अख्तियारले उजुरीबारे आवश्यक कारबाहीका निम्ति गृह मन्त्रालय पठाएको थियो। गृहले उजुरीलाई जिल्ला प्रशासन कार्यालय रौतहट पठाएको थियो। सोही उजुरीलाई लिएर गत ७ साउनमा जिप्रकाले रामानन्दसँग बयान लिएको थियो। प्रजिअ खड्काका अनुसार घटना सम्बन्धमा तथ्य बुझ्न नेपालस्थित भारतीय दूतावाससँग पनि पत्राचार गरिएको छ।

वडाध्यक्ष रामानन्द प्रसादले नागरिकताका सम्बन्धमा जिप्रकाले आफूसँग बयान लिएको स्वीकार गरे। तर, उजुरीमा उल्लेख भएजस्तो आफूसँग दोहोरो नागरिकता नभएको दाबी गरे। 'नागरिकताको सम्बन्धमा सिडिओ कार्यालयले मसँग बयान लिएको हो। तर, उजुरीमा उल्लेख भएजस्तो मसँग दोहोरो नागरिकता छैन। मेरो पुस्तौंपुस्ता नेपाली नागरिक हुन्।

संक्षेप

आर्यघाटमा जलाउँदै गरेको शवबाट हाड झिकेको अभियोगमा दुई पक्राउ

काठमाडौं/ पशुपति आर्यघाटबाट जलाइरहेको शवबाट हड्डी निकालेको अभियोगमा दुईजना पक्राउ परेका छन्। पक्राउ पर्नेमा शवदहनमा संलग्न गणेश ढकाल र उनका सहयोगी छन्। उनीहरूलाई प्रहरी वृत्त गौशालाबाट खटिएको प्रहरी टोलीले आर्यघाटबाट शुक्रबार पक्राउ गरेको हो। शुक्रबार आर्यघाटमा काम्रेको बनेपा नगरपालिका- ९ का राम शाहीको अन्त्येष्टि हुँदै थियो। शवदहन गर्न ढकाल खटिएका थिए। सोही क्रममा उनले शवबाट हड्डी निकाली अपरिचित व्यक्तिलाई दिएको मृतक शाही परिवारको आरोप छ। उनीहरूकै जाहेरीका आधारमा ढकाल र उनका एक सहयोगी पक्राउ परेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी कुलदीप चन्दले बताए। 'शुक्रबार पशुपति आर्यघाटमा एउटा शवदहन हुँदै रहेछ। दहनमा संलग्न गणेश ढकाल र उनका एक सहयोगीले शवबाट हाड झिकेको भन्दै प्रहरीमा जाहेरी दिएपछि घटनाको अनुसन्धान गर्न ढकालसहित उनका सहयोगीलाई पक्राउ गरेका छौं,' उनले भने।

मृतकका आफन्तका अनुसार ढकालले शवबाट हाड र मासु निकाली जोगीजस्तो देखिने अपरिचित व्यक्तिलाई दिएका थिए। त्यसबापत उनले रकमसमेत लिएको उनीहरूको आरोप छ। गतिविधि शंकास्पद देखिएपछि शवदहनमा सहभागी मलामी र परिवारका सदस्यले ढकालविरुद्ध प्रहरी वृत्त गौशालामा उजुरी दिएका थिए। प्रहरीका अनुसार हाड खरिद गर्ने व्यक्ति फेला पर्न सकेका छैनन्। 'मलामीहरूले मासु र हाड लगेर बेच्यो भनेका छन्। तर, प्रत्यक्ष रूपमा देख्ने मान्छे फेला पर्न सकेका छैनन्, न हाड र मासु लिने मान्छे नै फेला परेका छन्। घटना सम्बन्धमा अनुसन्धान भइरहेको छ,' चन्दले भने।

रुपन्देहीको उपचुनावका आकांक्षीसँग रास्वपाले गऱ्यो छलफल

काठमाडौं/ राष्ट्रिय स्वतन्त्र पार्टीले रुपन्देही ३ को उपनिर्वाचनका लागि उम्मेदवार छनोट प्रक्रिया अगाडि बढाएको छ। आइतबार केन्द्रीय कार्यालयमा बोलाएर रास्वपाले आवेदकसँग सामूहिक छलफल गरेको छ। रास्वपा सहमहामन्त्री तथा लुम्बिनी प्रदेश इन्चार्ज विपिन आचार्य, कोषाध्यक्ष लिमा अधिकारी र लुम्बिनी प्रदेश सभापति देवराज पाठकले सहजीकरण गरेका थिए। सोमबार उम्मेदवारहरूको प्रारम्भिक नामावली प्रकाशन हुने प्रवक्ता मनीष झाले बताए। त्यसलगत्तै २७ साउनदेखि ११ भदौसम्म उम्मेदवारहरूको प्रस्तुतीकरण लिइने रास्वपाको उम्मेदवार छनोट कार्यतालिका छ। १३ भदौसम्म प्रारम्भिक निर्वाचन सम्पन्न गरी १५ भदौमा उम्मेदवारको अन्तिम नाम प्रकाशन गरिने तालिका रहेको झाले बताए। 'सर्वसम्मत प्रयासका लागि आइतबार छलफल सकियो, निष्कर्ष निस्किएन। त्यसकारण अब बाँकी प्रक्रिया सम्बन्धित जिल्लामै सम्पन्न गरेर उम्मेदवार छनोट गरिनेछ,' झाले भने। उम्मेदवारका लागि सुलभ खरेल, पार्थिवेन्द्र उपाध्याय, लेखजंग थापा, ज्ञानु पौडेल, जितबहादुर गुप्ता, कुसुम महर्जन, रचना क्षेत्री, पुनमकुमारी अग्रवाल र मधुप्रसाद अर्यालले आवेदन दिएका छन्।

महाकालीमा नुहाउन गएका दिदीबहिनी बेपत्ता

कञ्चनपुर/ महाकाली नदीमा दुई बालिका बेपत्ता भएका छन्। भीमदत्त नगरपालिका- ११ भुजेलाका दिदीबहिनी नुहाउने क्रममा बेपत्ता भएका हुन्। भीमदत्त नगरपालिका- ११ का वडाध्यक्ष प्रकाश थापाले विद्यालयबाट छुट्टी भएसँगै महाकालीमा नुहाउन ११ वर्षीय दाजु नीरज पन्तसँगै गएका ६ वर्षीया जीविका पन्त र सात वर्षीया सानवी पन्त बेपत्ता भएका हुन्। उनीहरूसँगै चार वर्षीय एकजना भाइ पनि महाकालीमा पुगेका थिए, तर उनी भने नदीमा पसेनन्। जीविका र सानवी भुवनेश्वरी विद्या मन्दिरमा कक्षा एकमा अध्ययनरत थिए। परीक्षा सकिएपछि घर पुगेका पन्त परिवारका चारैजना बालबालिका नुहाउन महाकाली पुगेका हुन्। कलिला बालिका हराएपछि पन्त परिवार शोकाकुल बनेको छ।

■ बलात्कार मुद्दामा सफाइ पाएको भोलिपल्टै पार्टी प्रकरण

डिएसपीलाई उन्मुक्ति, इन्स्पेक्टरलाई विभागीय कारबाही सिफारिस

राजविराजमा **सौरभ यादव**

जबर्जस्ती करणीको मुद्दामा सफाइ पाएको भोलिपल्टै आरोपीले जिल्ला प्रहरी कार्यालय सप्तरीपरिसरस्थित डिएसपीनिवासमा 'सेलिब्रेसन' गरेको विषयमा गठित छानबिन समितिले डिएसपीलाई उन्मुक्ति दिँदै तत्कालीन अनुसन्धान अधिकृतलाई विभागीय कारबाहीका लागि सिफारिस गरेको छ। बलात्कार मुद्दामा सफाइ पाएको भोलिपल्टै डिएसपीनिवासमा पार्टी दिएको विषयमा नयाँ पत्रिकामा समाचार आएपछि मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरले प्रहरी उपरीक्षक (एसपी) नारायण रज्जितकारको नेतृत्वमा तीन सदस्यीय छानबिन टोली गठन गरेको थियो। समितिले छानबिन गरेर प्रतिवेदन डिआइजीलाई बुझाएको हो।

मधेश प्रदेश प्रहरी कार्यालयका डिआइजी उमाप्रसाद चतुर्वेदीले छानबिन प्रतिवेदनमा डिएसपी दोषी नदेखिएको बताए। 'इन्स्पेक्टरले पनि बोलाएको होइन, तर आफैंले मुद्दा चलाएको व्यक्तिसँग नबस्नुपर्ने हो, ती व्यक्तिसँग बसेको फोटो खिचेको 'सेलिब्रेसन' मनाएका कारण तत्कालीन अनुसन्धान अधिकृत



मनीष श्रेष्ठलाई विभागीय कारबाहीका लागि समितिले सिफारिस गरेको छ,' उनले भने।

जबर्जस्ती करणीको मुद्दामा सफाइ पाएको भोलिपल्टै आरोपीले डिएसपी जितेन्द्रकुमार बस्नेतको क्वार्टरमा भव्य पार्टी आयोजना गरेका थिए। बलात्कार मुद्दामा जिल्ला अदालत सप्तरीबाट गत ४ जेठमा सफाइ पाएका राजविराज नगरपालिका- ६ का आकाश आदर्शले भोलिपल्टै मुद्दाको अनुसन्धान अधिकृत रहेका प्रहरी निरीक्षकको 'बर्थ डे सेलिब्रेसन' गरेका हुन्। यो मुद्दामा तत्कालीन अनुसन्धान अधिकृत रहेका जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक मनीष श्रेष्ठको जन्मदिन सेलिब्रेसन भन्दै पार्टी आयोजना गरिएको थियो। जसमा डिएसपी बस्नेत, प्रहरी निरीक्षक श्रेष्ठ, अर्का प्रहरी निरीक्षक उदयकुमार राई तथा एक दिनअघि सफाइ पाएका आकाश आदर्शसहित सहभागी थिए।

आदर्शले सञ्चालन गरेको राजविराजको तन्दुरी रेस्टुरेन्टमा काम गर्ने एक महिलाले उनीमाथि जबर्जस्ती करणी गरी भिडियो बनाई सार्वजनिक गरिदिन्छु भन्दै धम्क्याएको भन्दै ०८१ असोजमा जिल्ला प्रहरी कार्यालय सप्तरीमा जाहेरी दिएकी थिइन्। सोही जाहेरीका आधारमा प्रहरीले आदर्शलाई राजविराजबाट नियन्त्रणमा लिएर प्रहरी निरीक्षक मनीष श्रेष्ठलाई अनुसन्धान अधिकृत तोक्दै अनुसन्धान सुरु गरेको थियो। जिल्ला सरकारी वकिल कार्यालयमार्फत सप्तरी जिल्ला अदालतमा पेस गरिँदा थुनछेक बहसका क्रममा आदर्श पाँच लाख धरौटीमा छुटेका थिए। प्रहरी निरीक्षक श्रेष्ठले मुद्दाको अनुसन्धान टुंग्याएपछि गत २० कात्तिकमा सप्तरी जिल्ला अदालतमा आरोपपत्र दायर गरिएको थियो।

सवारी दुर्घटनामा सर्लाही र नवलपुरमा चारजनाको मृत्यु

नयाँ पत्रिका

सर्लाही र नवलपुरमा भएका सवारी दुर्घटनामा चारजनाले ज्यान गुमाएका छन्। आइतबार सर्लाहीमा दुई र नवलपुरमा दुई गरी चारजनाले ज्यान गुमाएका हुन्। आइतबार बरहथवा र हरिवनमा छुट्टाछुट्टै घटनामा परेर दुईजनाको मृत्यु भएको हो। प्रहरीका अनुसार बरहथवा नगरपालिका- १६ मा लखन्देही खोलाले बगाएर कविलासी नगरपालिका- १, पिपरियाका ७० वर्षीय मोहम्मद जमिरको मृत्यु भएको हो। त्यस्तै, हरिवन नगरपालिकास्थित सुकेपोखरीमा मोटरसाइकलको ठक्करबाट १४ वर्षीया दीपिका बुढाथोकीको मृत्यु भएको हो।

उता, नवलपुरको गैंडाकोटमा सवारी दुर्घटनामा परी दुईजनाको मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालय नवलपुरका अनुसार गैंडाकोटबाट कावासोतीतर्फ आउँदै गरेको ना.५ख ८४१७ नम्बरको ट्रकले लु.५५प ३१३४ नम्बरको स्कुटीलाई ठक्कर दिएको हो। दुर्घटनामा ट्रकचालक बारा परवानीपुर गाउँपालिका- १ का ३५ वर्षीय रिजवान मियाँ र स्कुटरचालक कावासोती- ३ का ५२ वर्षीय दलबहादुर सुनार विकको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी नायब उपरीक्षक मधु नेपालले बताए।

दिल्लीबाट फर्काइएका ४७ महिलाको एनओसी नै नक्कली

मानव तस्करको पहिचान भएको, तर सबैजना भारतमै लुकेर बसेकाले पक्राउ गर्न केही समय लागेको प्रहरीको भनाइ

टेकराज थामी/नयाँ पत्रिका

भारतको नयाँदिल्लीस्थित इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलबाट नेपाल फर्काइएका महिलाका लागि जारी भएको एनओसी (नो अब्जेक्सन लेटर) नै नक्कली रहेको खुलेको छ। गत ६ साउनमा भिजिट भिसामा कुवेत जान लागेका ४७ महिलालाई भारतीय अध्यागमनले नियन्त्रणमा लिएको थियो। त्यसलगत्तै उनीहरूलाई अध्यागमनले दिल्लीस्थित नेपाली दूतावासमा जिम्मा लगाइयो। उनीहरूलाई नेपाल फिर्ता ल्याइसकिएको छ। अनुसन्धानपछि उनीहरूका नाममा जारी भएको एनओसी नक्कली रहेको खुलेको थियो।

नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोका प्रमुख एसएसपी कृष्ण पंगेनीले भारतबाट फर्काइएका नेपाली महिलाका नाममा जारी भएको एनओसी नक्कली भएको बताए। 'गत ६ साउनमा कुवेत हिँडेका ४७ महिना भारतको दिल्लीस्थित अन्तर्राष्ट्रिय विमानस्थलबाट नेपाल फर्काइए। घटनाको अनुसन्धान हुँदै छ। यसक्रममा उनीहरूका नाममा जारी भएको कागजात अनुसन्धान गर्दा एनओसी लेटर नक्कली रहेको खुलेको छ,' उनले भने।

ब्युरोका अनुसार उनीहरूले भारतको कोलकातास्थित नेपाली महावाणिज्य दूतावासको नामबाट जारी भएको एनओसी लेटर लिएका थिए। अनुसन्धानका क्रममा ब्युरोले लेटर भेरिफाई गर्न महावाणिज्य दूतावास पठाएको थियो। तर, दूतावासको रेकर्डमा उनीहरूका नाममा जारी भएको एनओसी लेटर नभेटिएपछि नक्कली भएको प्रमाणित भएको थियो। 'फिर्ता भएका महिलासँग रहेको कागजात अनुसन्धान गर्दा एनओसी लेटर कोलकाताबाट जारी भएको भेटियो। शंका लागेपछि भेरिफाई गर्न कोलकातास्थित महावाणिज्य दूतावास पठाइयो। दूतावासबाट उनीहरूका नाममा कुनै लेटर जारी



कृष्ण पंगेनी, एसएसपी, मानव बेचबिखन अनुसन्धान ब्युरो

गत ६ साउनमा कुवेत हिँडेका ४७ महिना भारतको दिल्लीस्थित अन्तर्राष्ट्रिय विमानस्थलबाट नेपाल फर्काइए। घटनाको अनुसन्धान हुँदै छ। यसक्रममा उनीहरूका नाममा जारी भएको कागजात अनुसन्धान गर्दा एनओसी लेटर नक्कली रहेको खुलेको छ,' उनले भने।

नभएको सूचना प्राप्त भयो। त्यसो हुँदा लेटर नक्कली रहेको खुल्यो,' एसएसपी पंगेनीले भने।

ब्युरोका अनुसार फिर्ता आएका सबै महिलालाई दलालले नै एनओसी लेटर उपलब्ध गराइदिएका थिए। तर, प्रहरीले हालसम्म घटनामा संलग्न कसैलाई पनि पक्राउ गर्न सकेको छैन। घटनामा संलग्न अभियुक्तको पहिचान भएको र सबैजना भारतमै लुकेर बसेकाले पक्राउ गर्न केही समय लागेको ब्युरोको भनाइ छ। 'सबै महिलालाई दलालले नै एनओसी लेटर बनाएर लिएको देखिन्छ। उनीहरूको पहिचान खुलेको छ। पक्राउ गर्न केही समय लाग्न सक्छ। खोजीकार्यलाई तीव्र तुल्याइएको छ,' उनले भने।

१९ महिलाले दिए दलालविरुद्ध जाहेरी

मानव बेचबिखन अनुसन्धान ब्युरोका अनुसार फिर्ता भएकामध्ये १९ महिलाले दलालविरुद्ध जाहेरी दिएका छन्। सोही जाहेरीपछि छुट्टाछुट्टै आठ मुद्दामा प्रहरीले अनुसन्धान गरिरहेको छ। कुवेतस्थित हाउस मेडमा लैजान लागिएका महिला ३२ जिल्लाका छन्। गन्तव्यमा पुऱ्याएपछि दलालले प्रतिव्यक्ति साढे तीन लाख रुपैयाँ बुझ्ने सहमति प्रहरीको भनाइ छ।

कुवेतलगायत खाडी मुलुकमा महिलाका लागि वर्किङ भिसामा जान अनुमति छैन। यद्यपि, खाडी मुलुकमा मात्रै ६० हजारभन्दा धेरै महिला घरेलु मजदुरका रूपमा कार्यरत छन्। उनीहरू सबै भिजिट भिसामा सम्बन्धित मुलुक जाने र पछि सोही भिसालाई वर्किङमा बदल्ने गर्छन्। वर्किङ भिसामा जान अनुमति नभएपछि नेपाली महिला जोखिम मोलेर भारत हुँदै खाडी मुलुक पुग्ने गरेका छन्। कतिपय महिला भने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै भिजिट भिसामा दुबई जाने र त्यसपछि उक्त भिसालाई वर्किङमा बदलेर सम्बन्धित मुलुक जाने गरेका छन्। प्रहरीका अनुसार दुबईमा भिजिट भिसामा जाने महिलाको 'सेन्टर कलेक्सन' हुन्छ। उनीहरूलाई बिक्रीका लागि स्टलमा राखिन्छ। खरिद गर्न खाडीलगायत विभिन्न मुलुकका दलाल स्टल पुग्छन्। महिलाको खुलेआम मोलमोलाइ चल्छ। मूल्य भुक्तानीपछि उनीहरूलाई दलालले सम्बन्धित मुलुक लैजान्छन्। र, उनीहरूलाई घरेलु मजदुरका रूपमा प्रयोग गर्छन्।

नेपालको अध्यागमन विभागले भिजिट भिसामा कडाइ गरेपछि पछिल्लो समय भारतस्थित विभिन्न अन्तर्राष्ट्रिय विमानस्थल हुँदै नेपाली महिला खाडीलगायत मुलुक लैजाने गरिएको छ। दिल्लीको इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमनबाट ४७ महिला सोही क्रममा पक्राउ परेका हुन्। विशेषगरी गत ७ जेठपछि नेपालको अध्यागमनले भिजिट भिसामा कडाइ गरेको छ। भिजिट भिसामा मातहतका कर्मचारी नै सेटिङमा संलग्न रहेको खुलेपछि अध्यागमनले भिजिट भिसामा कडाइ गरेको हो।

■ भिजिट भिसामा स्पेन पुगेको घटनाको अनुसन्धान प्रक्रिया सुस्त

स्पेनको सेभियामा संयुक्त राष्ट्रसंघीय 'इन्टरनेसनल कन्फरेन्स अन फाइनान्सिङ फर डेभलपमेन्ट अफ युनाइटेड नेसन्स' सम्मेलनमा भएको मानव तस्करीसँग सम्बन्धित तथ्यांक संकलनमा ढिलाइ हुँदा अनुसन्धान प्रक्रिया प्रभावित बन्न पुगेको छ। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले घटनाको अनुसन्धान गरिरहेको छ। जसका ल

पुनर्जन्मको डिलमा नेपाली वाम आन्दोलन

अहिले चलिरहेको वाम आन्दोलन र यसका घटकहरूको सान्दर्भिकता बिस्तारै सकिँदै छ, अथवा विसर्जनको तहमा पुग्दै छ



● दामोदर अर्याल

अग्रलेख

शीर्षकमा उल्लेख गरिएको 'पुनर्जन्म' शब्द धेरैलाई मन नपर्न सक्छ। किनभने यतिखेरको नेपालमा आफूलाई वामपन्थी भन्ने पार्टी बग्रेल्ती भएको वेलामा पुनर्जन्मको कुरा कहाँबाट आयो भनेर प्रश्न गर्न नसकिने होइन। विभिन्न रङका वामबाट आममान्छेसमेत दिक्क भइरहेको सन्दर्भ त छँदै छ, त्यसबाहेक आफूलाई वाम भन्नेहरूका मुखियाबाट त झनै यो शब्दको प्रतिकार नै नहोला पनि भन्न सकिन्न। जे होस्, शीर्षकको यो 'पुनर्जन्म' भन्ने शब्द विवादास्पद छ र हुन्छ।

माथि मैले उल्लेख गरेँ, विभिन्न रंगका वामहरू। यो सत्य हो, किनकि सत्तामा पनि आफूलाई असली वाम भन्नेहरू छन्, विपक्षमा पनि आफूलाई खाँट्टी वाम भन्नेहरू नै देखिन्छन्। त्यति मात्र होइन, संसदीय चुनावमा भाग लिनेहरू र नलिनेहरू पनि आफूलाई वाम भन्नेहरू नै हुन्। यतिले मात्र पुग्दैन, वर्तमान संविधान मान्ने वामहरू र संविधान नै नमान्ने वामहरू पनि भेटिन्छन् यहाँ। संघीयताको विकल्प नदेख्ने र यसका जनकहरू पनि वाम नै हुन्। त्यसबाहेक संघीयताविरुद्ध तीन हात उफ्रने वामहरू पनि हामी सबैले व्यहोरेकै छौं। यस्ता हरफ धेरै लेख्न सकिन्छ। कांग्रेससँग मिलेर संसदीय चुनाव लड्ने वामहरू पनि छन् यहाँ र राजावादीसँग मिलेर चुनाव लड्ने वामहरूको पनि कमी छैन यहाँ। कांग्रेसलाई दलाल भन्ने वामहरू पनि यहीं छन् र कांग्रेससँग मिलेर संयुक्त सरकार चलाउने वामहरू पनि देखिएकै छन्। पाठकहरूलाई दिक्क लाग्दैन भने एक दुई हरफ अरू थपौं। भारतलाई खुसी पार्न आफ्नै पूर्वउपाध्यक्षलाई सदस्यता च्युत गर्ने राष्ट्रवादी वाम, अमेरिकालाई खुसी पार्न व्याख्यात्मक टिप्पणी गरेर नै भए पनि एमसिसी पास गर्ने अर्को साम्राज्यवादविरोधी वाम, पहाडका दुर्गम कुनाकन्दरामा विश्व पुँजीवादका प्रतिनिधिलाई सफाया गर्ने क्रान्तिकारी वाम, पुँजीवादी समाजमा निरन्तर सामन्तवाद खोज्ने जबजवादी वाम ! के-के मात्र र कहाँ-कहाँ मात्र छैनन्, यहाँ वाम ?

अनेकौं रूपरंग, आनीबानी, व्यहोरा र हर्कतका बाम पार्टीहरू बोक्न अभिशप्त भएका नेपाली जनतासामु फेरि एकचोटि प्रश्न गर्नैपर्ने भयो, आखिर वाम विचारधारा भनेको के हो ? यसको व्याख्या साधारण छ। यसले भन्छ, 'जीवन र जगत् निरन्तर परिवर्तनशील छ।' आज हामीले हाम्रो जीवनमा जे व्यहोरिरहेका छौं, त्योभन्दा अगाडि हाम्रो समाज अवश्य बढ्छ भन्ने सत्य आत्मसात् गर्नु र बढ्न खोज्ने प्रयत्न गर्नु नै वामपन्थता हो। यही निरन्तर परिवर्तनका कारणले नै ७० हजार वर्षअगाडि पृथ्वीमा विकशित भएका सेपियन्सहरू आजका आधुनिक मान्छेमा रूपान्तरित भएका हुन्। जीवन र जगत्को यो परिवर्तनशील चरित्रलाई सिद्धान्ततः स्वीकार गर्ने, यसको पक्षपोषण गर्ने, यसका लागि निरन्तर क्रियाशील रहने र सोच्ने यो तरिकालाई हाम्रो जीवन, राजनीति, समाज र अर्थतन्त्रमा अथवा क्रान्ति र समाजवादको चाहनामा प्रयोग गर्ने मनसाय राखियो भने वाम आन्दोलन एउटै कलरमा रूपान्तरित हुन धेरै दिन पर्खनुपर्दैन। तर, समस्या चाहनामा छ। त्यसकारण वस्तुस्थिति पनि फरक छ।

मज्जाले मार्क्सवाद पढ्ने एउटा नेता वा कार्यकर्तालाई तपाईंको जिन्दगीको अन्तिम चाहना केहो भनेर सोध्ने हो भने आ-आफ्नो पार्टीको हैसियतअनुसार ऊ लाजै नमानी वडाध्यक्षदेखि राष्ट्रपतिसम्म बन्ने चाहना व्यक्त गर्छ। सत्तालिप्साको भयानक र डरलाग्दो सामाजिक तथा राजनीतिक क्यान्सरबाट वाम हाम्रो आन्दोलन पूरै आक्रान्त भएको छ।

हाम्रो वाम आन्दोलन सत्तालिप्सामा यति धेरै दुर्गन्धित हिलोमा फस्यो कि यसका 'सुप्रिमो'हरू जीवन र मृत्युको शाश्वत सत्यलाई समेत अस्वीकार गर्दै छन्। उदाहरण यत्रतत्र भए पनि अहिले कमरेड केपी ओलीलाई मात्रै उद्धरण गरे पुग्छ। उहाँ भन्नुहुन्छ, 'अहिले म ७४ वर्षको भएँ, बिस्तारै मेरो कपाल कालो हुँदै छ, अब म कम्तीमा २५ वर्ष एमाले अध्यक्ष हुन्छु, कुनै साथीलाई अध्यक्ष हुन मन भए अब २५ वर्ष मात्र कुरे पुग्छ, त्यसपछि त म छोडिदिहाल्छु।' अब २५ वर्षपछि एमाले अध्यक्षवाट राजीनामा दिने कमरेड ओलीको यो हार्दिकता र सदाशयतालाई हार्दिक धन्यवाद दिनैपर्छ। कम्तीमा उहाँले २५ वर्षपछि भए पनि छोड्छु त भन्नुभयो। अरूले त समयसीमा नतोकीकनै रजगज गरिरहेका छन्। फेरि पनि यसबाट उत्पन्न हुने एमाले कन्तबिजोगको हिसाब कसले गर्ला ? यस सन्दर्भमा यतिखेर हामी यति मात्रै भन्न सक्छौं, एमालेको कन्तबिजोग अन्ततः नेपाली वाम आन्दोलनकै पतनोन्मुख दिशा हो।



> आफूसँग ५० वर्ष सँगै सहकार्य गरेको एउटा कमरेडले अर्को कमरेडको नाम लिँदा 'कुल्ला गर्नुपर्छ' भन्नु र एउटा कमरेडले आफैंसरहको अर्को कमरेडलाई 'पार्टी छोडेर जा' भन्नुले वाम आन्दोलनलाई बल देला त ?

हाम्रो वाम आन्दोलनको प्रमुख समस्या सत्तालिप्सा मात्र होइन, यसबाट उत्पन्न भएको भयानक सांस्कृतिक पतन अर्थात् अधोगति पनि हो। आफूसँग ५० वर्षसँगै सहकार्य गरेको एउटा कमरेडले अर्को कमरेडको नाम लिँदा 'कुल्ला गर्नुपर्छ' भन्नुले कसरी वाम आन्दोलनलाई गति दिन सक्ला ? एउटा कमरेडले आफैंसरहको अर्को कमरेडलाई 'पार्टी छोडेर जा' भन्नुले त्यो पार्टीको भविष्य कता जाला ? हाम्रो आन्दोलन विश्व आन्दोलनकै एउटा हिस्सा हो भन्ने सत्यलाई बुझपचाएर पार्टीलाई प्रालिमा रूपान्तरण गरिरहेको देख्दादेख्दै पनि कार्यकर्ता चुक्क बोल्दैनन्। किनकी ती कार्यकर्ता पनि पार्टीको कामका नाममा समग्र मानवजातिको कल्याणका लागि मैले काम गरिरहेको छु भनेर गौरव गर्दैनन्, बरु उनीहरू

> अबको वाम एकता अहिले भनिएका वाम पार्टीहरूबिच होइन, वामपन्थीबिच हुनुपर्छ। त्यस्ता एकता वार्ता आलिसान होटेल या व्यापारीका बैठक कोठाहरूमा होइन, माइतीघर मन्डला र शान्तिवाटिकाका खुला सडकमा हुनुपर्छ

वडाध्यक्ष हुने लालसामा सुप्रिमोहरूको जयजयकार गर्दै दासताको च्याल काडिरहेका देखिन्छन्। सत्तालिप्सा र सांस्कृतिक पतनले निम्त्याउने के हो ? निःसन्देह वैचारिक विचलन। वैचारिक विचलनले आन्दोलन बरालिन्छ। हो, यतिखेर हामी यही बरालिएको वाम आन्दोलनका सदस्य हौं। हामी सबै बरालिएको यो वेलामा हाम्रो मुख्य काम के हुन सक्छ त ? यसको पनि उत्तर छ। सबभन्दा पहिला त हामीले हाम्रो धरतीमा विश्व पुँजीवादले थोपरेको शिक्षा नीति, स्वास्थ नीति, कृषि नीति र उद्योग नीतिको भन्डाफोर गर्दै विकल्पमा हाम्रा वामनीतिहरू सार्वजनिक गर्न सक्नुपर्छ। मान्छेहरू गोलबन्द हुने नीति र कार्यक्रममा नै हो। यो नीति र कार्यक्रम निर्माणमा ठुलो शास्त्रार्थको आवश्यकता छ, अर्थात् निर्मम विचारधारात्मक संघर्ष। विचारधारात्मक संघर्षले हाम्रा सबै वाम घटकलाई निश्चित रूपमा प्रभाव पार्छ। यसबाट हरेक घटकमा विद्रोहका स्वर मुखर रूपमा सुनिन थाल्छन्। त्यसका केही संकेत देखापर्न थालेका पनि छन्। ती संकेतको निरन्तर विकासले निर्माण हुने समान धारणाबाट उनिहरूलाई एक ठाउँमा आउन बाध्य पार्नेछ। त्यो परिस्थितिलाई वाम ध्रुवीकरण भन्न सकिएला र चलनचल्तीको भाषामा 'वाम एकता'। हो ! हामी त्यही वाम एकताको पर्खाइमा छौं।

यो लेखका माथिल्ला हरफ पढ्दा यसको शिर्षक मृत्युको मुखमा नेपाली बाम आन्दोलन हुनुपर्ने थियो। तर, पंक्तिकार बरालिएकै भए पनि वाम आन्दोलनकै सदस्य हो। वाम आन्दोलनको सदस्यले जन्म र मृत्यको शाश्वत सत्यमा विश्वास राख्छ। त्यसैले, यसको शीर्षक पुनर्जन्मको डिलमा नेपाली वाम आन्दोलन राखिएको हो।

यो भनेको के हो ? नडराईकन र निर्धक्क के भन्न खोजिएको हो भने अहिले चलिरहेको तथाकथित वाम आन्दोलन र यसका घटकहरूको सान्दर्भिकता बिस्तारै सकिँदै छ, अथवा विर्सजनको तहमा छ। तर, यो विर्सजनले नेपाली वाम आन्दोलन रोकिँदैन। यसैको जगमा यसका कमजोर पक्षलाई पराजित गर्दै नयाँ, झनै परिष्कृत र एकताबद्ध आन्दोलन जन्मिनेछ। यसको गर्भाधान विभिन्न वाम पार्टीमा भइसकेको छ। त्यसैले त त्यहाँ विद्रोहका स्वर सुनिन थालेको पाइन्छ। यसबाट के भन्न सकिन्छ भने, हामीले आजभन्दा केही वर्षअगाडि एमालेबाट गरेको विद्रोह झनै पुष्टि भएको छ। त्यो विद्रोहले थप विद्रोहको आधारशिला निर्माण भएको तथ्यमा कुनै शंका छैन।

अन्तिम हरफमा यतिचाहिँ भनूँ, अबको वाम एकता अहिले भनिएका वाम पार्टीहरूबिच होइन, वामपन्थीबिच हुनुपर्छ। त्यस्ता एकता वार्ता आलिसान होटेल र व्यापारीका बैठक कोठामा होइन, माइतीघर मण्डला र शान्तिवाटिकाका सडकमा हुनुपर्छ। आन्दोलनको मैदानमा भुइँमै पर्लेंटी कसेर र भुइँ मान्छेहरूकै रोहवरमा गरिने वाम एकताले नै सामाजिक परिवर्तनमा भूमिका खेल्ने हो। अन्यथा, एकथान ओली र अर्को थान दहाल जन्माउने एकता कामदारवर्गका लागि 'हात्ती आयो-आयो फुस्सा' भन्नेबाहेक केही हुनेछैन।

तसर्थ, हामी एउटा बृहत् वाम आन्दोलनको जन्मका लागि काम गरौं। त्यो काम गराइको प्रारम्भ विन्दु फेरि पनि हाम्रा आफ्नै पार्टीहरू नै हुन्। त्यसका लागि आफ्नै पार्टीलाई विचारधारात्मक र सांगठनिक हिसाबले एकताबद्ध बनाउन सक्नुपर्छ। त्यसका लागि पनि वाम विचारधाराले बोल्छ- 'संघर्ष अनिवार्य छ, त्यो पनि निर्मम'।

(अर्याल नेकपा एकीकृत समाजवादीका पोलिटब्युरो सदस्य तथा प्रचार विभाग उपप्रमुख हुन्)

३ प्रश्न

कारागार व्यवस्थापन विभागका पूर्वमहानिर्देशक **फणीन्द्रमणि पोखरेल**लाई



हाम्रा कारागार किन असुरक्षित छन् ?

हाम्रा अधिकांश कारागार 'रिस्क'मै छन्। यसका पछाडि केही कारण देखिन्छन्। सबैभन्दा महत्त्वपूर्ण कारण 'ओभर क्राउडेड' हुनु नै हो। कारागारको अधिकतम क्षमताभन्दा पनि दोब्बर, तेब्बर संख्याका कैदीबन्दी राख्नुपर्ने बाध्यताले गर्दा कारागारभित्रको आन्तरिक व्यवस्थापन कमजोर हुने गरेको देखिन्छ। सामान्यतः असार मसान्तभित्र कारागारभित्र चौकीदार, नाइके, भाइनाइके छनोट गर्ने परिपाटी छ। त्यस्तो नियुक्ति गर्दा सिनियारिटी र असल चालचलन हेरेर गर्ने स्थापित प्रणाली कहींकतैबाट 'ब्रेक' भयो भने असन्तुष्टि बढ्छ, गुटबन्दी सुरु हुन्छ र झडपको स्थिति सिर्जना हुन सक्छ। कैलाली कारागारमा चाहिँ हतियार र मोबाइल फोनसमेत भेटिएको समाचार आइरहेको छ। फेरि कारागारका हाकिम कसैलाई निमित्त दिएर बिदामा बसेको समयमा निमित्तले पनि अर्कोलाई निमित्त दिएर बिदामा बसेको सुनिँदै छ। त्यहाँ जेल प्रशासन प्रमुखको आन्तरिक तथा बाह्य समन्वयमा पनि कमी देखियो। यस्तै कमीकमजोरी देखिँदा कारागारभित्र आन्तरिक असुरक्षा बढ्न सक्छ।

कारागारभित्र झडपको स्थिति कसरी सिर्जना हुन्छ ?

सामान्यतः कारागारमा बदमास मान्छे नै पुग्ने हुन्। तिनलाई पहिचान गरी आन्तरिक सुरक्षा व्यवस्थापन मिलाउनुपर्छ। त्यस्ता कैदीबन्दी पहिचान गरी तिनका गतिविधिलाई विशेष 'वाच'मा राख्न सक्नुपर्छ। कारागारभित्र पसल हुन्छ, व्यापार हुन्छ। त्यसको व्यवस्थापनको पाटोमा समेत प्रशासनले विशेष ध्यान पुऱ्याउनुपर्छ। अन्यथा, झडपको सम्भावना हुन्छ।

कारागारलाई सुरक्षित बनाउने उपाय के हुन सक्ला ?

सबैभन्दा पहिले क्षमताभन्दा बढी कैदीबन्दी कुनै पनि जेलमा राख्नुहुँदैन। अदालतले पनि धेरै मान्छेलाई थुनामा पठाउनुभन्दा धरौटी मागेर छाड्न मिल्नेलाई छाड्ने विषयमा गृहकार्य गर्न जरुरी छ। जेल सरुवा गर्दा नियमावलीलाई कडाइसाथ पालना गरिनुपर्छ। कसैको प्रभाव र दबाबमा काम भयो भने सुरक्षा व्यवस्थामा समस्या आउन सक्छ।

प्रेरक प्रसंग

अधबैंसे र माछाको जीवन

साँझको समय थियो। भखैरै प्रेममा परेका एक जोडी समुद्र किनारमा घुम्दै थिए। उनीहरू एकअर्काका हात समाती मायाप्रेमका कुराकानी गर्दै अघि बढिरहेका थिए। त्यत्तिकैमा उनीहरूले समुद्र किनारमा केही टिप्दै समुद्रतिर फालिरहेका एक अधबैंसेलाई देखे। अघि बढ्दै जाँदा उनीहरू अधबैंसेको नजिकै पुगे। उनी पानीको छालले किनारामा ल्याइपुऱ्याएका र छालसँगै फर्किन नसकेर किनारमै छटपटिइरहेका माछा टिप्दै पुनः समुद्रमै फ्याँक्दै थिए। अधबैंसेको यस्तो हर्कत देख्दा उनीहरू छक्क परे। उनीहरू नजिकै गए र नमस्कार गर्दै सोधे- महाशय, तपाईं यो के गर्दै हुनुहुन्छ ? 'उनीहरूतिर हेर्दा पनि नहेरी उनले मुखैले नमस्कार फर्काएर छिटोछिटो माछा टिपेर पानीमा फाल्दै विनम्रतापूर्वक भने- म



छालले बाहिर फालेका माछा टिपेर पुनः समुद्रमै फ्याँक्दै छु। समयमै पानीमा पुऱ्याउन सकिएन भने अक्सिजन अभावमा यिनीहरू मर्नेछन्।

उनको कुरा सुनेर ती दुईमध्ये युवतीले भनिन्- धेरै राम्रो ! तपाईंको काम प्रशंसनीय छ। तर, यो समुद्रको किनारमा त हजारौं माछा यसैगरी फसेका होलान्, कति मरिसकेका होलान् भने कैयौं मर्दै पनि होलान्। तपाईंले सबैलाई बचाउन त सक्नुहुन्न क्यारे ! फेरि समुद्र किनारमा त यस्तो सधैं भइरहेकै हुन्छ नि ! तपाईंले दुई-चारवटा माछालाई पानीमा फ्याँक्दैमा के नै फरक पर्ने हो र !

उनको कुरा सुनेर ती अधबैंसे मुसुक्क मुस्कुराए, भुइँमा झुकेर बालुवामा छटपटाइरहेको एउटा माछा टिपेर पानीमा फाल्दै भने- हेर्नुहोस् त, भखैरै यस माछालाई त निश्चय नै फरक पऱ्यो, होइन र ?

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

न्यायालयमा भागबन्डा नगर

अहिलेको प्रणालीमा भागबन्डा हुनु त स्वाभाविकै छ। कि त प्रणाली नै बदल्नुपऱ्यो, प्रधानमन्त्री पदमा त आलोपालो पिङ खेलेजस्तो खेल्न पाइने प्रणालीमा दल र भागबन्डाविहीन नतिजा खोज्नु हामी आफैं गलत ठहरिनु हो। अरू ठुला कुरा नगरौं। पानीको मुहान प्रदूषित बनाएर स्वच्छ पानी खोज्नुजस्तो मूर्खता अरू केही हुँदैन।

● **वसन्तजंग थापा**

यी पुराना दलहरूमा न नैतिकता देखियो, न जिम्मेवारी न त राजनीतिक संस्कार नै देखियो। व्यवस्था सुधार, संविधान संशोधन र सुशासनका लागि एमाले-कांग्रेसको गठबन्धन सरकार बनाइएको भनिए पनि आजसम्म न संविधान संशोधन प्रक्रिया थालियो न सुशासनकै कुनै प्रयास गरियो। उल्टो न्यायपालिकाजस्तो संवेदनशील ठाउँमा पार्टीका भागबन्डामा न्यायाधीशहरूको नियुक्ति ? अनि यस्ता न्यायाधीश भएको न्यायालयबाट न्यायको अपेक्षा ? देश कता जाँदै छ ? यी दल र यिनका नेता यति निकम्मा कसरी हुन सक्छन् ?

● **रामबहादुर सयल**
(नयाँ पत्रिका फेसबुकबाट)

कोषले यता पनि ध्यान देओस्



अब सामाजिक सुरक्षा कोष, कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषलाई मर्ज गरेर एउटै शक्तिशाली ठुलो निकाय बनाउनुपऱ्यो। कोषमा आबद्ध हुने सबैले आफ्ना माता र पिताको पनि किरिया खर्च पाउनुपर्ने व्यवस्था हुनुपऱ्यो र निजी अस्पतालमा उपचार गराउँदा पनि उपचार सुविधा पाउनुपऱ्यो। केही कर्मचारी सप्लायर्सले कोषमा पैसा काट्ने, तर सामाजिक सुरक्षा कोषको आइडी नदिने प्रवृत्ति देखिएको हुँदा यसमा पनि कोषले ध्यान पुऱ्याउनुपऱ्यो।

● **शिवराम केसी**

सरकारले अनुमतिपत्र दिएर खुलेको ओरेन्टल सहकारीले गरिबले रगतपसिना बगाएर जम्मा गरेको रकम झ्याम पारेको १४ वर्ष बितिसक्दासमेत कुनै चासो नदिने सरकारले ल्याएको यो सुरक्षा कोषको पनि कसरी विश्वास गर्नु ? विश्वास गर्ने कुनै आधार पनि छैन। अझै मनमा चिन्ता छ, सबै रकम उठाएर कुलेलम ठोक्ने पनि हो कि ? त्यसपछि सरकारले चासो नदिने हो कि ? यसबारे सबैले सोचेर मात्रै कोषमा रकम जम्मा गरौं।

● **सिद्धि बज्राचार्य**

के गर्नु कुनैकुनै संघसंस्थाले आफ्नै गोजीको पैसा दिनुपर्छ भनेजस्तै गरी आबद्धता गरेका छैनन्। कागजमा लेखेर मात्र के गर्नु, कार्यान्वयन हुन गाह्रो छ।

● **पुष्पबहादुर कार्की**
(नयाँ पत्रिका फेसबुकबाट)

दोषीलाई कारबाही कहिले ?

संघीय निजामती सेवा विधेयकमा 'कुलिङ अफ पिरियड'सम्बन्धी प्रावधानमा दोषी देखिएका राज्यव्यवस्था समितिका सभापति रामहरि खतिवडा, सुरजकुमार दुरालगायतलाई कारबाही होला कि नहोला, हेर्न बाँकी छ। यस्तो गम्भीर विषयमा चलखेल गर्ने जोकोही भए पनि तिनलाई हदैसम्मको कारबाही गरिनुपर्छ, अनि मात्र देशमा सुशासन आउँछ। संसदीय छानबिन समितिका सभापति जीवन परियारले प्रतिनिधिसभा बैठकमा खतिवडा र दुरालाई मुख्य जिम्मेवारी ठहर गरिएको प्रतिवेदन बुझाएका छन्। विधेयकमा समावेश भएका प्रावधानलाई निष्क्रिय बनाउन सक्रिय भूमिका निर्वाह गर्ने अन्य पदाधिकारीलाई भने समितिले उन्मुक्ति किन दियो, थाहा भएन। जोजो दोषी छन्, सबलाई कारबाही गर्नुपर्ने होइन र ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी काठमाडौं

विष र धार्मिक घृणा

के हिन्दु समाज मुसलमानलाई सताउन आफ्नै छोराछोरीलाई पनि बलिको बोको बनाउने गरी विषाक्त भइसकेको हो ?



देश / विदेश

● अपूर्वानन्द

के तपाईं छिमेकीलाई फसाउन र बदनाम गर्न आफ्नै छोराछोरीले पानी पिउने इनारमा विष हाल्न सक्नुहुन्छ ? के छिमेकीप्रतिको घृणा सन्तानप्रतिको मायाभन्दा बलियो हुन्छ ? कर्नाटकमा घटेको एक भयावह घटनापछि यी प्रश्नले मलाई बेचैन पारेका छन्। हिन्दुत्ववादी संगठन श्रीराम सेनेका सदस्यहरूले विद्यालयको इनारमा विष हाल्ने षड्यन्त्र गरेको आरोप लागेको छ। यी अभियुक्तको योजना दोष मुसलमान प्रधानाध्यापकको टाउकामा थोपर्नु रहेको थियो। यिनले एक विद्यार्थीलाई पाँच सय रुपैयाँ र चकलेटको लोभ देखाई इनारमा विष हाल्न लगाएका थिए। विष मिसिएको पानी पिएपछि केही विद्यार्थीलाई वाकवाकी भयो र धेरैले अनौठो गन्ध महसुस गरे। त्यसपछि भएको अनुसन्धानमा विषादीको बोतल भेटियो र विष हाल्न लगाइएका बालकले सबै कुरा खुलाए।

धन्य, कुनै बालबालिकाको ज्यान गएन। तर, के यो तथ्यलाई अभियुक्तको बचाउमा प्रयोग गरिने त होइन ? के कसैले यी हिन्दुत्ववादी कार्यकर्ताले विषको मात्रा बालबालिकाको ज्यान नलिने गरी वा कम क्षति हुने गरी हालेको भनेर तर्क त गर्नेछैनन् ? वा के उनीहरूको अन्तिम लक्ष्य बालहत्या नभएर मुसलमान प्रधानाध्यापकको जीवन र व्यावसायिक जीवन बर्बाद गर्नु मात्र थियो ? अर्को भाषामा भन्ने हो भने, यो एक किसिमले 'उच्च' उद्देश्यको काममा कार्यान्वयन मात्रै गलत भयो भनेर कसैले भन्ने त होइन ? आजको राजनीतिक वातावरणमा मुसलमानलाई सताउन नयाँनयाँ उपाय खोज्नुभन्दा 'धार्मिक' के हुन सक्छ। हाम्रा महाकाव्यमा पनि भगवान् कृष्णले शत्रुसँग छलकपट गरेका प्रसंग छन् र सम्भवतः हामी यस्ता छललाई 'महान् लक्ष्य'का नाममा स्विकार्दै, उनीहरूको 'चातुर्य'को प्रशंसा गर्छौं।

आरोपित पक्राउ परेका छन् र प्रहरीले यो मामिला गम्भीरतासाथ अघि बढाओस्, प्रमाण संकलन र प्रस्तुत गरून् भनेर हामी आशा गर्छौं। ताकि यी अभियुक्तले मालेगाँव आतंककारी बम विस्फोटका आरोपितझैं सजिलै निर्दोष साबित भएर बाहिर निस्किन नपाऊन्। यस्ता घटनामा प्रायः यदि आरोपित हिन्दु भए प्रहरी र अदालतको व्यवहार अचम्मको सहानुभूतीपूर्ण हुन्छ अर्थात्, मानौं यी मानिस 'राष्ट्रको सेवा' गर्दै थिए। तर, अब अर्को सम्भावना सोचौं, बिषले थप गम्भीर क्षति पुऱ्याएको भए के हुन्थ्यो ? विषादीको बोतल फेला नपरेको भए वा ती बालकले सबै कुरा नभनेका भए त्यहाँका प्रधानाध्यापकको हालत के हुन्थ्यो ? के यो घटना राष्ट्रिय समाचार बन्ने थिएन ? के टेलिभिजन र पत्र-पत्रिकाले यसलाई ठूलो स्वरमा मुसलमानमाथि दोषारोपण गर्दैनथे ? यी हिन्दुत्ववादी गुन्डाहरूले एक मुसलमान शिक्षकलाई झुटो आरोपमा फसाउने षड्यन्त्र गरेका थिए, तर यो योजना सजिलै मुसलमानविरुद्धको व्यापक घृणा अभियानलाई अझ बढाउने हतियार बन्न सक्थ्यो। भाग्यवश, यो भएन। तर, प्रश्न त अझै उठ्छ नै, किन यो समाचारलाई मिडियाले दबायो ? र, किन हामीमध्ये धेरैले यसबारे वास्तै गरेनौं ?

यो मौनताले हाम्रो सञ्चारमाध्यमको नैतिक पतन उजागर गर्छ। र, यसले हाम्रो समाजको नैतिक खोक्रोपन पनि देखाउँछ। मिडियाले आफूलाई भारतका जनताप्रति उत्तरदायी ठान्दैनन्। अहिले उनीहरूको भूमिका मुस्लिमविरोधी प्रोपगान्डाको सहायक बन्नु मात्र हो। हिन्दुत्ववादी संगठनको वास्तविक अनुहार उजागर गर्नु मिडियाको चासो रहेन, किनभने उनीहरू आफैं ती संगठनका विस्तारकर्ता बनेका छन्। कोभिड-१९ महामारी सम्झनुहोस्। त्यसवेला मिडियाले तब्लिघी जमात (मुसलमान श्रद्धालुको तीर्थयात्रा)का सदस्यले



तस्बिर : फ्लिकआर

जानी-जानी भाइरस फैलाइरहेको झुट फैलाएका थिए। मुसलमानले तरकारी, खानेकुरामा थुकिरहेका छन् भन्ने आधारविहीन रिपोर्ट बारम्बार फैलाइयो। यी झुटका लागि कोही पनि कारबाहीका भागीदार भएनन्। तर, यसको परिणामस्वरूप हजारौं मुसलमानले रोजगारी गुमाए, धेरै पक्राउ परे र पछि अदालतले आरोप पूर्ण रूपमा झुटो ठहर गरेपछि मात्र छुटे। तर, यस्तो घृणा फैलाउने कामका लागि कुनै सरकारी अधिकारी या समाचार च्यानलले कुनै परिणाम भोग्नुपरेन। किन ? हिन्दुत्ववादी मानसिकताका अनुसार मुसलमानविरुद्ध घृणा फैलाउन झुट प्रयोग गर्नु स्वीकार्य छ।


हिन्दुत्ववादी संगठनको इतिहास हेर्दा झुटलाई पहिल्यै हतियारका रूपमा परीक्षण गरिएको र यसको पुस्तान्तरण भएको देखिन्छ। तसर्थ, कर्नाटकमा भएको कृत्य पहिलो होइन। हालका वर्षमा मुसलमानलाई फसाउन कर्नाटकमा हिन्दुत्ववादी कार्यकर्ता स्वयंले 'पाकिस्तान जिन्दावाद' भनेर नाराबाजी गर्ने वा पाकिस्तानको झन्डा फहराउने घटना घटेका छन्। वास्तवमा श्रीराम सेनेले जे गऱ्यो, त्यस्तै काम राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस)ले पहिले गर्दै आएको थियो। केरलामा दसकौंसम्म आरएसएसमा स्वयंसेवकका रूपमा कार्यरत रहेका सुदिश मिन्नीको अनुभव नै हेर्दौं। आफ्नो आत्मकथामा 'स्वयंसेवकले नै विपत्ति सिर्जना गर्छन्। उनीहरूले नै मन्दिरलाई हरियो रंग छ्याप्ने र मन्दिरको आँगनमा मरेको गाई फ्याँक्ने गरेका छन्। उनीहरू विभिन्न प्रकारका हतियार जम्मा गर्छन् ...' भनेर लेखेका थिए। फेलिक्स पल र नेहा चौधरीको लेखमा मिन्नी र अन्य चार पूर्वस्वयंसेवकका स्वीकारोक्ति स्पष्ट रूपमा प्रस्तुत छन्। लेखकद्वयको भनाइमा आरएसएसका कार्यकर्ताले हिंसा सिर्जना गर्छन् र त्यसको दोष मुसलमानमाथि थोपर्छन्। यो अपवाद नभई नियोजित र स्थापित उपाय हो।

तसर्थ, कर्नाटकको घटना डरलाग्दो छ। तर, थप डरलाग्दो के हो भने हाम्रो समाजले यो घटनामा आँखा चिम्लिएको छ। के हिन्दु समाजका यति विषाक्त भइसकेको छ कि मुसलमानलाई प्रताडित गर्न आफ्नै छोराछोरीलाई पनि बलिको बोको बनाउन ऊ तयार भएको हो ? यो सम्भवतः हामी हिन्दुले आफैंलाई सोध्नुपर्ने प्रश्न हो।

(अपूर्वानन्द दिल्ली विश्वविद्यालयमा हिन्दी अध्यापन गर्छन्)
द वायरबाट

भारतीय सामानमा ट्रम्पको ५०% शुल्क र क्वाडको भविष्य

ट्रम्पको भन्सार वृद्धिले क्वाड्रिलेटरल सेक्युरिटी डायलग अर्थात् क्वाडलाई कमजोर पार्न सक्ने भारतीय सुरक्षा अधिकारी, कूटनीतिज्ञ र विश्लेषकको चिन्ता



> व्यापार विवादले भारत-अमेरिका द्विपक्षीय सम्बन्धका सबै आयामलाई प्रभावित बनाउने देखिन्छ। दिल्ली र वासिङटनले यो विवाद सुल्झाउन असफल भए भने उनीहरूले एक-अर्काको विश्वास गुमाउने मात्र होइन, सम्भवतः इन्डो-प्यासिफिक क्षेत्रमाथिको प्रभुत्व चीनलाई सुम्पने जोखिम पनि उठाउनेछन्।

अमेरिकाले भारतीय उत्पादनमाथि ५० प्रतिशत भन्सार लगाएपछि भारतको रणनीतिक वृत्तमाझ यस कदमले 'क्वाड्रिलेटरल सेक्युरिटी डायलग' वा क्वाडलाई कमजोर पार्न सक्ने बहस सुरु भएको छ। क्वाडको आगामी भेला नयाँदिल्लीमै हुँदै छ। त्यसमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसहित समूहका चारै देशका नेता सहभागी हुने कार्यक्रम छ। सार्वजनिक रूपमा नस्विकारिएको भए पनि, दिल्लीका शीर्ष नीति-निर्मातामाझ अमेरिकाको पछिल्लो कदमले अझै पनि भारतलाई अमेरिकाले विश्वसनीय साझेदारभन्दा व्यवस्थापन गर्न सकिने कनिष्ठ साझेदारको रूपमा हेर्ने गरेको विश्वासलाई बलियो बनाएको छ। यसले गर्दा द्विपक्षीय रणनीतिक साझेदारीको वास्तविक प्रकृतिलाई लिएर भारतीय संस्थापनभित्र लामो समयदेखि उत्पन्न शंकालाई पुनः बल दिएको छ।

व्यापार विवादले भारत-अमेरिका द्विपक्षीय सम्बन्धका सबै आयामलाई प्रभावित बनाउने देखिन्छ। यदि दिल्ली र वासिङटनले यस विवादलाई सल्ट्याउन असफल भए भने उनीहरूले एक-अर्काको विश्वास गुमाउने मात्र होइन, सम्भवतः इन्डो-प्यासिफिक क्षेत्रमाथिको प्रभुत्व चीनलाई सुम्पने जोखिम पनि मोल्नेछन्।

भारतीय सुरक्षा अधिकारी, कूटनीतिज्ञ र विश्लेषकमाझ अहिले ट्रम्पको भन्सार वृद्धिले क्वाडजस्ता संयन्त्रमार्फत वासिङटनसँग रणनीतिक र सैन्य रूपमा धेरै नजिकिँदाको परिणामप्रति चिन्ता बढाएको छ। हुन त क्वाड एक अनौपचारिक समूह हो, तर यो निर्णायक इन्डो-प्यासिफिक नौसेना समूह बन्ने देखिन्छ, जसमा भारत, अमेरिका, जापान र अस्ट्रेलिया समावेश छन्। भारतीय नीति-निर्मातामाझ लामो समयदेखि सुषुप्त रहेको यो आशंका पछिल्लो दुई दशकको अवधिमा वासिङटन र दिल्लीबिच बढ्दो नजिकताले केही हदसम्म कम भएको थियो। तर, अहिले ट्रम्पको भन्सारले पुरानो आशंका पुनः बलशाली भएपछि यसले क्वाडको भविष्यलाई प्रभावित बनाउने देखिन्छ।

'मुख्य कुरा संस्थाको रूपमा क्वाड रातारात ध्वस्त हुन्छ कि हुँदैन भन्ने होइन, भन्सार प्रकरणले यसलाई टिकाउने राजनीतिक पुँजी नष्ट हुने सम्भावना बढेको छ,' नयाँदिल्लीस्थित सासिया सेक्युरिटी-रिस्क कन्सल्टेन्सीमा आबद्ध ब्रिगेडियर राहुल भोंसलेले भने। भोंसलेका अनुसार क्वाड एक रणनीतिक आबद्धता मात्र भएको धेरै हदसम्म सहमति र विश्वासमा टिकेको समूह हो। यस्तोमा कुनै एक सदस्य, अझ विशेष गरी समूहको सबैभन्दा शक्तिशाली सदस्य अमेरिकाले भारतजस्तो अर्को सदस्यको अपमान गर्दा क्वाडको विश्वसनीयता र एकतामै प्रतिकूल असर पर्ने निश्चित रहेको भोंसलेले भने।

सन् १९७० देखि सन् २००० को दशकको सुरुवातसम्म भारत र अमेरिकाको सम्बन्धमा उल्लेख्य अविश्वास थियो। ट्रम्पको पछिल्लो कदममा कैयौं भारतीय अधिकारीले पुराना दिनको प्रतिबिम्ब देख्न थालेका छन्। दसकौंको अमेरिकी उदासीनता र शत्रुताले आकार दिएका अधिकारीहरूमाझ अमेरिकाप्रतिको नकारात्मक भावना अहिले सबैभन्दा गहिरो बनेको छ।



● राहुल वेदी
वेदी नयाँदिल्लीमा रहेर रणनीति, सेना र सुरक्षा मामिलामा कलम चलाउँछन्

> सन् १९७० देखि सन् २००० को दशकको सुरुवातसम्म भारत र अमेरिकाको सम्बन्धमा उल्लेख्य अविश्वास थियो। ट्रम्पको पछिल्लो कदममा कैयौं भारतीय अधिकारीले पुराना दिनको प्रतिबिम्ब देख्न थालेका छन्।

'पारस्परिक राजनीतिक सद्भावना क्वाडलाई बल प्रदान गर्ने इन्जिन थियो। तर, भन्सार वृद्धिले यसमा ठुलो छिद्र बनाएको छ,' अमेरिकी नौसेनासँगको वार्षिक मालाबार अभ्यासमा बारम्बार भाग लिएका एकजना भारतीय नौसैनिक अधिकारीले भने।

डिसेम्बर २००४ को हिन्द महासागरमा आएको विशाल सुनामीपछि संयुक्त विपत् राहत प्रयासपछि सन् २००७ मा परिकल्पना गरिएको क्वाड क्षेत्रीय सुरक्षा र साझा लोकतान्त्रिक मूल्यमा केन्द्रित अनौपचारिक मञ्चका रूपमा अघि बढ्यो। त्यसपछिको एक दशकसम्म यो सुस्त रह्यो। तर, बेइजिङको सैन्य र आर्थिक दृढताप्रतिको बढ्दो चिन्ताको बिचमा सन् २०१७ मा समूहले पुनर्जीवित पायो। त्यसपछिका वर्षहरूमा, यसले रणनीतिक प्रासंगिकता प्राप्त गर्दा इन्डो-प्यासिफिक क्षेत्रमा समुद्री सुरक्षा, पूर्वाधार, प्रविधि र खोप आपूर्ति शृंखलामा सहयोगको एक प्रमुख प्लाटफर्ममा विकसित भयो। तथापि, समूहले अझै औपचारिक गठबन्धन प्रतिबद्धता भने सार्वजनिक गरेको छैन।

■ अमेरिका-पाकिस्तान पहलले बढाएको चिन्ता

आफ्नोतर्फबाट भारतले क्वाडलाई हिन्द-प्रशान्त क्षेत्रमा प्रारम्भिक सैन्यशक्ति र कूटनीति सन्तुलन गर्न उपयोगी संयन्त्रको रूपमा हेरेको छ। तर, भारत यसलाई नेटोजस्तो सैन्य गठबन्धन बनाउन अनिच्छुक देखिन्छ। निरन्तर चिनियाँ दबाब वा सैन्य आक्रामकतामा अमेरिका सहयोगी हुनेमा भारत विश्वस्त छैन। पछिल्ला केही वर्षभित्रका केही अनुभवले पनि उसमा यो विश्वास विकास गरेको हो। उदाहरणका लागि, दुई दशकको उपस्थितिपछि अफगानिस्तानबाट वासिङटनको अचानकको फिर्ती र युक्रेनलाई सैन्य सहायता दिने कुरामा देखिएको उतारचढावले वासिङटनको नीतिगत स्थिरतामा भारत विश्वस्त छैन।

यसबाहेक, क्वाडलाई चीनको प्रतिरोध गर्ने र लोकतान्त्रिक गठबन्धनको रूपमा प्रस्तुत गर्ने अमेरिकी रणनीतिक भारतको प्रतिबद्धतासँग मेल खाँदैन। यस्तो अवस्थामा भविष्यमा चीनलाई नियन्त्रण गर्ने वासिङटनको रणनीतिमा दिल्ली तानिन सक्ने चिन्ता नयाँदिल्लीमा छाएको छ। त्यस्तोमा भारतको सार्वभौम निर्णय लिने क्षमता नै प्रभावित हुनेछ।

भन्सार वृद्धि र अमेरिका-पाकिस्तानबिचको घनिष्टता एकै समयमा भएको छ। अमेरिका पाकिस्तानबिच पछिल्लो समय एकाएक सैन्य संलग्नता बढेको छ। त्यसबाहेक अमेरिकाले भारत र पाकिस्तानलाई जोडेर सम्बोधन गर्न थालेपछि नयाँदिल्लीमा विश्वासघातको भावना बढेको छ।

अमेरिकाले पाकिस्तानी अधिकारीका लागि सैन्य प्रशिक्षण कार्यक्रम पुनः सुरु गरेको, रक्षा सहायता संयन्त्र पुनर्जीवित गरेको र आतंकवादविरोधी गतिविधिमा इस्लामाबादसँगको संलग्नता बढाउन थालेपछि भारतले अमेरिकालाई असहज रूपमा हेर्न थालेको थियो। अप्रिलमा पहलगाममा २५ जनाको हत्यालाई उजागर गर्न उच्चस्तरीय भारतीय संसदीय प्रतिनिधिमण्डलले वासिङटन भ्रमण गरेपछि अमेरिकाले पाकिस्तानसँग तेल र ग्यास अन्वेषण, दुर्लभ सहयोग, विस्तारित क्रिप्टो-वित्तीय लेनदेनजस्ता विषयमा सम्झौता गरेपछि दिल्ली थप चिन्तित छ।

क्वाडको मामिलालाई थप जटिल बनाउने काम गरिरहेको छ- 'ओकस'मा अस्ट्रेलियाको भूमिकाले। सन् २०२१ मा अमेरिका, अस्ट्रेलिया र बेलायत मिलेर बनेको यस त्रिपक्षीय सम्झौताले आणविक-सञ्चालित आक्रमण पनडुब्बी (एसएसएन) र इन्डो-प्यासिफिकमा चीनको दृढतालाई सन्तुलनमा राख्न उन्नत सैन्य प्रविधि बढाउने वाचा गरेको छ। उसो त ओकस र क्वाडबिच औपचारिक रूपमा प्रतिस्पर्धा छैन तर दुई समूहबिचको विशेषताले केही असर पर्ने देखिन्छ। ओकस कठोर रूपमा जोडिएको प्रविधिकेन्द्रित सैन्य गठबन्धन हो भने क्वाड एक खुकुलो मूल्यद्वारा निर्देशित फोरम हो। ओकस भारत र जापानलाई पन्छाएर विशेष गरी अंग्रेजीभाषी तीन देशको सुरक्षा संरचना पनि हो। यस्तोमा क्वाडको समेत सदस्य रहेका अस्ट्रेलियाले ओकसको तुलनामा क्वाडलाई दोस्रो प्राथमिकताको रूपमा हेर्छ भन्ने दिल्लीको आशंका छ।

- द वायरबाट

शान्तिवार्ताका नाममा रुसलाई युक्रेनी भूमि कुनै हालतमा दिन्नौं : जेलेन्स्की

किभ / युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले युक्रेनले शान्तिका नाममा रुसलाई आफ्नो भूमि कुनै हालतमा नदिने बताएका छन्। युद्ध अन्त्य गर्ने प्रयासमा वासिङटन र मस्कोले शिखर सम्मेलन गर्न सहमति जनाएपछि युक्रेनी राष्ट्रपतिले यस्तो बताएका हुन्। युक्रेन र युरोपले किभलाई वार्ताको हिस्सा बनाउनुपर्ने चेतावनीको बाबजुद पनि राष्ट्रपति भ्लादिमिर पुटिन र डोनाल्ड ट्रम्पले अगस्ट १५ मा अमेरिकी राज्य अलास्कामा भेटेर तीन वर्षदेखि चलिरहेको द्वन्द्व समाधान गर्ने प्रयास गर्नेछन्।

शुक्रबार शिखर सम्मेलनको घोषणा गर्दै ट्रम्पले थप विवरण नदिई 'युक्रेन र रुस दुवैको भलाइका लागि केही क्षेत्र साटासाट गरिने' बताएका थिए। 'युक्रेनीहरूले आफ्नो भूमि कब्जाकर्तालाई दिनेछैनन्,' जेलेन्स्कीले केही घण्टापछि सामाजिक सञ्जालमा भने। 'हामीविरुद्धको कुनै पनि निर्णय, युक्रेनविनाको कुनै पनि निर्णय पनि शान्तिविरुद्धको निर्णय हो। तिनीहरूले केही पनि हासिल गर्नेछैनन्,' उनले भने 'हामीविना वा युक्रेनविना युद्ध समाप्त हुन सक्दैन।'

बेलायतका प्रधानमन्त्री केयर स्टारमरसँगको टेलिफोन वार्तामा जेलेन्स्कीले युक्रेनका सहयोगीलाई दिगो शान्ति प्राप्त गर्ने दिशामा 'स्पष्ट कदम' चाल्न पनि आग्रह गरे। संयुक्त राज्य अमेरिका, इयू राष्ट्रहरू र बेलायतलगायत किभका सहयोगीका राष्ट्रिय सुरक्षा सल्लाहकार बेलायतमा पुटिन-ट्रम्प शिखर सम्मेलनअघि शनिबार भेला भएका थिए। यस वर्ष रुस र युक्रेनबिचको तीन चरणको वार्ता फलदायी हुन सकेको छैन र युद्धरत पक्ष आ-आफ्ना अडानमा अडिग रहेकाले शिखर सम्मेलनले शान्ति पुनर्स्थापित गर्छ वा गर्दैन भन्नेमा शंका छ। फेब्रुअरी २०२२ मा रुसले युक्रेनमा पूर्णस्तरीय आक्रमण सुरु गरेदेखि दसौं हजार मानिस मारिएका छन् भने लाखौं मानिस आफ्नो घर छोड्न बाध्य भएका छन्।



पुटिनले युद्धविरामका लागि संयुक्त राज्य अमेरिका, युरोप र किभबाट धेरैपटक गरिएको आह्वानको प्रतिरोध गरेका छन्। जेलेन्स्कीले किभ 'शान्ति पुनर्स्थापना गर्न सक्ने वास्तविक निर्णयका लागि तयार' रहेको बताए। २५ वर्षभन्दा बढी समयदेखि रुसमा सत्तामा रहेका पूर्वकेजिबी अधिकारी पुटिनले यस चरणमा जेलेन्स्कीसँग वार्ता गर्ने कुरालाई अस्वीकार गरेका छन्। युक्रेनका नेताले त्रिपक्षीय शिखर सम्मेलनका लागि जोड दिइरहेका छन् र बारम्बार पुटिनलाई भेट्नु नै शान्तितर्फ प्रगति गर्ने एक मात्र तरिका भएको बताएका छन्।



सन् १९६२ : सोभियत अन्तरिक्ष निकायद्वारा भोस्तक-३ प्रक्षेपण। चार दिनमा ६४ पटक पृथ्वीको परिक्रमा गर्ने पहिलो अन्तरिक्षयात्री एन्ड्रियान निकोलायेभ यो अन्तरिक्षयानमा सवार थिए।

अगस्ट ११ इतिहासमा आज

● **सन्** १९४३ : पाकिस्तानका पूर्वसैनिक शासक जनरल परवेज मुसर्रफको जन्म। सन् १९४३ मा भारतको नयाँदिल्लीमा जन्मिएका मुसर्रफको ७९ वर्षको उमेरमा ५ फेब्रुअरी २०२३ मा दुबईमा मृत्यु भएको थियो।

● **सन्** १९४८ : बर्लिन ओलम्पिकपछि लन्डनमा पहिलो ओलम्पिक खेल खेलियो बर्लिनपछि अर्को दुई खेल टोकियो र हेलसिंकीमा हुने तय भएकोमा दोस्रो विश्वयुद्धका कारण रद्द भयो। टेलिभिजनमा प्रसारित पहिलो ओलम्पिकलाई त्यतिखेर कठोर खेल भनेर चिनिन्थ्यो। यो युद्धपछिको अर्थतन्त्रका कारण आयोजक राष्ट्रले गर्नुपर्ने आर्थिक कटौतीबिच सम्पन्न भएको थियो।

● **सन्** १९६० : चाडले फ्रान्सबाट स्वतन्त्रता प्राप्त गऱ्यो। मध्य अफ्रिकी देश कौसेरीको युद्धपछि सन् १९०० मा फ्रान्सेली शासनको अधीनमा रह्यो। फ्रान्कोइस टोम्बलबे स्वतन्त्र चाडको पहिलो राष्ट्रपति बने।

● **सन्** १९९० : इराकलाई अतिक्रमणबाट जोगाउने अंशको रूपमा इजिप्ट र मोरक्कोका फौज साउदी अरेबिया पुगे।

BINDHYABASINI HYDROPOWER DEVELOPMENT COMPANY LIMITED

New Baneshwor-10, Kathmandu, Nepal

Web: bindhyabasinihydro.com.np Email: info.bhdc@rmgroup.com.np

Unaudited Statement of Financial Position As on 32nd Ashar 2082 (16th July, 2025)

Amount in NRs.

Particulars	Un-audited This Quarter Ending Ashar 2082	Un-audited This Quarter Ending Chaitra 2081	Audited Corresponding Previous Year Quarter Ending Ashar 2081
ASSETS			
Non-Current Assets			
Property, plant and equipment	9,383,854	10,030,107	10,315,611
Intangible assets	2,482,545,362	2,509,840,584	2,560,790,260
Financial assets			
Other investments	273,446,562	265,476,460	247,811,742
Advance and Deposits	380,000	380,000	380,000
Other non-current assets	8,780,417	9,256,965	8,644,814
Total Non-Current Assets	**2,774,536,196**	**2,794,984,116**	**2,827,942,427**
Financial assets			
Cash and Cash equivalents	14,581,976	25,431,245	19,227,443
Advance and Deposits	4,965,123	19,294,783	8,201,010
Trade receivables	69,020,917	37,231,374	49,569,429
Other current assets	12,237,497	18,662,858	21,861,301
Total Current Assets	**100,805,513**	**100,620,260**	**98,859,182**
Total Assets	**2,875,341,709**	**2,895,604,376**	**2,926,801,609**
Equity			
Equity share capital	1,129,800,000	1,129,800,000	1,050,000,000
Other equity	105,878,947	114,670,115	127,954,693
Total Equity	**1,235,678,947**	**1,244,470,115**	**1,177,954,693**
Non-Current Liabilities			
Financial liabilities			
Borrowings	1,537,675,163	1,564,589,445	1,564,540,604
Other financial liabilities	16,034,085	16,034,085	20,963,141
Total Non-Current Liabilities	**1,553,709,248**	**1,580,623,530**	**1,585,503,745**
Current Liabilities			
Financial liabilities			
Borrowings	68,961,000	55,763,000	156,611,000
Trade payables	6,447,071	5,492,731	3,650,302
Provisions	1,254,490	14,135	1,048,753
Other current liabilities	9,290,952	9,240,865	2,033,116
Total Current Liabilities	**85,953,513**	**70,510,732**	**163,343,171**
Total Liabilities	**1,639,662,762**	**1,651,134,262**	**1,748,846,916**
Total Equity and Liabilities	**2,875,341,709**	**2,895,604,376**	**2,926,801,609**

Unaudited Income Statement For the period 1st Shrawan, 2081 to 32nd Ashar, 2082

Particulars	Un-audited This Quarter Ending Ashar 2082	Un-audited This Quarter Ending Chaitra 2081	Audited Corresponding Previous Year Quarter Ending Ashar 2081
Revenue	388,379,352	307,498,187	365,376,319
Cost of Sales	9,379,126	7,350,258	8,895,049
Gross profit	**379,000,226**	**300,147,929**	**356,481,271**
Other income	1,795,999	667,086	668,756
Administrative and other operating expenses	57,914,676	41,096,371	51,805,531
Repair & Maintainance Expenses	21,939,054	14,266,309	8,378,968
Depreciation	2,842,923	2,101,700	2,820,128
Amortisation	102,722,103	76,108,081	101,898,970
Profit or loss before finance cost and income taxes	**195,377,469**	**167,242,554**	**192,246,430**
Finance Cost	133,733,545	100,877,716	141,747,975
Profit or loss before tax and employee bonus	**61,643,924**	**66,364,838**	**50,498,455**
Employee bonus expenses	1,232,878	-	1,009,969
Profit or loss after employee bonus	**60,411,046**	**66,364,838**	**49,488,486**
Income tax expenses	21,612	14,135	38,784
Profit or loss for the year	**60,389,434**	**66,350,703**	**49,449,702**
Other comprehensive Income:			
Equity instruments through other comprehensive income	1,534,820	4,364,718	(1,067,448)
Other comprehensive gain/(loss) for the year, net of tax	**1,534,820**	**4,364,718**	**(1,067,448)**
Total Comprehensive gain/(loss) for the year, net of tax	**61,924,254**	**70,715,422**	**48,382,254**

Note:

1. The Unaudited Financial figures are subject to change from external auditors and regulatory authorities.
2. The figures are regrouped and rearranged where necessary.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३, अनुसुची-१४ (नियम २६ को उपनियम १ सँग सम्बन्धित)

१. वित्तीय विवरण :

क) आ. ब. २०८१/८२ को चौथो त्रैमासीक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धि विवरण : यसै साथ प्रकाशित गरिएको छ।

ख) प्रमुख वित्तीय अनुपातहरु सम्बन्धि विवरण।

विवरण	प्रति शेयर आम्दानी (रु.)	प्रति शेयर नेटवर्थ (रु.)	प्रति शेयर मुल्य (रु.)	तरलता अनुपात
यस त्रैमासको अन्त्य सम्ममा	५.३५	१०९.३७	४९३.६३	१.१७

२. व्यवस्थापकीय विश्लेषण :

क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धि विवरण: यस अवधिमा शुख्खायामको कारण पानीको बहाव घट्न गएको हुँदा Contracted Energy भन्दा थोरै Energy Generation भएको देखिन्छ। तर गत वर्षको तुलनामा विद्युत बिक्रिबाट प्राप्त हुने आम्दनी बढ्न गएको देखिन्छ।

ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण: कम्पनीले थप जलविद्युत आयोजना छनौट गर्ने तथा निर्माणाधीन आयोजनाहरुमा समेत समेत लगानी गर्दै जाने। कम्पनीले हालसम्म पिपुल्स इनर्जी लि. (खिम्ती २ जलविद्युत आयोजना ४८.८० मे.वा.), मल्टी इनर्जी डेभलपमेण्ट कम्पनी लि. (लाइटाड खोला आयोजनाहरुमा जलविद्युत आयोजना २०.०० मे.वा.), वलेफी इनर्जी प्रा.लि. (वलेफी खोला जलविद्युत आयोजना ४०.०० मे.वा.) र नेपाल पावर एकस्चेञ्ज लि. मा लगानी गरिसकेको छ।

३. कानूनी कारवाही सम्बन्धी विवरण :

क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए : सो नभएको।

ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए : सो नभएको।

ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए : सो नभएको।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :

क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा,

यस संस्थाको साधारण शेयरको मुल्य बजारमा हुने खुल्ला कारोबारले निर्धारण गर्ने हुँदा व्यवस्थापनको धारणा तटस्थ रहेको छ।

ख) त्रैमासिक अवधिको अन्त्य सम्ममा शेयर कारोबार सम्बन्धि विवरण

शेयरको अधिकतम मूल्य (रु)	शेयरको न्यूनतम मूल्य (रु)	शेयरको अन्तिम मूल्य (रु)	जम्मा शेयर कारोबार सङ्ख्या
५०७.००	४८५.२०	४९३.६३	२८५.००

५. समस्या तथा चुनौति :

कम्पनीमा आई पर्ने चुनौति तथा समस्याहरुका सम्बन्धमा संचालक समितिले उचित विश्लेषण तथा छलफल गरी रणनिति बनाई सो को निराकरणको उपायहरु आवलम्बन गर्ने। उपायहरु अपनाउँदै आएको छ।

६. संस्थागत सुशासन :

कम्पनीको आर्थिक कारोबारलाई व्यवस्थित गर्न कमपनीको आर्थिक तथा कर्मचारी विनियमावली २०७५ बमोजिम कार्य सम्पादन गर्दै आएको छ। साथै आर्थिक कारोबारलाई व्यवस्थित र पारदर्शी बनाउन आन्तरिक र बाह्य लेखा परिक्षण कार्यलाई नियमित गरिएको छ।

७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

फलोअप ओटिसीमा पाँच अर्बको सेयर कारोबार : कर छलीको आशंकामा अनुसन्धान

सन्दिग्ध कारोबार गर्ने ६० कम्पनीको कागजात मगाएर थालियो अध्ययन

नेप्सेमा सूचीकृत नभएका ६० कम्पनीको पाँच लाख रुपैयाँभन्दा बढीको सेयर कारोबारमा पुँजीगत लाभकर छली भएको आशंका

पवन तिमिल्सिना/नयाँ पत्रिका

ओभर द काउन्टर (ओटिसी) बजारमार्फत हुने सेयर कारोबारमा पुँजीगत लाभकर छलीको आशंकामा एक वर्षदेखि अनुसन्धान गरिरहेका आन्तरिक राजस्व कार्यालयहरूले सन्दिग्ध ६० कम्पनीको आर्थिक वर्ष ०७५/७६ यताका लेखा परीक्षण प्रतिवेदन र सेयर कारोबारसम्बन्धी विवरण झिकाएर अध्ययन थालेका छन् ।

आन्तरिक राजस्व विभागअन्तर्गतका ठुला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय र राजस्व कार्यालयहरूले आ-आफ्ना क्षेत्राधिकारअन्तर्गतका ६० कम्पनीको ओटिसी बजारमा भएका सेयर कारोबारको अनुसन्धान गरिरहेका छन् । ठुला करदाता कार्यालयअन्तर्गत एउटा कम्पनीमाथि अनुसन्धान भइरहेको कार्यालयका सूचना अधिकारी ध्रुव पाण्डेले जानकारी दिए ।

आर्थिक वर्ष ०७५/७६ यताका लेखा परीक्षण प्रतिवेदन र सेयर कारोबारसम्बन्धी विवरण झिकाएर राजस्व कार्यालयहरू जुटे अनुसन्धानमा

'कार्यालयबाट गएको टोलीले प्रारम्भिक अनुसन्धानका क्रममा नेपाल स्टक एक्सचेन्जका अधिकारीहरूसँग सोधपुछ गरेको थियो । सुरुवाती छलफलमा हालसम्म उहाँहरूले नेटवर्थभन्दा कम मूल्यमा कारोबार नहुने गरी मात्रै ओटिसी बजारमा कारोबार गर्न पाउने व्यवस्था गरिएको बताउनुभयो । त्यसपछि सरसर्ती अध्ययन गर्दा कुनै कैफियत देखिएन । अहिले भने ०७५ यताका सबै लेखा परीक्षण प्रतिवेदन र कारोबार विवरण मगाएर टोलीले अनुसन्धान गरिरहेको छ,' उनले भने ।

उनका अनुसार कम्पनीको नेटवर्थलाई नै आधार बनाएर कर छल्ने नियतले कम मूल्यमा किनबेच भएको वा नभएको विषयमा राजस्व कार्यालयहरूले आव ०७५/७६ देखि ०८०/८१ सम्मको विवरण झिकाएर अनुसन्धान गरिरहेका छन् । धितोपत्र बोर्डका अनुसार आव ०८०/८१ मा अनुसन्धानको घेरामा रहेका कम्पनीको पाँच अर्ब चार करोड रुपैयाँबराबरको कारोबार भएको थियो ।

राजस्व कार्यालयहरूले आव ०८०/८१ को कारोबारमा सबैभन्दा बढी अनुसन्धान केन्द्रित गरेका छन् । आव ०७९/८० मा दुई अर्ब ६९ करोड, आव ०७८/७९ मा दुई अर्ब ३५ करोड, आव ०७७/७८ मा दुई अर्ब ६३ करोड, आव ०७६/७७ मा एक अर्ब ८९ करोड र आव ०७५/७६ मा दुई अर्ब एक करोड रुपैयाँको सेयर कारोबार भएको थियो । नेप्सेका अनुसार गत आव ०८१/८२ मा भने ओटिसी कारोबारबाट १० करोड ३५ लाख रुपैयाँ पुँजीगत लाभकर संकलन भएको छ । ओटिसीमा कुल दुई अर्ब ९५ करोड ४३ लाख रुपैयाँको सेयर कारोबार भएको थियो ।



● **ध्रुव पाण्डे**, सूचना अधिकारी, ठूला करदाता कार्यालय

प्रारम्भिक अनुसन्धानमा स्टक एक्सचेन्जका अधिकारीसँग सोधपुछ गर्दा नेटवर्थभन्दा कम मूल्यमा कारोबार नहुने गरी मात्रै ओटिसी बजारमा कारोबार गर्न पाउने जानकारी प्राप्त भयो । अहिले ०७५ यताका सबै लेखा परीक्षण प्रतिवेदन र कारोबार विवरण मगाएर टोलीले अनुसन्धान गरिरहेको छ ।



● **मुराहरि पराजुली**, प्रवक्ता, नेपाल स्टक एक्सचेन्ज

ओटिसी बजारमा खरिदकर्ता र बिक्रीकर्ताबिचको आपसी समझदारीमा हुने गरेको छ । यद्यपि, प्रतिकित्ता नेटवर्थभन्दा कम मूल्यमा किनबेच नहुने विषयमा भने नेप्से सजग छ । नेटवर्थभन्दा कम मूल्यमा कारोबार गर्न नहुने भन्ने कानुनी व्यवस्था छैन ।

■ कति लिइन्छ पुँजीगत लाभकर ?

नेप्सेमा सूचीकृत कम्पनीमा व्यक्तिले गर्ने सेयर किनबेचबाट प्राप्त हुने लाभमा अल्पकालीन सेयर कारोबारीलाई ७.५ प्रतिशत र न्यूनतम एक वर्ष पर्खिएर कारोबार गर्ने लगानीकर्ताको हकमा ५ प्रतिशत कर लाग्ने व्यवस्था छ । अर्थात्, तीन सय ६५ दिनभित्रको कारोबार छ भने ७.५ प्रतिशत र सोभन्दा बढी अवधिमा किनबेच भएमा ५ प्रतिशत कर लाग्ने व्यवस्था छ । संस्थागत निकायबाट हुने किनबेचमा स्वदेशीको हकमा १० प्रतिशत र विदेशीको हकमा २५ प्रतिशत कर लाग्ने व्यवस्था छ । नेप्सेमा सूचीकृत नभएका कम्पनीको सेयर कारोबार हुने अवस्थामा भने व्यक्तिको हकमा १५ प्रतिशत र स्वदेशी कम्पनीको हकमा १५ प्रतिशत कर लाग्ने व्यवस्था छ ।



नेटवर्थभन्दा कम मूल्यमा हुने कारोबार रोक्न कानुनी चुनौती



राजस्व कार्यालयले किनबेचमा हुने कर छलीलाई कम्पनीको नेटवर्थका आधारमा अनुसन्धान गर्दा कानुनी रूपमा चुनौतीपूर्ण देखेका छन् । किनभने, ओटिसी बजारमा कारोबार हुने सेयरको मूल्य किन्ने र बेच्ने पक्षबिचको आपसी समझदारीमा निर्धारण हुँदै आइरहेको छ ।

नेपाल स्टक एक्सचेन्जका प्रवक्ता मुराहरि पराजुलीले सामान्यतया सूचीकृत कम्पनीको हकमा कम्पनीको सेयरको बजार मूल्य माग र आपूर्तिका आधारमै निर्धारण हुने गरेको छ भने सूचीकृत नभएका कम्पनीको ओटिसी बजारमा खरिदकर्ता र बिक्रीकर्ताबिचको आपसी समझदारीमा हुने गरेको छ । यद्यपि, प्रतिकित्ता नेटवर्थभन्दा कम मूल्यमा किनबेच नहुने विषयमा भने नेप्से सजग रहने गरेको उनको भनाइ छ । उनले भने, 'नेटवर्थभन्दा कम मूल्यमा कारोबार गर्न नहुने भन्ने कानुनी व्यवस्था छैन । हामीले सैद्धान्तिक रूपमा त्यसको पालना गराइरहेको अवस्थाचाहिँ हो ।'

नेटवर्थको मूल्यांकनको वास्तविक आधार कम्पनीको लेखा परीक्षण प्रतिवेदन तयार पार्ने लेखा परीक्षकको आधिकारिकतामा भर पर्ने उनको भनाइ छ । 'आधिकारिक रूपमा दर्ता भएका लेखा परीक्षकलाई नै विश्वास गरेर कम्पनीको लेखा परीक्षण प्रतिवेदनमा उल्लेख भएको नेटवर्थ हेरिँदै आइएको छ । तर, नेटवर्थकै आधारमा कम्पनीको सेयर किनबेचको मूल्य निर्धारण हुने विषयमा कानुनले स्पष्ट आधार तोकेको छैन,' उनले भने ।

बेरुजु फर्स्योट गर्न लेखा समितिको निर्देशन

बुटवल/ लुम्बिनी प्रदेश सभाअन्तर्गतको सार्वजनिक लेखा समितिले बेरुजु बढ्दै गएपछि नियन्त्रण गर्न सरकारलाई निर्देशन दिएको छ । बेरुजु फर्स्योट उपसमिति बनाएर केही दिनयता लगातार छलफल गर्दै आएको लेखा समितिले आइतबारको बैठकमा मुख्यमन्त्री चेतनारायण आचार्यसहित मन्त्रीहरूलाई बोलाएर छिटो बेरुजु फर्स्योट गर्न निर्देशन दिएको हो ।

उपसमितिका संयोजक विष्णुप्रसाद पन्थीले आइतबार सरकारलाई बेरुजु फर्स्योटका बारेमा निर्देशन दिइएको बताए । असुलउपर गर्नुपर्ने, पेस्कीको हिसाब मिलान गर्नुपर्नेलगायतका समस्या समाधान गरेर छिटो बेरुजु फर्स्योट गर्न निर्देशन दिएको उनले जानकारी दिए । बैठकमा बेरुजु फर्स्योटमा कमजोर देखिँदा सुशासनको अनुभूति दिलाउन चुनौती थपिने गरेको लेखा समिति सदस्य दीपेन्द्रकुमार पुनमगरले बताए ।

संघर्ष समिति बनाएर भैरहवा विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान गर्न दबाब

नियमित सञ्चालनमा नआए उपनिर्वाचन बहिष्कार गर्ने चेतावनी



सिद्धार्थनगर नगरपालिकाको अगुवाइमा बसेको बैठक



● **इस्तियाक अहमद खाँ**
प्रमुख, सिद्धार्थनगर

विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान नहुँदासम्म निरन्तर कार्यक्रम राखेर सरकारलाई दबाब दिनेछौं ।



● **उमा अधिकारी**
उपप्रमुख, सिद्धार्थनगर

भन्सार र एयरपोर्ट बन्द गर्ने होइन, अन्य माध्यमबाट दबाब सिर्जना गर्नुपर्छ, तर जसरी हुन्छ, विमानस्थल चल्नुपर्छ ।



● **चन्द्रप्रकाश श्रेष्ठ**, अध्यक्ष, सिद्धार्थ होटेल संघ

हामीले प्रदेशदेखि संघका सबै सरकारी अधिकारीलाई भेटेर ध्यानाकर्षण गराइसकेका छौं, सरकारले नसुनेपछि आन्दोलनको विकल्प छैन ।

भैरहवामा **दीपेश पछाई**

भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान सुरु गर्न सरकारलाई दबाब दिन सिद्धार्थनगर नगरपालिका प्रमुख इस्तियाक अहमद खाँको नेतृत्वमा संघर्ष समिति गठन गरिएको छ ।

आइतबार सिद्धार्थनगर नगरपालिकामा भएको बैठकले उद्योगी, जनप्रतिनिधि र स्थानीय बासिन्दालाई समेटेर संघर्ष समिति गठन गरिएको नगर प्रमुख खाँले जानकारी दिए । उनका अनुसार समितिको सहसंयोजकमा सिद्धार्थनगरकी उपप्रमुख उमा अधिकारी र सदस्यहरूमा सिद्धार्थनगर होटेल संघका अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठ, सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्रप्रसाद आचार्य र उद्योग व्यापार संगठन, रुपन्देहीका अध्यक्ष दर्पण श्रेष्ठ छन् । त्यस्तै, सिद्धार्थ उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष महेन्द्रकुमार श्रेष्ठ, संघकै पूर्वअध्यक्ष तथा पर्यटन व्यवसायी विष्णुप्रसाद शर्मा र सिद्धार्थ सञ्जाल, रुपन्देहीका अध्यक्ष अनिलकुमार ज्ञवाली सदस्य छन् । समितिले एक हप्ताभित्रमा विमानस्थल सञ्चालनमा देखिएका समस्या, समाधानका उपाय र संघर्षका कार्यक्रमबारे खाका तयार पारेर सार्वजनिक गर्ने संयोजक खाँले जानकारी दिए ।

उपचुनाव बहिष्कारसम्मका कार्यक्रम गर्न संघर्ष समितिलाई दबाब

बैठकमा सहभागी उद्योगी-व्यवसायी र स्थानीय तहका जनप्रतिनिधिले विमानस्थलबाट नियमित रूपले अन्तर्राष्ट्रिय उडान सञ्चालनमा नआए आगामी कात्तिक १७ मा तोकिएको रुपन्देही- ३ को उपनिर्वाचन बहिष्कार गर्नुपर्ने धारणा राखेका थिए ।

नगर प्रमुख खाँले आफैंले नेतृत्व लिएर जस्तोसुकै आन्दोलन गर्न तयार रहेको बताए । 'अन्तर्राष्ट्रिय उडानका लागि विमानस्थलमा आवश्यक कार्यालय खुलेका छैनन्, सरकारले हाम्रो कुरा केही गरे पनि सुनेन,' उनले भने, 'यदि यो विमानस्थल अभै पनि सञ्चालन हुँदैन भने उपनिर्वाचन बहिष्कार गरेर जानुपर्छ ।' उनले उपचुनाव बहिष्कारको सन्देश लिएर नगरभित्रका प्रत्येक घरमा पुग्न तयार रहेको पनि बताएका थिए ।

उपप्रमुख उमा अधिकारीले उपनिर्वाचन नजिकिँदै जाँदा सबै दलका ठुला नेता रुपन्देही आउने भएकाले पहिलो चरणमा ती नेतालाई भेटेर छलफल गरी दबाब सिर्जना गर्नुपर्ने बताइन् । 'भन्सार र एयरपोर्ट बन्द गरेर आन्दोलन गर्ने होइन्,' उनले भनिन्, 'अन्य माध्यमबाट दबाब दिऔं, तर जसरी हुन्छ, विमानस्थल चल्नुपर्छ,' अधिकारीले भनिन् ।

सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्रप्रसाद आचार्यले प्रधानमन्त्री केपी ओली भारत भ्रमणमा जान लागेकाले विमानस्थलको विषयलाई पहिलो एजेन्डा बनाएर लैजानुपर्ने बताए । संघका पूर्वअध्यक्ष तथा पर्यटन व्यवसायी विष्णुप्रसाद शर्माले विमानस्थल चलाउन आवश्यक कार्यालय खोलिनुपर्ने बताए ।

सिद्धार्थ होटेल संघ नेपालका अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठले आन्दोलनको विकल्प नभएको बताए । उद्योग व्यापार संगठन रुपन्देहीका अध्यक्ष दर्पण श्रेष्ठले सरकारकै इच्छाशक्ति नहुँदा नियमित सञ्चालनमा नआएको बताए । सिद्धार्थ सञ्जाल रुपन्देहीका अध्यक्ष अनिलकुमार ज्ञवालीले आउँदा दिनमा भन्सार नाका र विमानस्थल बन्द गरेर आन्दोलन गर्नुपर्ने बताए । सिद्धार्थ उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष महेन्द्रकुमार श्रेष्ठले सरकारले सुविधा दिँदासमेत विमान कम्पनी आकर्षित नभएकाबारे अध्ययन गर्न जरुरी रहेको बताए ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५३६७६२५/५३५८८६०, फ्याक्स: +९७७-१-५११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-५३६७६२५/५३५८८६० (एक्सटेन्सन: २०८/२२५/२२६)

हाइपोथिकेशन लिखत गरी दिएको सामान मौज्दात लिलाम बिक्री बोलपत्र आह्वान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले उपयोग गर्नुभएको ऋण कर्जा बैंकसँगको कर्जा सम्झौताको शर्त बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरिकाले गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नुभएको र मिति २०७७/११/०४ गतेको राष्ट्रियस्तरको दैनिक पत्रिका "अन्नपूर्ण पोष्ट" मा ऋण कर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा विभिन्न मितिको राष्ट्रियस्तरको दैनिक पत्रिकामा धितो लिलाम बिक्रि सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गर्दा समेत धितो सुरक्षणमा रहेको सम्पती बिक्री नभएको र ऋणी तथा जमानतकर्ताले समेत उक्त कर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिर्नु नबुझाउनु भएको हुदाँ ऋणीले बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नुभएकोले सो ऋण कर्जाको सुरक्षण बापत धितो लेखिदिएको तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि पुन: यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पति गोप्य शिलबन्दी बोलपत्र मार्फत् खरीद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको कर्जा असुली विभाग, त्रिपुरेश्वर, काठमाण्डौमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ । साथै हाइपोथिकेशन लिखत गरी दिएको सामान लिलाम बिक्रीको लागि बोलपत्र सूचना मार्फत खरिद गर्न इच्छुक बोलपत्रदाताहरुलाई अवलोकनको लागि तपसिलको मिति, समय र स्थानमा उपस्थित भई अवलोकन गर्नुहुन यसै सार्वजनिक सूचना मार्फत आव्हान गरिन्छ । प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण		
१)	१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा दर्ता नं. १९३४२ ९/०७५/०७६ अन्तर्गत मिति २०७५/०४/०३ मा कम्पनी ऐन २०६३, बमोजिम दर्ता भएको पर्सा जिल्ला, पर्सागढी न.पा. वडा नं. ४ स्थित **मन पसन्द बेभरेज नेपाल प्रा.लि.** **संचालकहरु** **१) अनिल कुमार व्याहुत, २) बबिता देवी व्याहुत**		
	धितोको विवरण		
	मन पसन्द बेभरेज नेपाल प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती उपर हाइपोथिकेशन सुरक्षणमा रहेको मिति २०७९/१०/२५ गतेको मुचुल्का बमोजिमका मौज्दात तथा मेशिनरीहरु		
	जमानीकर्ताहरुको विवरण		
	१) बबिता देवी व्याहुत ठेगाना: पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १२ बाबु: विरेन्द्र प्रसाद ससुरा: मदन कुमार कलवार पति: अनिल कुमार व्याहुत	**२) मदन कुमार कलवार** ठेगाना: पर्सा जिल्ला, विरगंज म.न.पा. वडा नं. १२ बाबु: लखन लाल कलवार बाजे: राम नारायण साह कलवार	**३) अनिल कुमार व्याहुत** ठेगाना: पर्सा जिल्ला, विरगंज म.न.पा. वडा नं. १२ बाबु: मदन कुमार कलवार बाजे: लखन लाल कलवार

नोट: ऋणी तथा प्रोप्राइटर बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नाम ऋणी तथा प्रोप्राईटरको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु.१०००।-(अक्षेरेपी एक हजार रुपैयाँ मात्र) तिरी प्राप्त गर्न सकिनेछ ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्नेछ ।
३) इच्छुक बोलपत्रकर्ताले लिलाम हुने जुस उत्पादन संग सम्बन्धीत विभिन्न सामानहरु Plant and Machinery उक्त मालसामानहरु निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा निम्न मिति, समय र स्थानमा उपस्थित भई अवलोकन गर्नसकिने छ ।
मिति: २०८२/०४/२९ गते, बिहिबार (सो दिन सार्वजनीक विदा परेमा विदा पश्चात लगातै कार्यलय खुलेको दिन)
अवलोकनको लागी खोलीने समय: बिहान ११:०० बजे
अवलोकनको कार्य बन्दगरिने समय: दिउसो ०२:०० बजे
स्थान: पर्सा जिल्ला, पर्सागडी न.पा. वडा नं. ४ मा दर्ता रहेको ऋणी कम्पनी मन पसन्द बेभरेज नेपाल प्रा.लि.
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको मोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) यस बैंकको कर्जा असुली विभाग, त्रिपुरेश्वर, काठमाण्डौमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितोजमानीकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लाग्नु हुनेछन् ।
६) गोदाममा रहेका लिलाम बिक्रि गरिने मालसामानको विवरण बोलपत्रमा उल्लेख गरिनेछ ।

बिक्रिमा रहेको सम्पतिको स्थान पहिचानको लागि GoogleMap

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै भ्यादै भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम् उपस्थित भई लिलाममाबाट कायम हुने धितो सम्पतिको मूल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरी वा बैंक आफै ले सकार गर्दा समेत सावितकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहिँ कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईएको छ ।

मदन भण्डारी लोकमार्गमा अर्थतन्त्रको 'हाई स्पिड'

चिल्लो र फराकिलो सडकले यात्रा मात्रै सहज बनाएको छैन, स्थानीय उत्पादनले सहजै बजार पाउने ग्यारेन्टी भएको छ भने आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यटन क्षेत्रमा सकारात्मक विकासको गति बढाएको छ

उदयपुरमा **विदुर कटवाल**

चुरे र महाभारत पर्वतको बिचभागमा निर्माण भएर सञ्चालनमा आएयता मदन भण्डारी लोकमार्गको उदयपुर खण्डको अर्थतन्त्रमा उभार आएको छ । लोकमार्ग सञ्चालनमा आएयता बाँसको खुट्टीमा टिनको छानो राखेर व्यापार गर्नेदेखि सुविधासम्पन्न होटेल सञ्चालन गर्नेको कारोबार बढेको छ भने विगतका साना बजारलाई सहरीकरणले छोपिसकेको छ ।

पूर्वबाट काठमाडौं जाने यात्रुवाहक तथा निजी सवारीसाधन बर्दीबास हुँदै घुमाउरो बाटो जानुको सट्टा उदयपुरबाट सिन्धुलीको भिमान निस्कने छोटो बाटो प्रयोग गर्ने गरेका छन् । काठमाडौंबाट पनि बिपी राजमार्ग हुँदै पूर्व जाने सवारीसाधन भिमान-उदयपुर-चतरा हुँदै इटहरी निस्कने गरेका छन् । जसकारण यात्रुको खाना-खाजा खाने स्थलको रोजाइमा उदयपुरको कटारी, नेपालटार, गाईघाट, बेल्टार, बसाहा, रामपुरलगायतका क्षेत्रका होटेल-रेस्टुरेन्ट पर्ने गरेका छन् ।

यी क्षेत्रमा मदन भण्डारी लोकमार्ग सञ्चालनमा आएयता होटेल-रेस्टुरेन्टको संख्या पनि ठुलो अन्तरले बढेको छ । होटेल तथा पर्यटन व्यवसायी संघ, उदयपुरका महासचिव ईश्वर राईले लोकमार्ग सञ्चालनमा आएयता आन्तरिक पर्यटकको आगमनमा वृद्धि भएको बताए । तर, उदयपुरमा एक रात बस्ने गरी पर्यटकको बसाइ लम्ब्याउन भने अझै पनि नसकिएको उनको भनाइ छ । 'दुई वर्षअघि लोकमार्गमा खाने र बस्ने सुविधाको होटेल सीमित ठाउँमा मात्र उपलब्ध थियो । अहिले रिसोर्ट, चिया-चौतारी र भोजनालय प्रशस्त खुलेका छन् । सवारीसाधन मर्मत केन्द्र, विद्युतीय सवारी चार्जिङ स्टेसनलगायतका अन्य सुविधा पनि धेरै खुलिसकेका छन्,' उनले भने ।

लोकमार्गले पहाडी र तराई क्षेत्रलाई जोडेर व्यापार, पर्यटन र स्थानीय आवागमनलाई सहज बनाएको मुकुर्चीस्थित क्वालिटी होटेलका सञ्चालक रमेश कार्कीले बताए । 'पूर्व र पश्चिमबाट आउने यात्रुको खाने र बस्ने व्यवस्था उदयपुर खण्डका होटेलमा हुने गरेको छ,' उनले भने । उदयपुर उद्योग वाणिज्य संघ, कटारीका पूर्वउपाध्यक्ष मदन कटुवाललेे होटेल व्यवसायबाट प्राप्त राजस्वले स्थानीय तहको आयमा पनि ठुलो वृद्धि भएको बताए । होटेलहरूले स्थानीय कृषि उत्पादनहरू धान, मकै, कोदो, भटमास, तरकारी, फलफूल र मासुजन्य वस्तुको खपत बढाएका छन् । त्यसैले स्थानीय किसानलाई आफ्नो उत्पादन बेच्न सहज भएको गाईघाटका कृषक शिव दाहालले बताए । 'हामीले उत्पादन गरेको तरकारी र फलफूल बिक्री गर्न टाढा बजार खोज्न जानुपर्दैन । गाउँमै होटेलवालाले किन्छन्,' उनले भने ।



मदन भण्डारी लोकमार्गमा पर्ने बेलका नगरपालिकाको कोशी चतराधाम

जिल्ला प्रशासन कार्यालय उदयपुरका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुईंटेलले लोकमार्गले उदयपुरको आर्थिक क्षेत्रमा आमूल परिवर्तन ल्याएको बताए । उनले गुणस्तर सुधारका लागि सचेत गराउन होटेल, रेस्टुरेन्ट, र विभिन्न फर्महरूमा निरन्तर अनुगमन भइरहेको बताए ।

नाइमा मोबिलिटी एक्स्पो आज सकिँदै

पाँच दिनमा करिब ९१ हजारले गरे अवलोकन

नयाँ पत्रिका

काठमाडौंको भृकुटीमण्डपमा आयोजित सवारीसाधनको एक्स्पो 'नाइमा मोबिलिटी' आज सोमबार सकिँदै छ। पाँच दिनदेखि जारी पहिलो संस्करणको 'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२५' ले सोमबार औपचारिक कार्यक्रमसहित बिट मार्दै छ।

गत बुधबारदेखि भृकुटीमण्डपमा सुरु भएको 'नाइमा मोबिलिटी एक्स्पो' आइतबारसम्म आयोजना हुने तय गरिएको थियो। तर, मोबिलिटी एक्स्पोमा अपेक्षा गरेभन्दा बढी दर्शक आएपछि प्रदर्शनी अवधि एक दिन थपिएको थियो। आयोजक नेपाल अटोमोबाइल इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चर्स एसोसिएसन (नाइमा)ले अवलोकनकर्ताको उपस्थिति बढेपछि एक्स्पो अवधि एक दिन थपेर सोमबारसम्म सञ्चालन गर्ने निर्णय गरेको थियो। सोहीअनुसार २६ साउनमा एक्स्पो सकिँदै छ।

एक्स्पोको पाँचौँ दिनसम्म अवलोकनकर्ताको भिड बाक्लो देखिएको छ। विभिन्न किसिमका सवारीसाधन अवलोकन गर्ने, सोधपुछ गर्ने, बुकिङ गर्ने, साथै खरिद गर्नेहरूको घुइँचो रहेको आयोजकले जनाएको छ। आइतबार २२ हजार अवलोकनकर्ता एक्स्पोमा सहभागी भएको



आयोजकले जानकारी दिएको छ। प्रदर्शनीको पहिलो दिन १५ हजार, दोस्रो दिन १३ हजार पाँच सय, तेस्रो दिन १९ हजार पाँच सय र शनिबार २१ हजार पाँच सय अवलोकनकर्ताले नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२५ मा सहभागिता जनाएको आयोजकले जनाएको छ।

नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२५ मा ५० भन्दा बढी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ब्रान्ड सहभागी छन्। ४८ वटा स्टल रहेको एक्स्पोमा २१ वटा कार ब्रान्ड, १८ वटा दुईपाग्रे ब्रान्ड र आठवटा व्यावसायिक सवारी ब्रान्ड सहभागी छन्।

एक्स्पोमा सवारीसाधनको बुकिङ तथा खरिदमा विभिन्न खालका छुट तथा सुविधाका योजना राखिएका छन्। प्रदर्शनीको टिकट खल्ती बाई आइएमईमा उपलब्ध छ। प्रदर्शनी अवलोकन गर्न चाहने विद्यार्थीलाई एक सय र सर्वसाधारणलाई दुई सय रुपैयाँ टिकट शुल्क तोकिएको आयोजकले जनाएको छ।

फोटोन नेपालको मनसुन अफर



स्पेयर पार्टस्मा १५ प्रतिशत छुट, चालकको निःशुल्क स्वास्थ्य परीक्षण

काठमाडौं/ फोटोन नेपालले मेगा मनसुन क्याम्प सुरु गरेको छ। जसअनुसार देशभर रहेका फोटोनका आधिकारिक सर्भिस सेन्टरमा स्पेयर पार्टस्मा १५ प्रतिशत छुट तथा चालकको निःशुल्क स्वास्थ्य परीक्षणलगायत सुविधा उपलब्ध गराइने कम्पनीले जनाएको छ।

फोटोन सवारीधनीलाई वर्षायामका चुनौतीपूर्ण परिस्थितिको सामना गर्न, सवारीलाई तयारी अवस्थामा राख्न सहयोग गर्नुका साथै सुरक्षा र उत्कृष्ट प्रदर्शन सुनिश्चित गर्न यो योजना ल्याएको कम्पनीले जनाएको छ। यो योजनाअन्तर्गत पिकअप ट्रक, इलेक्ट्रिक भ्यान, मिनी ट्रकदेखि लिएर हेभी कमर्सियल गाडीसम्मका सबै फोटोन सवारीसाधनलाई समेट्नेछ।

सहभागीले क्याम्प अवधिभर स्पेयर पार्टस्, सर्भिस चार्ज र लुब्रिकेन्टमा १५ प्रतिशतसम्म छुट पाउनेछन्। प्याकेजमा निःशुल्क सवारीवास र ग्रिजिङ सेवासमेत समावेश छ। त्यस्तै, ग्राहकका लागि निःशुल्क आँखाको स्वास्थ्य परीक्षण पनि उपलब्ध हुने कम्पनीले उल्लेख गरेको छ। यसले सवारीसाधन मात्र होइन, चालकको सम्पूर्ण स्वास्थ्यप्रति पनि फोटोनको प्रतिबद्धता मजबुत रहेको देखाउने कम्पनीको भनाइ छ।

मेगा मनसुन सर्भिस क्याम्प दुई महिनासम्म नेपालभरका आधिकारिक सर्भिस नेटवर्कमा सञ्चालन हुनेछ। एमएडब्लू वृद्धि कमर्सियल नेपालमा फोटोनको आधिकारिक वितरक हो। अटोमोबाइलमा फोटोनको छुट्टै पहिचान छ।

महालक्ष्मी विकास र एचडिएफसी बैंकबिच सीमापार भुक्तानी सम्झौता



काठमाडौं/ महालक्ष्मी विकास बैंक र भारतको एचडिएफसी बैंकबिच सीमापार भुक्तानी तथा वित्तीय सेवा प्रवर्द्धन गर्नेबारे सम्झौता भएको छ। समझदारीअन्तर्गत महालक्ष्मी विकास बैंकले ग्राहकले भारतबाट नेपालमा भुक्तानी गर्न मिल्ने प्रणाली सञ्चालनमा ल्याएको हो। यो प्रणाली सञ्चालन गर्नेमा महालक्ष्मी पहिलो विकास बैंक बनेको छ। दुवै बैंकले सम्पूर्ण प्रक्रियागत कार्य गरी परीक्षण कारोबारसमेत गरिसकेका छन्।

एचडिएफसीले प्रयोग गर्दै आइरहेको अत्याधुनिक क्यास म्यानेजमेन्ट सेवाअन्तर्गत सिएमएस चेक कलेक्सन र इलेक्ट्रोनिक क्यास म्यानेजमेन्ट सेवामा महालक्ष्मीले पहुँच प्राप्त गर्नेछ। यसबाट कुनै पनि व्यक्ति वा संस्थाले भारतबाट विभिन्न इलेक्ट्रोनिक माध्यम प्रयोग गरी एचडिएफसी बैंकमार्फत नेपालको महालक्ष्मीको खातामा सीधै रकम जम्मा गर्न सक्नेछन्। यसका साथै भारतमा रहेका अन्य बैंकहरूको चेक जम्मा गरेर पनि नेपाल पैसा पठाउन सकिने बताइएको छ। एचडिएफसीको सम्झौताले नेपाल-भारतबिच सीमापार व्यापार र वित्तीय सेवा प्रदान गर्न सहज हुने विश्वास बैंकले लिएको छ।

टिभिएस रोनिन २२५ को २०२५ संस्करण सार्वजनिक

काठमाडौं/ नेपालका लागि टिभिएस मोटरसाइकलको आधिकारिक वितरक जगदम्बा मोटर्सले 'नाइमा मोबिलिटी एक्स्पो २०२५' मा टिभिएस रोनिनको २०२५ संस्करण सार्वजनिक गरेको छ।

कम्पनीले टिभिएस रोनिन २२५ को २०२५ संस्करण आकर्षक 'मिडनाइट ब्लू' रङमा सार्वजनिक गरेको हो। यो नयाँ संस्करणले प्रिमियम डिजाइन, बहुप्रयोगी प्रदर्शन र आधुनिक राइडर-केन्द्रित सुविधाका कारण मोटरसाइकलप्रेमीको ध्यान तानेको कम्पनीको



दाबी छ। भृकुटीमण्डपमा जारी एक्स्पोको हल 'बी'को स्टल 'एल-३ ए'मा प्रदर्शन गरिएको यस मोटरसाइकल सहरभित्रको दैनिक यात्रादेखि एड्भेन्चर यात्रालाई उपयुक्त बनाउने कम्पनीले जनाएको छ।

स्मार्ट फोनसँग सजिलै जोडिने र नेभिगेसन सहायता दिन, डुअल-च्यानल एबिएस मोडहरू, अपसाइड डाउन (युएसडी) फ्रन्ट फोर्क, एड्जस्टेबल लिभरलगायत फिचरको यस मोटरसाइकलको प्रारम्भिक मूल्य चार लाख ५९ हजार नौ सय तोकिएको छ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०, टोल फ्री नं.: १६६०-०१-०७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

गैर बैकिङ्ग सम्पति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण
१.	चितवन जिल्ला, मेघौली गा.वि.स. वडा नं. ५ ख (हाल भरतपुर म.न.पा. वडा नं. २७) स्थित कित्ता नं. ७८० र ७८१ को क्षेत्रफल क्रमश: १६९.३० र २४२९.६७ (व.मी) को जग्गा ।
२.	रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ६ ख (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ५०७ र ६४९ को क्षेत्रफल क्रमश:०-०-१६ र ०-१-५ (विगाह) को घर/जग्गा।
३.	महोत्तरी जिल्ला, औरही गा.वि.स वडा नं.३/क (हाल औरही न.पा. वडा नं. १) स्थित कित्ता नं. ९२८, ६११ र ९२९ को क्षेत्रफल क्रमश: ०-०-५-०, ०-०-७-० र ०-०-३-० (विगाह) को घर/जग्गा ।
४.	कास्की जिल्ला, रुपाकोट गा.वि.स. वडा नं. १ (हाल पोखरा म.न.पा. वडा नं. ३२) स्थित कित्ता नं. ८८७३, ८९०९ र ८८२४ को क्षेत्रफल क्रमश: ०-५-०-०, ०-६-३-० र ०-६-२-१ (रोपनी) को जग्गा ।
५.	रुपन्देही जिल्ला, मधवनी गा.वि.स वडा नं. ७ (हाल रुपन्देही जिल्ला, लुम्बिनी साँस्कृतिक न.पा. वडा नं. १०) स्थित कित्ता नं. ११२२ क्षेत्रफल ०-०-१४.७५-० (विगाह) को घरजग्गा र कित्ता नं. १३१० को क्षेत्रफल ०-१-१०.७५-० (विगाह) को जग्गा ।
६.	चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं. ०९ (हाल रत्ननगर न.पा. वडा नं. ३) स्थित कित्ता नं. २१६ को क्षेत्रफल ०-१-१५-० (विगाह) को जग्गा ।
७.	काठमाडौं जिल्ला, थली डाँछी गा.वि.स वडा नं. ३ग (हाल काठेश्वरी मनोहरा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ७४ को क्षेत्रफल १२७.१९ (व.मी) को घरजग्गा ।
८.	रौतहट जिल्ला, बगाही गा.वि.स. वडा नं. ७/क (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ३२३ को क्षेत्रफल ०-६-१०-० (विगाह) को जग्गा ।
९.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १/ब (हाल महालक्ष्मी न.पा. वडा नं. २) स्थित कित्ता नं. १६८ र १७२ को क्षेत्रफल १-१२-१-० र १-८-३-० (रोपनी) को जग्गा ।
१०.	रुपन्देही जिल्ला, मधवलिया न.पा. वडा नं. ७/क (हाल तिलोत्तमा न.पा. वडा नं. १६) स्थित कित्ता नं. १५२ को क्षेत्रफल ०-१-७-० (विगाह) को घरजग्गा ।
११.	बारा जिल्ला, निजगाढ गा.वि.स. वडा नं. ८/ख (हाल निजगाढ न.पा. वडा नं. २) स्थित कित्ता नं. १२०१ को क्षेत्रफल ०-२-५-८ (विगाह) को जग्गा ।
१२.	गुल्मी जिल्ला, हाकु गा.वि.स वडा नं. ४ ख स्थित कित्ता नं. ११६ को क्षेत्रफल १७५० ब.मि. को घर/जग्गा ।
१३.	रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६ स्थित कित्ता नं. ११८ को क्षेत्रफल ३४६.३५ (व.मि) को घरजग्गा ।
१४.	सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ख स्थित कित्ता नं. २००७ को क्षेत्रफल ९३.१३ (व.मि.) को घरजग्गा ।
१५.	सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ख स्थित कित्ता नं. २९९८ को क्षेत्रफल ९३.१३ (व.मि.) को जग्गा ।
१६.	सुर्खेत जिल्ला, गोठीकाँडा गा.वि.स. वडा नं. २क स्थित कित्ता नं. २६५४ को क्षेत्रफल ९० (व.मि.) को घरजग्गा ।
१७.	धनुषा जिल्ला, ढल्केवर गा.वि.स. वडा नं. ५/क (हाल मिथिला न.पा. वडा नं. ६) स्थित कित्ता नं. १९२३ को क्षेत्रफल १५४.९३ (व.मि) को घर जग्गा ।
१८.	नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, बन्जरिया गा.वि.स. वडा नं. ९/ख (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. १४० को क्षेत्रफल ०-१६-११-० (विगाह) को घरजग्गा ।
१९.	झापा जिल्ला, चन्द्रगढी गा.वि.स. वडा नं.६ (हाल भद्रपुर न.पा. वडा नं.१०) स्थित कित्ता नं. ८३०७ र ८३२९ को क्षेत्रफल क्रमश: ०-१-४-० र ०-२-०-० (विगाह) को घरजग्गा ।
२०.	तनहुँ जिल्ला, बन्दिपुर गा.पा. वडा नं. ४ स्थित कित्ता नं. ४३२ को क्षेत्रफल ०-३-३-२ (रोपनी) को घरजग्गा ।
२१.	ललितपुर जिल्ला, विष्टछाप गा.वि.स. वडा नं.८/८(ख) (हाल गोदावरी न.पा. वडा नं.२) स्थित कित्ता नं. २२० को क्षेत्रफल ०-८-१-० (रोपनी) को जग्गा ।
२२.	महोत्तरी जिल्ला, १५ नं बहादुरगंज गा.वि.स वडा नं २ ग (हाल बर्दिवास न.पा वडा.नं ८) स्थित कित्ता नं. १३७ को क्षेत्रफल ०-१-२.५-० (विगाह) को घरजग्गा ।
२३.	महोत्तरी जिल्ला, १५ नं बहादुरगंज गा.वि.स वडा नं ३ ग (हाल बर्दिवास न.पा वडा.नं ८) स्थित कित्ता नं. ४६ को क्षेत्रफल ०-१-० (विगाह) को जग्गा ।
२४.	पर्सा जिल्ला, मजाडिया पिप्रा गा.वि.स. वडा नं. ५ गा (हाल वीरगंज उ.म.न.पा. वडा नं. १४) स्थित किता नं. ५१ को क्षेत्रफल ०-०-१० (विगाह) को घर/जग्गा ।
२५.	सिरहा जिल्ला, फुलकाहाकट्टी गा.वि.स. वडा नं. ४ ख (हाल धनगढीमाई न.पा. वडा नं. ६) स्थित कित्ता नं. ६०८, ८७३, ९४८ र ९४९ को क्षेत्रफल क्रमश: ०-१-१५-०, ०-५-०-०, ०-६-०-० र ०-१-१८-० (विगाह) को जग्गा ।
२६.	चितवन जिल्ला, वीरेन्द्रनगर गा.वि.स. वडा नं. ७ ख (हाल राप्ती न.पा. वडा नं. ९) स्थित किता नं. ७६० को क्षेत्रफल ०-१-१६.७५-० (विगाह) को जग्गा ।
२७.	कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ६ स्थित कित्ता नं. १४५ को क्षेत्रफल ३२२.६० (ब.मि.) को घरजग्गा ।
२८.	बारा जिल्ला, भगवानपुर गा.वि.स. वडा नं. ८ (हाल आदर्श कोतवाल गा.पा. वडा नं. १) स्थित कित्ता नं. ५८४ को क्षेत्रफल ०-१०-० (विगाह) को जग्गा ।
२९.	पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १ (हाल वीरगंज म.न.पा. वडा नं. १) स्थित कित्ता नं. १०५ को क्षेत्रफल १५६.६ (व.मी.)को घरजग्गा ।
३०.	महोत्तरी जिल्ला वहादुरगंज उ.म.न.पा./गा.वि.स. वडा नं. ६क हाल महोत्तरी जिल्ला, गौशाला न.पा वडा नं. ०८ स्थित कित्ता नं. १३५ को क्षेत्रफल ०-१६-९-० (विगाह) को जग्गा ।
३१.	कपिलवस्तु जिल्ला, गजेडहा गा.वि.स. वडा नं. ५ (हाल बाणगंगा न.पा. वडा नं. ३) स्थित कित्ता नं. ९८ को क्षेत्रफल ५००.२५ (व.मि) को घरजग्गा ।
३२.	सुनसरी जिल्ला, भैरौल गा.वि.स वडा नं. ४/ग स्थित कित्ता नं. १७७३ को क्षेत्रफल ०-०-१५.२५ (विगाहा) को घरजग्गा ।
३३.	सुनसरी जिल्ला, भैरौल गा.वि.स वडा नं. ४/ग स्थित कित्ता नं. १६०६, १६०३ र १४७४ को क्षेत्रफल क्रमश: ०-०-१०, ०-०-१२.५ र ०-१-० (विगाह)को घरजग्गा ।
३४.	कास्की जिल्ला, रुपाकोट गा.वि.स. वडा नं. १ (हाल पोखरा न.पा. वडा न. ३२) स्थित कित्ता नं. ६४८३ र ८७१४ को क्षेत्रफल क्रमश: ०-२-०-२ र ०-४-३-३ (रोपनी) को घरजग्गा ।
३५.	मकवानपुर जिल्ला, बसामाडी गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. ४४१३ को क्षेत्रफल ०-३-२-० (विगाहा) को जग्गा ।
३६.	मकवानपुर जिल्ला, बसामाडी गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. १८३५ को क्षेत्रफल ०-८-४-० (विगाहा) को जग्गा ।
३७.	रुपन्देही जिल्ला, गांगोलिया गा.वि.स. वडा नं. ७क स्थित कित्ता नं. १०८ को क्षेत्रफल ०-९-१३-० -विगाहा) को जग्गा ।
३८.	नवलपरासी (ब.सु.पु) जिल्ला, सिसबार गा.वि.स. वडा नं.५ग स्थित कित्ता नं ७३२ को क्षेत्रफल ०-५-१०-० (विगाह) जग्गा ।
३९.	नवलपरासी (ब.सु.पु) जिल्ला, सिसबार गा.वि.स. वडा नं.५ग स्थित कित्ता नं ७३४ को क्षेत्रफल ०-१-८.७५-० (विगाह) जग्गा ।
४०.	नवलपरासी (ब.सु.पु), जिल्ला, सिसबार गा.वि.स. वडा नं.५ग स्थित कित्ता नं ७३५ को क्षेत्रफल ०-१-१९.७५-० (विगाह) जग्गा ।
४१.	रौतहट जिल्ला, मर्यादपुर गा.वि.स. वडा नं. २ (हाल मौलापुर न.पा. वडा नं. ९) स्थित कित्ता नं. ४३६ र ४३८ को क्षेत्रफल क्रमश: ०-१-८-० र ०-१-१२-० (विगाह) को जग्गा ।
४२.	झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ११५७ को क्षेत्रफल ००२६६.६५ (व.मि) को घरजग्गा ।
४३.	मकवानपुर जिल्ला, हटिया गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ३७८०, ३७७९ र ४५१२ को क्षेत्रफल क्रमश: २७०.८८, ११८.५१ र ६२६.४४ (व.मी)को जग्गा ।
४४.	रौतहट जिल्ला, विश्रामपूर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ९१० र ९११ को क्षेत्रफल क्रमश : ०-५-१५ र ०-५-१५ (विगाहा) को जग्गा ।
४५.	रौतहट जिल्ला, विश्रामपूर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. १२४९ को क्षेत्रफल ०-४-१४ (विगाहा) को जग्गा ।
४६.	सर्लाही जिल्ला, पत्थरकोट गा.वि.स. वडा नं. ९ ख स्थित कित्ता नं. ४४५८ र ३५२० को क्षेत्रफल क्रमश: ०-०-१-५ र ०-०-५-० (विगाह) को घरजग्गा ।
४७.	रौतहट जिल्ला, पथराबुधराम गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. २०२ को क्षेत्रफल ०-९-२ (विगाहा) को जग्गा ।
४८.	पर्सा जिल्ला, बगाही गा.वि.स. वडा नं. ९ग स्थित कित्ता नं. ६८ को क्षेत्रफल ०-२-०-० (विगाह) को जग्गा ।
४९.	झापा जिल्ला, हल्दिबारी गा.पा. वडा नं. २ख स्थित कित्ता नं. ३६६४ को क्षेत्रफल ०-१२-१२-० (बिगाह) को जग्गा ।
५०.	सर्लाही जिल्ला, ईश्वरपुर गा.वि.स. वडा नं. ३ग स्थित कित्ता नं. ३२१ को क्षेत्रफल ०-४-० (विगाह) को जग्गा ।
५१.	धनुषा जिल्ला, बैंगा डावर गा.वि.स. वडा नं. ८क स्थित कित्ता नं. ४३२ र ४३४ को क्षेत्रफल क्रमश: ०-१-१७-० र ०-२-०-० (विगाह) को जग्गा ।
५२.	चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं. ६/६ क (हाल खैरहनी न.पा. वडा नं. ५) स्थित कित्ता नं. ८४८, ८४९, ८५२, ९२६ र ९२७ को क्षेत्रफल क्रमश: ०-४-१९.५-०, ०-०-३-०, ०-०-६.५-०, ०-५-०.५-० र ०-१-५.५-० (विगाह) को जग्गा ।
५३.	भक्तपुर जिल्ला, कटुञ्जे गा.वि.स. वडा नं. ३ (हाल सूर्यविनायक न.पा. वडा नं. ५) स्थित कित्ता नं. ११६३ र ११७७ को क्षेत्रफल क्रमश: २५४.३२ र ३२५.८५ (व.मि) को जग्गा ।
५४.	रुपन्देही जिल्ला, आनन्दवन गा.वि.स. वडा नं. २ क (हाल तिलोत्तमा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ४०२४ र ४०३० को क्षेत्रफल क्रमश: ०-०-५-० र ०-०-५-० को घरजग्गा ।
५५.	सिरहा जिल्ला, विष्णुपुर प्र.म. गा.वि.स. वडा नं. ९ (हाल विष्णुपुर गा.पा. वडा नं. १) स्थित कित्ता नं. १०८९, १०९०, १०९१ र १०९२ को क्षेत्रफल क्रमश ०-०-१२.५, ०-०-१२.५, ०-०-२.२५ र ०-०-२.२५ (विगाह) को घरजग्गा ।
५६.	चितवन जिल्ला, गुन्जनगर गा.वि.स. वडा नं. ८ (हाल भरतपुर म.न.पा. वडा नं. १७) स्थित कित्ता नं. ३३१ र ३३८ को क्षेत्रफल क्रमश: ३३८.६३ र ५०७.९४ (व.मि) को जग्गा ।
५७.	चितवन जिल्ला, गुन्जनगर गा.वि.स. वडा नं. ८ ग (हाल भरतपुर म.न.पा. वडा नं. १७) स्थित कित्ता नं. ३५६ को क्षेत्रफल २७०.४७ (व.मि) को जग्गा ।
५८.	तनहुँ जिल्ला, ढोरफिर्दी गा.वि.स. वडा नं. ७ क स्थित कित्ता नं. ३३८ को १-११-१-१ (रोपनी) को घरजग्गा ।
५९.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, ढल्केवर गा.वि.स. वडा नं. ५/क (हाल मिथिला न.पा. वडा नं. ६) स्थित कित्ता नं. ८६५ को क्षेत्रफल ०-१-४-० (विगाह) को जग्गा ।
६०.	मकवानपुर जिल्ला, रातोमाटे गा.वि.स. वडा नं. ३ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. १५) स्थित कित्ता नं. २६४३ को क्षेत्रफल ०-१-०-० (विगाह) को घरजग्गा ।
६१.	सर्लाही जिल्ला, सिसौटिया गा.वि.स. वडा नं. ५ (हाल गोडैता गा.वि.स. वडा नं. १०) स्थित कित्ता नं. ६८ को क्षेत्रफल ०-४-४-० (विगाह) को घर/जग्गा ।
६२.	सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. १ (हाल गोलबजार न.पा. वडा नं. ८) स्थित कित्ता नं. ७७२ र ३१२० क्षेत्रफल क्रमश: ४२.३३ र २११.६३ (व.मि) को घरजग्गा ।
६३.	सिन्धुली जिल्ला, महेन्द्र सदाभिर गा.वि.स./उ.म.न.पा. वडा नं. ५ क (हाल दुधौली न.पा. वडा नं. २) स्थित कित्ता नं. ८५ र ८६ को क्षेत्रफल क्रमश: ०-५-१४-० र ०-६-६-२ (विगाह) को जग्गा ।
६४.	सिन्धुली जिल्ला, महेन्द्र सदाभिर गा.वि.स./उ.म.न.पा. वडा नं. ४ ख (हाल दुधौली न.पा. वडा नं. २) स्थित कित्ता नं. १२४० को क्षेत्रफल ०-९८-३-० (विगाह) को जग्गा ।
६५.	धनुषा जिल्ला, सखुवा गा.वि.स. वडा नं. ६ घ (हाल क्षीरेश्वरनाथ न.पा. वडा नं. ६) स्थित कित्ता नं. १०२५ को क्षेत्रफल ०-०-१४-८ (विगाह) को घरजग्गा ।
६६.	धनुषा जिल्ला, धनुषा गोविन्दपुर गा.वि.स. वडा नं. ४/क (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ५७९ को क्षेत्रफल १-०-०-० (विगाहा) को जग्गा ।
६७.	धनुषा जिल्ला, धनुषा गोविन्दपुर गा.वि.स. वडा नं. २/क (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ९८७ को क्षेत्रफल ०-११-० (विगाहा) को जग्गा ।
६८.	धनुषा जिल्ला, धनुषा गोविन्दपुर गा.वि.स. वडा नं. ४/क (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ५८१ को क्षेत्रफल ०-९-२-१२ (विगाहा) को जग्गा ।
६९.	धनुषा जिल्ला, धनुषा गोविन्दपुर गा.वि.स. वडा नं. ४/क (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ५८२ को क्षेत्रफल ०-७-९-० (विगाहा) को जग्गा ।
७०.	धनुषा जिल्ला, धनुषा गोविन्दपुर गा.वि.स. वडा नं. १ (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ७०० को क्षेत्रफल ०-०-१५-८ (विगाहा) को जग्गा ।
७१.	बारा जिल्ला, अमरपट्टी गा.वि.स. वडा नं. ३८२ को क्षेत्रफल ०-२-०-० (विगाह) को जग्गा ।
७२.	रौतहट जिल्ला, पिप्रा भवानीपुर गा.वि.स. वडा नं. १ (हाल राजपुर न.पा. वडा नं. १) स्थित कित्ता नं. ७०५ को क्षेत्रफल ०-४-१३-८ (विगाह) को जग्गा ।
७३.	कास्की जिल्ला, हेम्जा गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ५३१६ र ५७८८ को क्षेत्रफल क्रमश: ०-३-१-३ र ०-२-२-० (रोपनी) को जग्गा ।
७४.	पर्सा जिल्ला, सिसिर्या ख.टो. गा.वि.स. वडा नं. १ (हाल वीरगंज म.न.पा. वडा नं. २५) स्थित कित्ता नं. १०६ र ६७२ को क्षेत्रफल क्रमश: ३२५.०० र ४६.६६ (व.मि) को जग्गा ।
७५.	तनहुँ जिल्ला, दोरदोर गा.वि.स. वडा नं. ५ (हाल भानु न.पा. वडा नं. १) स्थित कित्ता नं. १४४२ को क्षेत्रफल ५३४.५७ (व.मि) को घरजग्गा ।
७६.	सुनसरी जिल्ला, हांसपोसा गा.वि.स. वडा नं. २ क स्थित कित्ता नं. ३६८१ को क्षेत्रफल ०-०-१०.५०-० (विगाह) को घरजग्गा ।
७७.	रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. १ (हाल बौधीमाई न.पा. वडा नं. २) स्थित कित्ता नं. ६४५ र ६४७ को क्षेत्रफल क्रमश: ०-१-१५-० र ०-०-५-० (विगाह) को जग्गा ।
७८.	बैतडी जिल्ला, पाटन गा.वि.स. वडा नं. २ (हाल पाटन न.पा. वडा नं. २) स्थित कित्ता नं. ७१ को क्षेत्रफल ०-३-३-० (रोपनी) को घरजग्गा ।
७९.	रौतहट जिल्ला, देवाही गा.वि.स. वडा नं. १ (हाल देवाही गोनाही न.पा. वडा नं. ३) स्थित कित्ता नं. ७१४ को क्षेत्रफल ०-१-०-० (विगाह) को जग्गा ।
८०.	रौतहट जिल्ला, देवाही गा.वि.स. वडा नं. २ (हाल देवाही गोनाही न.पा. वडा नं. ३) स्थित कित्ता नं. ७६४ को क्षेत्रफल ०-०-७-८ (विगाह) को घरजग्गा ।
८१.	मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ०६ (हेटौंडा उ.म.न.पा. वडा नं. १३) स्थित कित्ता नं. ४०१ को क्षेत्रफल ०-८-५-० (विगाह) को जग्गा ।
८२.	मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ०८ (हेटौंडा उ.म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. १९२५ को क्षेत्रफल ०-३-०-० (विगाह) को जग्गा ।
८३.	मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ०६ (हेटौंडा उ.म.न.पा. वडा नं. १३) स्थित कित्ता नं.८२५ को क्षेत्रफल ०-३-९.५-० (विगाह) को घरजग्गा ।
८४.	नवलपरासी जिल्ला, सिसवार गा.वि.स. वडा नं. १ क स्थित कित्ता नं. १६२७ को क्षेत्रफल ०-१६-१७.५-० (विगाह) को जग्गा ।
८५.	नवलपरासी जिल्ला, रजहर गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. ६५३ को क्षेत्रफल ०-५-०-० (विगाह) को जग्गा ।
८६.	रौतहट जिल्ला, पुरेनवा गा.वि.स वडा नं. ९ (हाल गौर न.पा. वडा नं. ४) स्थित कित्ता नं. ८६५, ९२८, १२०६, १२०८, १२०४ र १०४७ को क्षेत्रफल क्रमश: ०-०-१०-०, ०-०-९-०, ०-०-२-८, ०-०-१-८, ०-०-३-८ र ०-१-०-० (विगाह) को घर/जग्गा ।
८७.	भक्तपुर जिल्ला, ताथली गा.वि.स. वडा नं. ४ क (हाल चौंगुनारायण न.पा. वडा नं. ९) स्थित कित्ता नं. २२७ को क्षेत्रफल १-२-३-० (रोपनी) को जग्गा ।
८८.	काठमाण्डौ जिल्ला, काम्ग्रेस्थली गा.वि.स. वडा नं. ७ क (हाल तारकेश्वर न.पा. वडा नं. २) स्थित कित्ता नं. ६३७ को क्षेत्रफल १-६-२-२ (रोपनी) को जग्गा ।
८९.	पर्सा जिल्ला, बहुअर्वा भाठा गा.वि.स. वडा नं. २ ग (हाल विन्दवासिनी गा.पा. वडा नं. २) स्थित कित्ता नं. ७३७ को क्षेत्रफल ०-०-१७-४ (विगाह) को घरजग्गा ।
९०.	सिरहा जिल्ला, विष्णुपुर प्र.म. गा.वि.स. वडा नं. ६/ख (हाल विष्णुपुर गा.पा. वडा नं. १) स्थित कित्ता नं. ३१९ र ३९३८ को क्रमश: ०-१-९-० र ०-०-८१/४-० (विगाह) को घर/जग्गा ।
९१.	चितवन जिल्ला, श्रिपुर गा.वि.स. वडा नं. ९ (हाल भरतपुर म.न.पा. वडा नं. ५) स्थित कित्ता नं. १२२९ को क्षेत्रफल १६९३.१६ (व.मि) को जग्गा ।
९२.	धनुषा जिल्ला, तेजनगर गा.वि.स. वडा नं. १ क (हाल धनुषाधाम न.पा. वडा नं. ३) स्थित कित्ता नं. ३८४०, ३८४१, ३८४२, ४०४७, १३३९, ६५२ र ३३६० को क्षेत्रफल क्रमश: ०-०-४-६.५, ०-०-१८-२.५, ०-०-१२-०, ०-०-१८-०, ०-०-१३-९, ०-०-११-८ र ०-०-३-० (विगाह) को घर/जग्गा ।
९३.	धनुषा जिल्ला, तेजनगर गा.वि.स. वडा नं. १ क (हाल धनुषाधाम न.प

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०

नयाँ पत्रिका

यू-२० महिला एसियन कप छनोट

उत्तर कोरियासँग फराकिलो हारसँगै नेपालको सम्भावना समाप्त



अंक तालिका

टिम	खेल	जित	बराबर	हार	गोलअन्तर	अंक
उत्तर कोरिया	३	३	०	०	३६	९
नेपाल	३	१	१	१	२	४
साउदी अरब	३	१	०	२	२	३
भुटान	३	०	१	२	२	१

नयाँ पत्रिका

तीनपटकको विश्वकप विजेता उत्तर कोरियासँग ११-० ले पराजित भएपछि नेपालको एफसी यू-२० एसियन कपको यात्रा छनोट चरणमै सीमित भएको छ। समूह 'ए'को विजेताका रूपमा उत्तर कोरियाले अर्को वर्ष थाइल्यान्डमा हुने एएफसी यू-२० एसियन कप प्रतियोगितामा स्थान पक्का गरेको छ। साबिक विजेता उत्तर कोरियाले समूहका तीनवटै खेल जितेको छ। भुटानमा सञ्चालित छनोटमा उत्तर कोरियाले पहिलो खेलमा साउदी अरेबियालाई १५-० र आयोजक भुटानलाई १०-० ले हराएर आफ्नो शक्ति देखाएको थियो।

एसियन कपमा स्थान पक्का गर्न नेपालले बलियो प्रतिद्वन्द्वी उत्तर कोरियालाई हराउँदा पनि काफी थियो। तर, फराकिलो हारले नेपालको एसियन कप खेल्ने सपना अधुरो रह्यो। नेपाल खेल अवधिभर निरीह नै देखियो। नेपालका मुख्य प्रशिक्षक यामप्रसाद गुरुङले उत्तर कोरियासँग कम गोल खाने रणनीति अपनाएका थिए। नेपालका डिफेन्डर विपक्षीको आक्रमण रोक्नमै व्यस्त देखिए।

डिफेन्सिभ खेल्ने योजना बनाएका नेपालका प्रशिक्षक गुरुङले उत्तर कोरियाविरुद्ध टोलीमा चार परिवर्तन गर्दै ५-३-२ को बलियो रक्षात्मक फर्मेसन प्रयोग गरेका थिए। तर, नेपालले कुनै पनि समय विपक्षी पोस्टमा आक्रमण बुन्न सकेन। भुटानको थिम्पुस्थित चाङ्लिमिथाङ रंगशालामा उत्तर कोरियाले पहिलो हाफमा पाँच तथा दोस्रो हाफमा थप ६ गोल गरेको थियो। नेपालकी गोलरक्षक लीला जोशीले केही सुन्दर प्रहार रोक्दा नेपालले थप गोल बेहोर्नुपरेन।

कोरियाका दुई खेलाडीले ह्याट्रिक गरे। क्योङ एक्लैले पाँच तथा चोई जोङ गुमले तीन गोल गरेका थिए। नेपालका प्रशिक्षक गुरुङले बलियो उत्तर कोरियासँग सोचेभन्दा धेरै गोल बेहोरेको बताए। उनले रक्षात्मक खेलमा पनि सफल नभएको प्रतिक्रिया दिए। 'उत्तर कोरिया बलियो टोली हो। रक्षात्मक खेल खेले पनि धेरै गोल भयो,' उनले भने।'

विपक्षीको गोल रोक्ने योजना सफल भएन

● **यामप्रसाद गुरुङ**, प्रशिक्षक, नेपाल



उत्तर कोरियाविरुद्धको खेलमा गोल रोक्ने योजना बनाएका थियौं। तर, धेरै गोल व्यहोर्न पुग्यौं। समग्रमा कम गोल खाने योजना थियो। विपक्षीविरुद्ध रक्षात्मक खेल्ने योजना थियो। तर, उनीहरूले धेरै हाई प्रेसिङ खेल खेले। राम्रो टिमसँग खेल्दा खेलाडीलाई गाह्रो भयो। बलियो टिमसँग खेलाडीले धेरै राम्रो खेलेका छन्।

सन् २००४ मा १९-० को हार

उत्तर कोरियासँग नेपाल पहिलोपटक फराकिलो अन्तरले पराजित भएको होइन्। सन् २००४ मा नेपालले एएफसी यू-१९ महिला एसियन च्याम्पियनसिप प्रतियोगिताको अन्तिम चरण खेलेको थियो। एसियन फुटबल महासंघ (एएफसी)ले त्यसवेला छनोट नभएर सिधै सहभागी टोलीलाई एसियन कप खेलाउने प्रावधान बनाएको थियो। यसै प्रावधानअनुसार नेपालले सिधै अन्तिम चरण खेल्ने मौका पाएको थियो।

नेपाल समूह 'डी'मा थियो। यस समूहमा उत्तर कोरिया, थाइल्यान्ड र उज्वेकिस्तान थिए। नेपालको पहिलो खेल नै उत्तर कोरियासँग थियो। जसमा नेपाल १९-० को फराकिलो अन्तरले पराजित भएको थियो। नेपाल थाइल्यान्डसँग ६-१ र उज्वेकिस्तानबाट ४-१ ले पराजित भयो। नेपालले २१ वर्षअघि खेलेको एसियन कपमा कुल २९ गोल व्यहोर्दा दुई गोल मात्र विपक्षीविरुद्ध गरेको थियो।

शीर्ष स्थानमा उत्तर कोरिया

तीनवटै खेलमा सानदार जित निकालेको उत्तर कोरिया समूह 'ए'मा ९ अंकका साथ एसियन कपमा छनोट भयो। नेपालले तीन खेलमा चार अंक जोड्दै दोस्रो स्थान रक्षा गरेको छ। नेपालले उत्कृष्ट उपविजेताका रूपमा एसियन कप स्थान पक्का गर्ने अवसरसमेत गुमाएको छ। नेपालले आफ्नो पहिलो खेलमा घरेलु टोली भुटानसँग १-१ को बराबरी खेलेको थियो। ३८ सेकेन्डमै गोल गरे पनि नेपालले भुटानसँग अंक बाँडेको थियो। दोस्रो खेलमा नेपालले साउदी अरेबियाविरुद्ध १-० को जित हासिल गरेको थियो। नेपालले नयाँ प्रतिद्वन्द्वी साउदी अरेबियामाथि जित निकाल्दा खेलकै अन्तिम मिनेटमा गोल गरेको हो।

भारत र बंगलादेश छनोट

दक्षिण एसियाबाट बंगलादेश र भारत एएफसी महिला यू-२० एसियन कपमा छनोट भएका छन्। छनोटअन्तर्गत आइतबार समूह 'एच'को अन्तिम खेलमा दक्षिण कोरियासँग ६-१ ले पराजित भए पनि बंगलादेश छनोट चरण पार गर्न सफल रह्यो। यो समूहबाट दक्षिण कोरिया अपराजित रहँदै सिधै छनोट भयो। दक्षिण कोरियाले ९ अंक जोड्यो।

बंगलादेश शीर्ष तीन उत्कृष्ट उपविजेता बन्दै एसियन कपमा छनोट भएको हो। बंगलादेशले लाओसलाई ३-१ र टिमोर लिस्टेलाई ८-० ले हराएको थियो। विपक्षी पोस्टमा १२ गोल गरेको बंगलादेशले सात गोल खायो। यसैगरी, भारतले समूह 'डी'को अन्तिम खेलमा म्यानमारलाई १-० ले हराउँदै एसियन कपमा स्थान पक्का गरेको छ। भारत प्रतियोगिताभर अपराजित रह्यो। इन्डोनेसियासँग गोलरहित बराबरी खेलेको भारतले तुर्केमिस्तानलाई ७-० ले पराजित गरेको थियो।

क्यानले पायो जर्सीमा वार्षिक दुई करोडभन्दा धेरैको प्रायोजक



नासा सेक्युरिटिजसँग क्यानले तीन वर्षका लागि सात करोड रुपैयाँबराबरको सम्झौता गऱ्यो

तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

नयाँ पत्रिका

नेपाल क्रिकेट संघ (क्यान)ले नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीको मुख्य प्रयोजक पाएको छ। क्यानले सेयर ब्रोकर कम्पनी नासा सेक्युरिटिजसँग तीन वर्षका लागि सम्झौता गरेको हो। दुई पक्षबिच वार्षिक २.३६ करोड रुपैयाँको सम्झौता भएको छ। नासाले जर्सी प्रायोजन गरेबापत क्यानलाई तीन वर्षका लागि सात करोड रुपैयाँ दिनेछ। क्यानले जर्सी प्रायोजन टेन्डरमा न्यूनतम मूल्य दुई करोड रुपैयाँ राखेको थियो। अब नेपाली टोलीले अस्ट्रेलियामा हुने टी-२० सिरिजमा नयाँ जर्सी प्रयोग गर्नेछ। क्यानका अनुसार नेपालको जर्सीमा नासा सेक्युरिटिजको लोगो राखिएको छ। आइतबार एक कार्यक्रमबिच नयाँ जर्सीसमेत लन्च गरिएको थियो।

राखेप सदस्यसचिव टंकलाल घिसिङ, क्यान अध्यक्ष चन्द र नासाका म्यानेजिङ डिरेक्टर मदन पौडेलले संयुक्त रूपमा जर्सी अनावरण गरेका हुन्। सम्झौतामा क्यानका अध्यक्ष चन्द, क्यानकै जनरल म्यानेजर उत्सव ढुंगाना, नासाका म्यानेजिङ डिरेक्टर मदन पौडेल र नासाका अनिल श्रेष्ठले हस्ताक्षर गरेका छन्। क्यानका सचिव पारस खड्काले बिडिङ प्रक्रियाबाट नासा छनोट भएको बताउँदै तीनवर्षे सम्झौता गरिएको जानकारी दिए। उनले यो ऐतिहासिक सम्झौता भएको समेत बताए।



राजवंशीको स्थानमा साहब

अस्ट्रेलियमा हुने टी-२० सिरिजमा नेपालका नियमित खेलाडी ललित राजवंशीको स्थानमा साहब आलमले खेल्ने भएका छन्। यसअघि अस्ट्रेलिया जाने तयारीमा रहेका ललितकी आमाको निधन भएपछि साहबलाई टोलीमा राखिएको हो। क्यानका सचिव खड्काका अनुसार ललितको आमाको निधन भएपछि साहबलाई टोलीमा बोलाइएको हो। ललितको आमाको आइतबार निधन भएको थियो।

अस्ट्रेलियाको सिरिजबाट टी-२० विश्वकपको तयारी

नेपाली राष्ट्रिय क्रिकेट टोली सोमबार अस्ट्रेलियाको डार्बिनतर्फ जाँदै छ। डार्बिनमा १४ अगस्टदेखि हुने टप एन्ड टी-२० सिरिजमा सहभागी हुन नेपाली टोली त्यसतर्फ जान लागेको हो। सिरिजमा नेपालले अस्ट्रेलियाको बिग बास टोलीका एकेडेमी टोलीसहित पाकिस्तान र बंगलादेशका 'ए' टोलीसँग प्रतिस्पर्धा गर्नेछ। नेपालले यस वर्षको अक्टोबरमा ओमानमा हुने आइसिसी पुरुष टी-२० विश्वकपको एसिया तथा पूर्वी एसिया-प्रशान्त क्षेत्रको संयुक्त छनोट प्रतियोगिताको तयारीका लागि अस्ट्रेलिया भ्रमण गर्न लागेको हो। नेपालका प्रशिक्षक स्टुअर्ट लले पनि अस्ट्रेलिया भ्रमणले उत्कृष्ट टोली बनाउन सहयोग मिल्ने बताए।

'विश्वकपअघि अस्ट्रेलियामा हुने टी-२० सिरिजले नेपालको तयारी राम्रो हुने विश्वास छ,' आइतबार क्यानले बिदाइ गरेको कार्यक्रममा स्टुवार्टले भने, 'हामी सिरिजबाट एउटा उत्कृष्ट टोली बनाउँछौं।' यसैगरी, कप्तान रोहितकुमार पौडेलले राम्रो टोली भएकाले प्रभावकारी तयारी हुने बताए। नेपालले अस्ट्रेलियामा सिरिज खेलेपछि सेप्टेम्बरमा युएईमा वेस्ट इन्डिजसँग तीन खेलको टी-२० आई सिरिज खेल्दै छ। त्यसपछि नेपाल विश्वकप छनोट खेल्न ओमान जानेछ। ओमानमा नौ टोलीबिच प्रतिस्पर्धा हुनेछ। शीर्ष तीन टोलीले आगामी वर्ष भारत र श्रीलंकामा हुने टी-२० विश्वकपमा स्थान बनाउनेछ।

एन्फा यू-१६ लिगमा एपिएफको सानदार जित

नयाँ पत्रिका

विभागीय टोली एपिएफ फुटबल क्लबले एन्फा यू-१६ युथ लिगमा सातदोबाटो युथ क्लबविरुद्ध ५-० को सानदार जित निकालेको छ।

जितसँगै १३ खेलमा २३ अंक जोडेको एपिएफ आठौं स्थानमा छ। १३ वटै खेलमा हार सामना गरेको सातदोबाटोको शून्य अंक छ। एपिएफलाई जित दिलाउन असिम खड्काले दुई गोल गरे। पूजन ढकाल, आदर्श मेचे र प्रशिष खनालले समान एक गोल गरे।

खेलको १२औं मिनेटमा पूजनको गोलबाट एपिएफले १-० को अग्रता लियो। खेलको ४३औं मिनेटमा आदर्शले एपिएफलाई २-० को अग्रता दिलाए। खेलको ४५औं मिनेटमा असिमले गोल गर्दा एपिएफ पहिलो हाफमै ३-० को स्थितिमा पुग्यो। प्रशिषले ५१औं मिनेटमा गोल गर्दा एपिएफ ४-० ले अगाडि बढ्यो। खेलको ८०औं मिनेटमा असिमले व्यक्तिगत दोस्रो गोल गरे।

यसैगरी, आइतबारकै अर्कोको खेलमा नेपाल पुलिस क्लबले जावलाखेल युथ क्लबमाथि ३-० को सहज जित दर्ता गरेको छ। जितसँगै शीर्ष स्थानमा रहेको पुलिसले १३ खेलमा ३४ अंक जोडेको छ। पुलिसलाई जित दिलाउन समीर कुमारले दुई तथा प्रसन राईले एक गोल गरे। खेलको ३५औं मिनेटमा प्रसनले पुलिसलाई १-० अग्रता दिलाए। दिनको पहिलो खेलमा संकटा र हिमालयन शेर्पा १-१ को बराबरीमा रोकिए।

खेल संक्षेप

पिस प्वाइन्टलाई फुटसल उपाधि

काठमाडौं/ पिस प्वाइन्टले अपराजित रहँदै प्याब्सन काठमाडौं छात्र फुटसल प्रतियोगिताको उपाधि जितेको छ। आइतबार भएको फाइनलमा पिस प्वाइन्टले एक्टिभलाई ७-१ ले हरायो। पिस प्वाइन्टका प्रज्ञान राईले ह्याट्रिक गरेका थिए। प्रतियोगितामा शुभकामनाले ह्वाइट हेभनलाई ३-१ गोलले हराउँदै तेस्रो स्थान रक्षा गऱ्यो। विजेताले २५ हजार र उपविजेताले १५ हजार रुपैयाँ पाएको काठमाडौं महानगर प्याब्सनका सचिव आरसी भट्टले जनाएका छन्।

दुबल टिम च्याम्पियन

काठमाडौं/ टोखाको दुबल एस फिटनेस डोजो गोर्खा खुकुरी मार्सल आर्टस् अन्तरटोखा-तार्केश्वर नगरस्तरीय प्रतियोगितामा टिम च्याम्पियन बनेको छ। दुबलले आठ स्वर्ण, चार रजत र एक कांस्य जितदै टिम च्याम्पियन बनेको आयोजक गोर्खा खुकुरी मार्सल आर्टस् संघले जनाएको छ। टोखा- ८ स्थित निर्मल वाटिका फुटसलमा भएको प्रतियोगिताको पुरुषमा पुस्कर रोकाया, नीराजन बोहरा, युवराज खड्का, प्रेम नगरकोटी र राजकुमार तामाङ उत्कृष्ट फाइटर घोषित भए। महिलाको खुला तौलसमूहमा पूजा सन्ज्याल र रविना लामा तथा सिनियरमा सुप्रिमा धामी उत्कृष्ट चुनिए। एकदिने प्रतियोगितामा १५० खेलाडीले १२ स्पर्धामा प्रतिस्पर्धा गरेको आयोजक संघले जनाएको छ।

ताप्लेजुङ गोल्डकपमा सहाराको हार

ताप्लेजुङ/ सहारा क्लब पोखरा तेस्रो अन्तर्राष्ट्रिय आमन्त्रण ताप्लेजुङ गोल्डकप फुटबल प्रतियोगिताबाट बाहिरिएको छ। आइतबार भएको खेलमा झापाको रेड स्टार क्लबले सहारालाई २-० ले पराजित गरेको हो। जितसँगै रेड स्टार सेमिफाइनलमा प्रवेश गरेको छ। झापाका सविन लिम्बूले खेलको ७७औं मिनेट १-० को अग्रता गोल गरे।

खेलको अन्तिम इन्जुरी समयमा सविनले अर्को गोल गरेका थिए। अब झापाको रेड स्टारले सिराहा र पाँचथरमध्ये एकसँग फाइनल प्रवेश खेलमा प्रतिस्पर्धा गर्नेछ। सोमबार भारत र काठमाडौंका टोलीबिच प्रतिस्पर्धा हुने आयोजकले बताएको छ।

भारतसहित नेपालका चार प्रदेशका प्रतिष्ठित क्लबको प्रतियोगितामा सहभागिता रहेको छ। फाइनल ३१ साउनमा हुनेछ। गोल्डकप विजेता टोलीले सात लाख र उपविजेताले तीन लाख ५० हजार रुपैयाँ पाउनेछन्। प्रतियोगिताका उत्कृष्ट खेलाडीले मोटरसाइकल पाउने आयोजक समितिका अध्यक्ष सागर मादेनले जानकारी दिए।

Phedikhola Rural Municipality
Office of Rural Municipal Executive
Phedikhola, Syangja, Gandaki Province, Nepal

Invitation for Bids

Date of publication: August 11, 2025

1. Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja invites electronic bids from Nepalese eligible bidders for the Construction of RCC Frame Structured School Building (First floor) of Maidan Secondary School at Phedikhola-05, Bange, Syangja under contract ID: 28-PRM-W-NCB-082-83. The Estimated Cost of the works is NPR 4,328,729.81 (Exclusive of PS, VAT and Contingencies). Biding is open to all Nepalese bidders under National Competitive Bidding Procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Gandaki Province, Nepal or may visit PPMO website :**www. bolpatra.gov.np/egp.**
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents from Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja or may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document of NPR 3000.00 in the office's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: **Prime Bank Ltd**
   Name of the office: **Office of Rural Municipal Executive, Phedikhola Rural Municipality**
   Office Account No.: **06501000000030800180**
   Rajashwa (Revenue) Shirshak No.; **Ga-1-1**
4. Pre-bid meeting shall not be held.
5. Only electronic bids must be submitted to the Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Gandaki Province, Nepal through PPMO website **www.bolpatra.gov.np/egp** on or before September 11, 2025 within 12:00 hours. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at September 11, 2025 12:00 hrs at the Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Gandaki Province Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NPR 124,000.00 which shall be valid for 30 days beyond the validity period of the bid.. The scanned copy of the bid security in .pdf format should be uploaded at the time of electronic bid submission. Bidder who wishes to submit the bid security in the form of cash, the cash should be deposited in Dharauti account of Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja in account No. 06501000000003600179 at Prime Bank Ltd., Phedikhola, Syangja.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

प्यालेस्टिनी 'पेले' सुलेमानलाई श्रद्धाञ्जली दिँदै भावुक बने सलाह

प्यालेस्टाइनमै फुटबल खेलेर भविष्य बनाउन सकिने विश्वास गरेका पूर्वमिडफिल्डर सुलेमान इजरायली सैनिकको आक्रमणमा मारिए

एजेन्सी

प्यालेस्टाइनको राष्ट्रिय फुटबल टोलीका पूर्वमिडफिल्डर सुलेमान अल आवेदप्रति श्रद्धाञ्जली दिँदै लिभरपुलका स्ट्राइकर मोहमद सलाह भावुक बनेका छन्। इजिप्टका समेत प्लेमेकर रहेका सलाहले गाजा क्षेत्रमा खेलाडीको भविष्य सुरक्षित नभएको बताएका छन्। 'विश्व फुटबलमा केही गर्छु भन्ने फुटबलरलाई अनाहकमा गुमाएका छौं,' सलाहले आइतबार सोसल मिडियामा भनेका छन्, 'प्यालेस्टिनी फुटबल विकासमा उनको योगदान सबैले सम्झिरहनेछन्।'

युद्धग्रस्त क्षेत्रमा युवा खेलाडीलाई खेलप्रति आकर्षित गर्न सुलेमान विभिन्न कार्यक्रम आयोजना गरिरहन्थे। विशेषगरी उनी बालबालिकालाई फुटबलप्रति आकर्षित गराउँथे। 'एक प्रतिभाशाली फुटबलर गुमाउँदा प्यालेस्टाइनमा युवा खेलाडीको भविष्यसमेत अन्योल भएको छ,' सलाहले भने, 'विशेषगरी सुलेमान युवा वर्गमा चर्चित थिए।' प्यालेस्टिनी फुटबलमा सुलेमानलाई 'पेले' मानिन्छ।



सुलेमान अल आवेद



मोहमद सलाह

गत साता दक्षिण गाजामा इजरायली सैनिकको आक्रमणमा सुलेमानको गोली लागेर मृत्यु भएको थियो। प्यालेस्टिनी फुटबल संघले देशकै चम्किला फुटबल खेलाडीको गोली लागेर भएको दुःखद निधनप्रति गहिरो शोक जनाएको छ। 'हामीले हाम्रा 'पेले' गुमाएका छौं। सुलेमान इजरायली सैनिकको गोलीको सिकार भए।'

युवा पिँढीका हिरो सुलेमान

सुलेमानले आफ्नो फुटबल करिअर गाजाको धुलो र धुवाँमा सुरु गरेका थिए। उनले आफू मात्र होइन, कैयौं युवालाई फुटबलमा उज्यालो भविष्यको सपना देखाएका थिए। अक्सर उनले युवा पिँढीका फुटबलरलाई युद्धग्रस्त क्षेत्र भए पनि खेलेर जीवन बिताउन सकिने र यसको भविष्य राम्रो भएको सन्देश दिइरहन्थे। फुटबलमा भविष्य देखाउने व्यक्तिको एउटा मिठो सपना अधुरो भएको संघले जनाएको छ। 'गाजाको गल्ली-गल्लीमा अर्को सुलेमान बनाउने योजनाका साथ उनी अगाडि बढिरहेका थिए,' संघले भनेको छ, 'अब युद्धले त्यस्ता युवाको भविष्य अनिश्चित बनाइदिएको छ। मैदानमा आफ्ना प्रशंसकको मन जित्ने हाम्रा हिरो सुलेमान अब सधैंका लागि हराएका छन्।'

सुलेमानले युद्धग्रस्त क्षेत्र गाजाको खादामत अल-सती क्लबबाट खेलजीवन सुरु गरेका थिए। उनले प्यालेस्टिनी राष्ट्रिय टोलीबाट १९ अन्तर्राष्ट्रिय खेलमा दुई अन्तर्राष्ट्रिय गोल गरेका छन्।

उत्कृष्ट खेल कौशल, मैदानमा देखिने संयम र आत्मविश्वासले उनलाई एकैपटक लोकप्रिय बनायो। सुलेमानले व्यावसायिक क्लबका रूपमा वेस्ट बैंकको अल-अमारी युथ सेन्टरबाट प्रतिस्पर्धा गरेका थिए।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com